# प्रेम रिबुसालको जीवनी, व्यक्तित्व र कृतित्व

**त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र**

**सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको**

**स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ**

**पत्रको प्रयोजनका निम्ति**

**प्रस्तुत**

## शोधपत्र


**शोधार्थी**

**मनिला राई**

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौं


२०७०

## शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको एम.ए. दोस्रो वर्षकी विद्यार्थी श्री मनिला राईले **प्रेम रिबुसालको जीवनी, व्यक्तित्व र कृतित्व** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०७०/५/२५

.....................................

डा. खगेन्द्रप्रसाद लुइटेल

शोधनिर्देशक

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर

# स्वीकृतिपत्र

१. प्रा.डा. देवी प्रसाद गौतम (प्रमुख) ..............................

२. प्रा.डा. खगेन्द्रप्रसाद लुइटेल (शोधनिर्देशक) ..............................

३. नारायणप्रसाद शर्मा गैरे (बाह्य परीक्षक) ..............................

मिति : २०७०/५/३१

शोधपत्र मूल्याङ्कन समिति

## कृतज्ञताज्ञापन


प्रस्तुत शोधपत्र **प्रेम रिबुसालको जीवनी, व्यक्तित्व र कृतित्व** त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्ष नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि मैले आदरणीय गुरु प्रा.डा. खगेन्द्रप्रसाद लुइटेलज्यूको निर्देशनमा तयार पारेकी हुँ । आफ्नो कार्यव्यस्तताका बीच पनि यो शोधपत्र तयारीका सन्दर्भमा प्रेमपूर्वक आवश्यक निर्देशन, सामग्री तथा विविध सल्लाह दिनुहुने गुरूप्रति म सदा कृतज्ञ रहने छु ।

शोधकार्य आफैँमा एउटा जटिल कार्य हो । त्यसमा पनि जीवनी, व्यक्तित्व र कृतित्व विषयको शोधकार्य झनै चुनौतीपूर्ण हुने गर्दछ । यस कार्यको लागि शोधप्रस्ताव स्वीकृत गरी शोधकार्य गर्नका लागि आवश्यक सल्लाह दिई उत्प्रेरित गर्नुहुने गुरुवर्ग तथा प्रस्तुत शोधकार्य गर्न अवसर जुटाइदिने नेपाली केन्द्रीय विभागप्रति पनि म हार्दिक कृतज्ञताज्ञापन गर्दछु । यस शोधकार्यको क्रममा आवश्यक सामग्री सङ्कलन गरी उपलब्ध गराइदिने शोधनायक प्रेम रिबुसाल र दाजु पुरण राईलाई धन्यवाद दिन्छु ।

जीवनका विभिन्न पीडा र कठिनाइहरूलाई पन्छाएर अध्ययनमा सधैँ हौसला प्रदान गर्नुहुने पूजनीय बुबा-आमा मदनकुमार राई र मैनादेवी राईप्रति आजीवन ऋणी छु । शोधकार्यमा उचित सहयोग गर्ने र शोधकार्य के-कति सम्पन्न भयो भनी अगाडि बढ्न प्रेरित गर्ने मेरा आत्मीय मित्रहरू रमला दाहाल, देवका घिमिरे, मेनुका दाहाल, निर्मला काफ्ले एवं भाइहरू धिराज राई, सन्दिप राई र शरद राई लगायतलाई हार्दिक धन्यवादज्ञापन गर्दछु । शोधपत्र तयार पार्ने क्रममा आवश्यक सामग्री सङ्कलनमा सहयोग पुऱ्याउने त्रि.वि. पुस्तकालयप्रति कृतज्ञ छु ।

त्यस्तै, व्यावसायिक व्यस्तता हुँदाहुँदै पनि सङ्कलित सामग्रीहरूलाई झर्को नमानी शुद्धताका साथ समयमा टङ्कण गरिदिने याङ्किज एक्सिलेन्ट कम्प्युटर सेन्टर कीर्तिपुरका दाजु-भाउजू किरण राई र यादा राईलाई विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु । अन्त्यमा, यस शोधपत्रको समुचित मूल्याङ्नका लागि त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागसमक्ष प्रस्तुत गर्दछु ।


........................

शोधार्थी

मनिला राई

शैक्षिक सत्र : २०६७/०६८

क्रमाङ्क : ६७

मिति : २०७०/५/३१

# विषयसूची

**पहिलो परिच्छेद**

**शोधको परिचय** १

१.१ शोधशीर्षक १

१.२ शोधप्रयोजन १

१.३ शोधको परिचय १

१.४ पूर्वकार्यको समीक्षा २

१.५ समस्याकथन ३

१.६ उद्देश्य ४

१.७ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता ४

१.८ शोधकार्यको सीमाङ्कन ५

१.९ सामग्री सङ्कलनविधि ५

१.१० शोधविधि ५

१.११ शोधपत्रको रूपरेखा ६

**दोस्रो परिच्छेद**

**प्रेम रिबुसालको जीवनी** ७

२.१ जन्म र बाल्यावस्था ७

२.२ बाल्यकाल र स्वभाव ७

२.३ शिक्षादीक्षा ८

२.४ विवाह ९

२.५ सन्तान ९

२.६ आर्थिक स्थिति १०

२.७ सुखदुःखका क्षणहरू १०

२.८ व्यक्तिगत रुचि तथा स्वभाव ११

२.८.१ रुचि ११

२.८.२ स्वभाव १२

२.९ कार्यक्षेत्र १२
२.९.१ सैन्य सेवा १२
२.९.२ संस्थागत संलग्नता १३
२.९.३ भ्रमण १४
२.९.४ सम्मान तथा पुरस्कार १४
२.१० जीवनदर्शन १५
२.११ साहित्यिक क्षेत्रमा प्रवेश १५
२.११.१ लेखनका लागि प्रेरणा र आरम्भ १५
२.११.२ प्रकाशित कृतिहरू १६
२.११.३ फुटकर लेख सिर्जनाहरू १६

## तेस्रो परिच्छेद

**प्रेम रिबुसालको व्यक्तित्व** **२०**
३.१ परिचय २०
३.२ शारीरिक व्यक्तित्व २०
३.३ व्यक्तित्वका विभिन्न पाटाहरू २१
३.३.१ साहित्यिक व्यक्तित्व २१
३.३.१.१ कवि व्यक्तित्व २१
३.३.१.२ कथाकार व्यक्तित्व २१
३.३.१.३ गीतकार व्यक्तित्व २२
३.३.१.४ निबन्धकार व्यक्तित्व २२
३.३.२ साहित्येतर व्यक्तित्व २३
३..३.२.१ सम्पादक व्यक्तित्व २३
३.३.२.२ जागिरे व्यक्तित्व २३
३.३.२.३ संस्थापक व्यक्तित्व २३
३.३.२.४ सल्लाहकार व्यक्तित्व २४
३.३.२.५ समाजसेवी व्यक्तित्व २४
३.४ जीवनी, व्यक्तित्व र कृतित्वबीच अन्तर्सम्बन्ध २४

**चौथो परिच्छेद**

**प्रेम रिबुसालको साहित्ययात्रा** २६

४.१ परिचय २६

४.१.१ पहिलो चरण (प्रारम्भदेखि -२०५४) २६

४.१.२ दोस्रो चरण (२०५५-२०७० सम्म) २७

४.२ निष्कर्ष २९

**पाँचौं परिच्छेद**

**प्रेम रिबुसालका कृतिहरूको विश्लेषण** ३०

५.१ 'लाहुरेका दौँतरी कविताहरू' कविता सङ्ग्रहको विश्लेषण ३०

५.१.१ परिचय ३०

५.१.२ मूलभाव/वस्तु ३०

५.१.३ सहभागी र सहभागिता ३७

५.१.४ परिवेश ३७

५.१.५ दृष्टिबिन्दु ३८

५.१.६ उद्देश्य ३९

५.१.७ भाषाशैलीय विन्यास ४०

५.२ निष्कर्ष ४१

५.२ **'याङजी र चराहरू'** कथा सङ्ग्रहको विश्लेषण ४२

५.२.१ परिचय ४२

५.२.२ कथानक ४२

५.२.३ सहभागी र सहभागिता ५२

५.२.४ परिवेश ५३

५.२.५ उद्देश्य ५४

५.२.६ दृष्टिबिन्दु ५५

५.२.७ भाषाशैलीय विन्यास ५५

५.२.८ उपसंहार ५६

५.३ प्रेम रिबुसालको निबन्ध सङ्ग्रहको विश्लेषण ५७

५.३.१ **'अतृप्त यात्राका अनुभूति'** निबन्ध सङ्ग्रहका निबन्धहरूको विश्लेषण ५७

५.३.२ विषयवस्तु ५७

५.३.३ भाषाशैलीय विन्यास ८८

५.३.४ निष्कर्ष ९०

**छैटौँ परिच्छेद**

**उपसंहार** ९२

**परिशिष्ट** ९६

**सन्दर्भसामग्री सूची** **१११**

# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ शोधशीर्षक

यस शोधकार्यको शीर्षक **प्रेम रिबुसालको जीवनी, व्यक्तित्व र कृतित्व** रहेको छ ।

## १.२ शोधप्रयोजन

प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय, मानविकी तथा समाजशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तहको नेपाली विषयको दसौँ पत्रको प्रयोजनको लागि तयार गरिएको हो ।

## १.३.शोधको परिचय

प्रेम रिबुसाल वि.सं. २०२० असोज ३ गते बुधबार भोजपुर जिल्लाको खार्तम्छा गा.वि.स. वडा नं २ मा जयप्रसाद राई र कृतिसरा राईको सुपुत्रको रूपमा जन्मेका हुन् । एस.एल.सी. सम्मको अध्ययन गरी ब्रिटिस गोरखा सैनिक पेसा (सन् १९८२-२००१) बाट अवकाश भई केही समय अमेरिकाली दुतावास काठमाडौँमा काम गरी हाल सेवा निवृत्त जीवन बिताइरहेका छन् ।

प्रेम रिबुसालले कविता, कथा, र नियात्रा गरी तीन विधामा आफ्नो साहित्यिक उपस्थिति जनाएका छन् । यसमा अतिरिक्त विभिन्न पत्रपत्रिकाहरूमा फुटकर लेख-रचनाहरू प्रकाशित छन् । उनका प्रकाशित कृतिहरू निम्नलिखित छन् :

(१) **लाहुरेका दौँतरी कविताहरू** (कविता सङ्ग्रह, २०५४)

(२) **लाहुरेका दौँतरी कविताहरू** (परिमार्जित कविता सङ्ग्रह, २०६८)

(३) **याङ्जी र चराहरू** (कथा सङ्ग्रह, २०६९)

(४) **अतृप्त यात्राका अनुभूति** (नियात्रा सङ्ग्रह, २०७०)

प्रेम रिबुसाल पेसाले बन्दुक समाउने कठोर सैनिक भए पनि कलम समाउँदा उनी संवेदनशील छन् । उनले साहित्य साधनाका अतिरिक्त गोरखा सैनिक चेतना मासिक पत्रिका र सन्देश मासिक पत्रिकाहरूको सम्पादन गर्नुका साथै विभिन्न सङ्घसंस्थामा नेतृत्वदायी भूमिका पनि निर्वाह गरेका छन् । यसरी रिबुसालको जीवनका विभिन्न पक्षको अध्ययन गर्नु यस शोधकार्यको विषय हो ।

## १.४ पूर्वकार्यको समीक्षा

प्रेम रिबुसाल राईले साहित्य साधना गर्नुका साथै विभिन्न सङ्घसंस्था तथा क्षेत्रमा संलग्न भई काम गरेका छन् । उनका यस्तो बहुआयामिक व्यक्तित्व तथा उनले विभिन्न क्षेत्रमा पुऱ्याएको योगदानको अध्ययन गर्नु यस शोधकार्यको विषय हो । उनका बहुआयामिक व्यक्तित्वमध्ये साहित्यिक योगदानको अध्ययन भए पनि फुटकर रूपमा मात्र भएको देखिन्छ जुन निम्नानुसार उल्लेख गरिएको छ ।

प्रेम रिबुसालका आफ्ना कृतिहरू **लाहुरेका दौँतरी कविताहरू** (२०५४) कविता सङ्ग्रहको भूमिकाकार राजेन्द्र चौधरी, परिमार्जित सङ्ग्रह **लाहुरेका दौँतरी कविताहरू** (२०६८) कविता सङ्ग्रहका भूमिकाकार परशु राई र किरण राईले भूमिकामा कृतिगत सङ्क्षिप्त समीक्षा गरेका छन् ।

प्रेम रिबुसालको **सीमाहीन बिम्बहरू** लाहुरे स्रष्टाको संयुक्त कविता सङ्ग्रह (२०६३) मा छोटो व्यक्तित्व परिचयसहित तीन वटा कविताहरू प्रकाशित भएका छन् । यस पुस्तकको गोविन्दराज भट्टराईको भूमिकामा कविताले ग्रहण गरेको विषयको चर्चा सहित कविताको केही पङ्क्ति समेत उल्लेख गरेका छन् ।

**परदेशी बिम्बहरू** साहित्यिक वार्षिक (२०६८/२०६९) मा उनको *ओ बुद्ध.... तिमी कहाँ छौ ?* शीर्षकको कविता प्रकाशित छ र त्यस पत्रिकाको भूमिकामा विश्वशान्तिको कामना गर्दै बुद्धको खोजी भएको समीक्षात्मक टिप्पणी गरिएको छ ।

पुरण राईको स्नातकोत्तर शोधपत्र **नेपाली साहित्यमा ब्रिटिस गोरखा सैनिक साहित्यकारहरूको योगदान** (२०६८) मा सन् १९४७ (भारतको स्वतन्त्रता पश्चात्को) देखिका लाहुरे साहित्य यात्राको अध्ययनको क्रममा प्रेम रिबुसाल राईको परिचय, पेसा,

संलग्नता प्रकाशित कृतिको सङ्क्षिप्त चर्चा गर्दै आप्रवासी नेपालीहरूले साहित्यका क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् भनी उल्लेख गरेका छन् ।

पुरण राईकै पुस्तक **डायास्पोरा लाहुरे स्रष्टा र कविता** (२०६९) भन्ने पुस्तकमा 'मसँग मेरो देश' र हङकङलाई बिदाइ सन्देश' गरी दुई वटा कविताहरू प्रकाशित छन् र यी कवितामा डायास्पोरिक साहित्यका विशेषता भएको भनी भूमिकामा उल्लेख गरिएको छ ।

प्रा.डा. खगेन्द्रप्रसाद लुइटेलले प्रेम रिबुसालको **याङ्जी र चराहरू** कथासङ्ग्रह (२०६९) मा "प्रेम रिबुसालका कथामा शिक्षामूलक अभिव्यक्ति" शीर्षक भूमिकामा नैतिक, आध्यात्मिक र सकारात्मक शिक्षामूलक सन्देश प्रदान गर्ने कथाकारका रूपमा उल्लेख गरेका छन् ।

किरण राईले प्रेम रिबुसालको **याङ्जी र चराहरू** कथासङ्ग्रह (२०६९) मा 'आस्था, आदर्श र सपनाको दस्तावेज' शीर्षक भूमिकामा प्रेमवादी भावनाबाट नै सिङ्गो समाज र देश विकासको सकारात्मक स्तरोन्नोति हुन पुग्दछ भन्ने आस्थावान् भनाइ उल्लेख गरेका छन् ।

प्रा.डा. खगेन्द्र प्रसाद लुइटेलले प्रेम रिबुसालको **अतृप्त यात्राका अनुभूति** निबन्ध सङ्ग्रह (२०७०) मा 'यात्रानुभूतिको जीवन्त प्रस्तुति' शीर्षक भूमिकामा रिबुसालको पहिलो साहित्यिक व्यक्तित्व कवि, दोस्रो व्यक्तित्व कथाकार र तेस्रो चाहिँ यात्रा निबन्धकारको रहेको छ भनी उल्लेख गर्दै उनको निबन्धकारितामा आख्यानात्मक गुणहरू सहितको आत्मपरक वस्तुनिष्ठता, सरल, सहज भाषाशैलीको प्रयोग पाइन्छ भनी उल्लेख गरेका छन् ।

यसरी हेर्दा प्रेम रिबुसालको साहित्यिक योगदानबारे सङ्क्षिप्तचर्चा बाहेक अन्य पक्षको अध्ययन भएको पाइँदैन । साहित्यको अतिरिक्त उनले साहित्येतर क्षेत्रमा पनि महŒवपूर्ण योगदान पुऱ्याएका छन् । त्यसैले प्रेम रिबुसालको बहुपक्षीय र समग्र अध्ययन हुनु आवश्यक भएकाले यो शोधकार्य गरिएको हो ।

## १.५ समस्याकथन

प्रेम रिबुसाल साढे उन्नाइस वर्ष सैन्य कर्ममा बिताएका व्यक्ति हुन् । यसको साथै विभिन्न अन्य पेसामा पनि संलग्न छन् । यसैगरी विभिन्न सङ्घसंस्थाहरूमा पनि आबद्ध छन् । साहित्य साधना गर्नुका साथै सम्पादन, संस्थापक, संस्थागत सञ्चालक जस्ता

कामहरू पनि गरेका छन् । उनको यस्तो बहुपक्षको अध्ययन निम्नलिखित समस्यामा केन्द्रित भई गरिएको छ :

(१) प्रेम रिबुसालको जीवनी र व्यक्तित्व कस्तो रहेको छ ?

(२) प्रेम रिबुसालका कृतिहरू के कस्ता छन् ?

(३) प्रेम रिबुसालका साहित्यिक यात्रा तथा प्रवृत्ति कस्ता छन् ?

उपर्युक्त समस्याहरूलाई नै यस शोधकार्यका मूल समस्याहरूका रूपमा लिइएको छ र यिनै समस्याको केन्द्रीयतामा रहेर प्रस्तुत शोधपत्र तयार पारिएको छ ।

## १.६ उद्देश्य

उपर्युक्त शोध समस्यालाई केन्द्रबिन्दु बनाई तयार गरिने प्रस्तुत शोधकार्यका उद्देश्यहरू यसप्रकार रहेका छन् :

(१) प्रेम रिबुसालको जीवनी, व्यक्तित्वका विविध पक्षहरूको अध्ययन गर्नु,

(२) प्रेम रिबुसालको कृतित्वको विस्तृत अध्ययन र विश्लेषण गर्नु,

(३) प्रेम रिबुसालको साहित्य यात्रा र प्रवृत्ति पहिचान गर्नु ।

## १.७ शोधकार्यको औचित्य, महŒव र उपयोगिता

नेपाली साहित्य छरिएर रहेको छ । छरिनु, फैलिनु भए तापनि यसलाई सङ्गृहित रूपमा साहित्यको मूलधारमा समाहित गरेर लैजान नसक्नु तथा अध्ययन खोज नहुनाले मोफसलको जङ्गल हराएको छ । यो साहित्यप्रतिको उदार भावनालाई तीतो र चसचस चहऱ्याउने यथार्थ स्वाद हो । यस्तो पीडा नेपाली साहित्यमा जल्दोबल्दो हुनुका मुख्य समस्या यातायात, शिक्षा, सञ्चारको विकासले पिछडिनु साहित्यप्रतिको जिम्मेवार निकायद्वारा सशक्त नहुनुले गर्दा नै हो । प्रेम रिबुसाल पेसाले पराई देशका सुरक्षाकर्मी हुन् तापनि उनले सिर्जना गरेको साहित्यले नेपाली भाषा साहित्यमा सहयोग पुऱ्याएको छ । उनका सिर्जनामा अन्तर भूगोल, संस्कृति, भाषा, जीवन, परिवेशको मिश्रण छ । यो एउटा विश्वव्यापीकरण र यसले प्रभाव पार्दै गैरआवासीय जीवनप्रणाली जस्तो तेस्रो चेतना शक्तिको अध्ययन विषय पनि

हो । रिबुसालको जीवन, परिवेश र साहित्य सिर्जना यही जगत्को सेरोफेरोमा डुबेको छ । उनी नेपाली तर देशान्तर जीवनको भोक्ता व्यक्ति हुन् । उनले सिर्जना गरेका साहित्यमा यिनै अनुभूतिहरू समावेश छन् । यसले गर्दा साहित्यको क्षेत्रमा समेत उपयोगी हुनुका साथै भोगिरहेको र भोग्नुपर्ने हाम्रो विदितको यावत् विषयको विनिर्माणको आवश्यकतामा प्रेम रिबुसालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन सहयोगी र सार्थक देखिन्छ । यही नै यस शोधकार्यको उपयोगिता, महŒव र औचित्य हुनेछ ।

## १.८ शोधकार्यको सीमाङ्कन

प्रेम रिबुसाल नेपालको पूर्वी पहाडी भोजपुर जिल्लामा जन्मे । पेसाले बेलायतको सुरक्षाकर्मी र अमेरिकन दुतावास काठमाडौँमा कार्य गरेका व्यक्ति हुन् । यस अध्ययनमा मुख्य गरेर उनलाई साहित्यिक शक्ति र सीमामा केन्द्रित गर्नुको साथै जीवनी परिचय र व्यक्तित्वको पनि चर्चा गरिएको छ । यसरी उनको जीवनी, व्यक्तित्व र कृतित्वको विस्तृत अध्ययन गर्नु नै यस शोधकार्यको सीमा रहेको छ ।

## १.९ सामग्री सङ्कलन विधि

प्रेम रिबुसालको जीवनी, व्यक्तित्व र कृतित्वको पहिचानको लागि प्रत्यक्ष भेटघाट, कुराकानी तथा प्रेम रिबुसालबारे जानकार व्यक्तिसँग प्रत्यक्ष भेटघाट, कुराकानी, उनीसम्बन्धी सूचना, प्रश्नावली र उनका कृतिहरू नै अध्ययन सामग्री भएकाले सामग्री सङ्कलन विधिमा टेलिफोन, फ्याक्स, इमेल, इन्टरनेट, व्यक्तिगत भेटघाट लिखित तथा मौखिक अन्तर्वार्ताद्वारा सोधपुछ गरी सामग्री सङ्कलन गर्ने तथा आवश्यक सुझाव एवम् सल्लाह लिने कार्य गरिएको छ । लिखित रूपमा रहेको सामग्रीलाई पुस्तकालय विधिबाट सङ्कलन गरिएको छ ।

## १.१० शोधविधि

प्रेम रिबुसालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनका क्रममा विविध विधिहरूको अनुशरण गरिएको छ । जीवनी र व्यक्तित्वको अध्ययनका क्रममा जीवनीपरक एवम् प्रभावपरक समालोचना प्रणालीलाई आधार मानिएको छ भने कृतित्व अध्ययनमा संरचनावादी पद्धतिलाई आधार बनाई प्रस्तुत शोधकार्य सम्पन्न गरिएको छ ।

## १.११ शोधपत्रको रूपरेखा

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : प्रेम रिबुसालको जीवनी

तेस्रो परिच्छेद : प्रेम रिबुसालको व्यक्तित्व

चौथो परिच्छेद : प्रेम रिबुसालको साहित्यिक यात्रा

पाँचौँ परिच्छेद : प्रेम रिबुसालको कृतिहरूको विश्लेषण

छैटौँ परिच्छेद : उपसंहार

परिशिष्ट

सन्दर्भ सामग्री

यसरी शोधपत्रलाई छ परिच्छेदमा विभाजन गरी आवश्यकताअनुसार यसको प्रत्येक परिच्छेदलाई विविध शीर्षक, उपशीर्षकहरूमा विभाजन गरी विषयको व्यापकतालाई समेट्ने प्रयास गरिएको छ ।

## दोस्रो परिच्छेद

# प्रेम रिबुसालको जीवनी

## २.१ जन्म र जन्मस्थान

प्रेमकुमार राईको जन्म वि.सं. २०२० असोज ३ गते भोजपुर जिल्ला खार्तम्छा गा.वि.स. वडा नं ५ मा भएको हो ।[१] पिता जयप्रसाद राई र माता कृतिमाया राईका चार भाइ छोरा प्रेम, शरण, मणि, कुलबहादुर र दुई बहिनी छोरी बौद्ध र हिमालयमध्ये पहिलो सन्तानका रूपमा यिनको जन्म भएको हो । छोरातर्फ उनी पहिलो अर्थात् जेठा छोरा हुन् । उनका भाइहरूमध्ये शरण अस्ट्रेलियामा कार्यरत छन् । अर्का भाइहरू मणि र कुलबहादुर बेलायतमा छन् । त्यसैगरी उनका बहिनीहरूमध्ये जेठी बौद्ध बेलायत र कान्छी बहिनी हिमालय काठमाडौँमा बसोबास गर्दै आएका छन् । राईले साहित्य सिर्जना गर्ने क्रममा आफूलाई प्रेम रिबुसाल भनी चिनाएका हुन् ।[२] उनका अनुसार साहित्यिक नाम 'रिबुसाल' आफ्नो थर, पाछा, सामे र दोप्सनी मिलाएर बनाइएको हो । यिनलाई सबैले बुझ्ने शब्दमा थर, उपथर, गोत्र र उपगोत्र भन्न सकिन्छ । जसअनुसार उनको उपनाम पहिलो अक्षर 'रि' दोप्सनी (रिङ्गेमाबाट), दोस्रो अक्षर 'बु' सामे (बुक्छामी) बाट, तेस्रो अक्षर 'सा' पाछा (साम्पाङ) बाट र 'ल' चाहिँ पाछाभित्रकै एउटा प्रकार (लम्छिलिग्मे) बाट लिएर संयोजन गरिएको हो । प्रेम रिबुसालका पुर्खाहरू धेरै वर्ष पहिलेदेखि भोजपुर जिल्लामा बसोवास गर्दै आएका हुन् । यिनका बाजे र बुबाको जन्म पनि भोजपुर जिल्लामै भएको हो ।

## २.२ बाल्यकाल र स्वभाव

प्रेम रिबुसालको जन्म पूर्वी नेपालको भोजपुर जिल्लामा भएकाले त्यहीँको माटो, प्रकृति र वातावरणसँग खेल्दै अगाडि बढे । राईले आफ्नो जन्मपछि सत्र वर्षसम्म आफ्नो जन्मस्थल जिल्लामै बिताए । राईले बाल्यकालमा घरको जिम्मेवारी बेहोर्नुपरेको थियो । जेठा छोरा भएका हुनाले घाँस-दाउरा काट्नु, गोबर सोहोर्नु, घरलाई सफा सुग्घर

---

१. प्रेमकुमार राईको चिना अनुसार ।

२. प्रेम रिबुसालसँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

राख्नु उनको दैनिक कार्य हुन्थ्यो । त्यसैगरी भाइबहिनीको हेरचाह गर्नु पनि उनको दैनिक जिम्मेवारी थियो ।

उनी प्राथमिक विद्यालय तहको अध्ययनको लागि स्थानीय विद्यालयमा भर्ना भए । प्राथमिक तहको अध्ययन पूरा गरी उनी निम्न माध्यमिक र माध्यमिक तहको शिक्षा हासिल गर्न घरदेखि टाढा दिङ्गला बजारस्थित अरुण माध्यमिक विद्यालयमा भर्ना भए । त्यहाँ मा.वि. तहमा पढ्दा पढ्दै वि.सं. २०३७ सालतिर विद्यालयको वर्षे बिदाको समयमा एकजना नातेदारको लहलहैमा लागेर जागिरको खोजीमा धनकुटा पुगे । त्यहाँ जागिर नपाएपछि बाटोखर्च जुटाई पश्चिम बंगालतिर लागे । पश्चिम बङ्गालमा पुगेर त्यहाँका आफन्तजनको घरमा केही समय बिताई सिकिस्त बिरामी भई घर फर्किए ।

प्रेम रिबुसाल सानै उमेरदेखि चलाख स्वभावका थिए । यिनी बाल्यकालमा केही चञ्चले, जिज्ञासु, आज्ञाकारी, इमान्दार स्वभावका थिए । यिनी आफूभन्दा ठूलाका कुरालाई ध्यान दिएर सुन्ने गर्थे । राईका आफ्नै जिम्मेवारीमा चलाउने छिनो, कर्द, खुकुरी, कुटे, कोदालो, डोको, नाम्लो थियो । सानो छँदा काठको ढिकी, नेभाराको जाँतो बनाएर खेल्थे । दशैं तिहारमा साथीभाइहरूसँग पिङ हाली रमाइलो गर्थे । उनको बाल्यकालको समय रमाइलो भए पनि प्रायःजसो घरको कार्यमा नै बितेको पाइन्छ ।[३]

## २.३ शिक्षादीक्षा

प्रेम रिबुसालको अक्षरारम्भ घरमै भएको थियो । यिनले आफ्नै गाउँ नजिकैको चन्द्रावती प्राथमिक विद्यालयबाट प्रारम्भिक शिक्षा हासिल गरे । माध्यमिक शिक्षाका लागि भने घरबाट टाढा बसी अध्ययन गरेका हुन् । यिनले श्री अरुण माध्यमिक विद्यालय दिङ्गलाबाट माध्यमिक तहको अध्ययन पूरा गरे ।[४] एकदिन उनी विद्यालयबाट घर फर्किएका समयमा यिनका बुबा-आमाले छोरो लाहुर गए हुने थियो भन्ने कुरा बुझे । त्यही कारणले उनको मन मष्तिस्क लाहुरे बन्नेतर्फ आकर्षित भयो । उनी पहिलो पटक लाहुरे

३. ऐजन ।
४. ऐजन ।

भर्तीमा असफल भए पनि दोस्रो पटक भने लाहुरे बन्न सफल भए । यिनले २०३७ सालको सेन्ट अप परीक्षा उत्तीर्णपछि लाहुरे जीवन यापन गरे ।[५]

रिबुसालले २०३७ साल पछाडि लाहुरे पेसा सँगसँगै अनौपचारिक शिक्षालाई पनि अझ अगाडि बढाए । साहित्यप्रति चासो राख्ने व्यक्ति भएकाले साहित्यिक क्षेत्रमा कलम चलाएका छन् । नेपाली साहित्यको अध्ययन गरी विविध विधाका साहित्यिक कृतिहरू पनि प्रकाशित गरेका छन् । यिनले आफ्नो अनौपचारिक अध्ययनकै क्रममा बेलायतबाट दुई तहमा ए-लेभल शिक्षा प्राप्त गरे । विशेषगरी उनले ट्रेनिङ एन्ड डेभलप्मेन्ट र एडमिनिस्ट्रेसन शिक्षा प्राप्त गरेको पाइन्छ ।

## २.४ विवाह

प्रेम रिबुसाल बेलायतमा गोरखा सैनिक भई कार्यरत भएको तीन वर्ष पछिको छुट्टीमा घर फर्किए । सोही समयमा यिनले प्रतिका राईसँग वि.सं. २०४२ मंसिर २० मा २२ वर्षको उमेरमा वैवाहिक सम्बन्ध गाँस्न पुगे । यसपछि उनको जिम्मेवारी तथा उमङ्गमय जीवन प्रारम्भ भयो । उनमा श्रीमान्‌को भूमिका सँगसँगै भावी दिनको पिताको पवित्र कर्तव्य पनि टुसाउँदै गयो । यसरी वैवाहिक सम्बन्ध जोडेर पुनः आफ्नो जागिरमा फर्के ।[६] हाल राई श्रीमती, छोराछोरीका साथ आफ्नो पारिवारिक जीवन आनन्दपूर्वक बिताइरहेका छन् ।

## २.५ सन्तान

प्रेम रिबुसालका एक छोरा र दुई छोरी रहेका छन् । सबैभन्दा जेठो छोरा लाजिहाङ राई, ठूली छोरी मुकुमा (परिस्ता) राई र सबैभन्दा कान्छी छोरी सिकुमा राई हुन् । रिबुसालका छोरा लाजिहाङ किरात (राई) बेलायतमा बसेर हेभेन्ली/निर्वाणा पाथमा कार्यरत छन् । जागिर र अध्ययनलाई सँगसँगै गर्ने क्रममा विज्ञान विषयलाई समय दिन नसकी विज्ञान विषयलाई परिवर्तन गरेर जर्नालिज्म म्यानेजमेन्टमा ब्याचलर डिग्रीको अध्ययन सकेका छन् । त्यस्तै छोरी मुकुमा राई पनि बेलायतमै मिडिया स्टडिजमा ए-लेभल गरी नेपालमै सोसलोजीमा ब्याचलर डिग्रीको अध्ययन गरी सामाजिक कार्य गर्नुका साथै अध्ययनलाई नै निरन्तरता दिँदैछिन् । त्यस्तै उनकी कान्छी छोरी सिकुमा राईले सेन्ट

५. ऐजन ।
६. ऐजन ।

म्यारिज उच्च माध्यमिक विद्यालयबाट उच्च माध्यमिक तहको अध्ययन पूरा गरी विभिन्न किसिमका सिर्जनात्मक कार्यका साथै अध्ययनलाई नै निरन्तरता दिँदैछिन् ।[७]

## २.६ आर्थिक स्थिति

प्रेम रिबुसालको जन्म पहाडी जिल्लाको दुर्गम ठाउँमा एक निम्न वर्गीय परिवारमा भएको हो । उनका बुवा आमाले आफ्ना छोराछोरी हुर्काउन निकै मिहिनेत गर्नु परेको थियो । पहाडी क्षेत्रमा विभिन्न समस्या परेकाले र पैसा, धन सम्पत्तिको आवश्यकता परेका हुनाले सेन्ट अप परीक्षा दिने बित्तिकै ब्रिटिस सेनामा भर्ना भए । निम्न वर्गीय परिवारमा जन्म भए पनि अहिले उनको आर्थिक अवस्था मध्यम वर्गीय भन्न मिल्ने अवस्था छ । पहाडी भेग अन्तर्गतको भोजपुर जिल्ला खार्तम्छा गा.वि.स. मा अवस्थित पुर्ख्यौली भूमिमा प्रशस्त जमीन भए पनि न्यून उर्वरता भएकाले मूल्यको दृष्टिले थोरै नै हुन जान्छ तर प्रेम रिबुसाल लाहुरे बनेपछि आर्थिक रूपमा सम्पन्न बन्ने सौभाग्य मिल्यो । उनी लाहुरे पेसाबाट साढे उन्नाइस वर्षमा सेवानिवृत्त भए । तत्काल नेपाल फर्किएपछि काठमाडौँमा अवस्थित अमेरिकी दुतावासमा सेक्युरिटी गार्डका रूपमा काम गर्न थाले । हाल आएर उनी सुनाकोठी-२ ललितपुरमा पक्की घर बनाई स्थायी रूपमा बसोबास गर्दै आएका छन् । त्यसैले राईको आर्थिक अवस्था मध्यम वर्गीय आकारको रहेको छ ।

## २.७ सुखदु:खका क्षणहरू

प्रेम रिबुसालको सबभन्दा सुखको क्षण भनेको स्वर्गिक मार्ग दर्शनमा प्रवेश गर्दाको क्षण रहेको छ । अन्य खुसीका क्षणहरू अनेकौं भए पनि निर्वाणिक पाथ/स्वर्गिक मार्गमा प्रवेश गरेका दिन उनी जीवनमा सबैभन्दा खुसी भएका थिए ।[८] उनी ब्रिटिस सेनामा भर्ती भएर जाँदा पनि खुबै खुसी भएका थिए ।

प्रेम रिबुसाल काठमाडौँमा नै स्थायी बसोबास भएका कारण उनका छोराछोरीहरूले राम्रो शिक्षादीक्षा प्राप्त गर्ने अवसर पाएको देखिन्छ । उनले पनि विभिन्न राष्ट्रहरूको भ्रमण गरे । राई त्यसैमा पनि खुसी र सन्तुष्ट रहेका छन् । रिबुसालको परिवारकै लागि भनौं वा उनको व्यक्तिगत जीवनमा पनि उनको लागि त्यो ठूलै उपलब्धि हो । ब्रिटेन जानु त ठूलो

---

७. ऐजन ।

८. ऐजन ।

कुरो होइन तर ब्रिटेन भ्रमणमा रहँदा जीवनमा कहिल्यै नदेखेका, नभोगेका विशेषगरी पुरातात्विक र ऐतिहासिक वस्तु र ठाउँहरू देखे । नयाँ अनुभवका साथै उनका जीवनमा कहिल्यै नबिर्सिने घटनाहरू घटेर रहे ।

प्रेम रिबुसालको जीवनमा केही दुःखका क्षणहरू पनि थिए । राईलाई आफ्ना ब्रिटिस सेनाको लामो बीस वर्षे कार्यकाल समयमा निवृत्तिभरण भई निस्कनुपर्दा नरमाइलो अनुभव भएको थियो । पुनः नेपाल आफ्नै जन्मथलो जानुपर्दा त्यहाँका विविध किसिमका समस्याहरूसँग जुध्नुपर्ने हुनाले मनमा कतै खल्लो महसुस भइरहेको थियो । यसलाई उनी दुःखको क्षण सम्झन्छन् । यस्तै उनका जीवनमा स-साना सुखदुःखका पाटाहरू रहेका छन् ।

## २.८ व्यक्तिगत रुचि तथा स्वभाव

### २.८.१ रुचि

हरेक व्यक्तिमा आ-आफ्नै प्रकृतिको रुचि हुन्छ । एक व्यक्तिको रुचि अर्को व्यक्तिसँग नमिल्न पनि सक्छ । विद्यार्थी जीवनमा नै साहित्य रचनाप्रति रुचि राख्ने रिबुसालले साहित्य विधाअन्तर्गत कविता, कथा आदि रचना गरेको पाइन्छ । साहित्यका विविधि विधाहरूका नयाँ नयाँ पुस्तकहरू अध्ययन गर्नु पनि उनको रुचिको विषय हो ।[९] विद्वान्हरूको सङ्गत गर्न रुचाउने उनी गरीब दुःखीहरूको बीचमा रमाउन पनि उत्तिकै मन पराउँछन् ।

घर सफा सुग्घर राख्ने तथा फूलबारीमा चासो देखाउने रिबुसाल हरेक दिन घरका सफाइमा समय दिन्छन् । हेभेन्ली/निर्वाणिक पाथप्रति पूर्ण विश्वास गरी भजन गाउने, सम्बन्धित समुदायसँग घुलमिल गरी आफ्ना अमूल्य समय व्यतीत गर्छन् । खानातर्फ शुद्ध शाकाहारी राई मांसाहारी भोजनबाट टाढै रहन्छन् । सुख्खा खाना भन्दा रसिलो खाना दुध-दहीप्रति विशेष रुचि राख्छन् । साथीभाइसँग मिलेर सामाजिक कार्य गर्नु, एकान्तमा बसी मनलाई शान्त पार्नु उनको व्यक्तिगत रुचि हो । पहिरनतर्फ उनी सामान्य पाइन्ट, सर्ट प्रयोग गर्दछन् । तर उनलाई आफ्नै राष्ट्रिय पोशाक दौरा, सुरुवाल, टोपी मन पर्दछ । गाउँको निम्न मध्यम वर्गीय परिवारमा जन्मी त्यही गाउँको काख र उही जातको संस्कृतिका

९. ऐजन ।

बीच हुर्केर अहिले पनि आफ्नै संस्कार संस्कृति पालना गर्दै काठमाडौँको बासिन्दा बनेका प्रेम रिबुसालका रुचिहरू निम्नानुसार रहेका छन्[१०] :

खाना - दाल, भात, शुद्ध शाकाहारी, साग सब्जी, दुध, दही ।

पोशाक - नेपाली पहिचानका दौरा, सुरुवाल, टोपी ।

अध्ययन - साहित्यविधा, धार्मिक तथा अन्य सबै दर्शनशास्त्र ।

लेखन - कविता, गीत, कथा, नियात्रा ।

पेसा - शिक्षण तर सैनिक हुनु पऱ्यो ।

सेवा - समाज सेवा र निर्वाणिक पाथ । स्वर्गिक सन्देशलाई विभिन्न स्थानमा स्थापित गर्न र सम्बन्ध दिगो र आत्मीय बनाउन ।

### २.८.२ स्वभाव

मानिस जुन किसिमको वातावरणमा हुर्किन्छ र बढ्छ उसको स्वभाव र बानीव्यवहार पनि सोही अनुरूपकै हुन्छ । प्रेम रिबुसालमा पनि यो कुरा लागु भएको देखिन्छ । निम्नवर्गीय राई परिवारमा जन्मिएका रिबुसालका स्वभाव शान्त, सौम्य किसिमको छ । आफूभन्दा ठूलालाई आदर सत्कार गर्ने र सानालाई माया गर्ने स्वभाव उनको रहेको छ । उनी मृदुभाषी र शिष्ट प्रकृतिका छन् । बढी तडकभडकबाट टाढै रहन खोज्ने उनको स्वभाव रहेको देखिन्छ ।[११] उनी बाहिरबाट हेर्दा कठोर स्वभावको देखिए पनि उनको मन कोमल रहेको छ । हँसिलो अनुहारका उनी सैन्य सेवामा काम गरेको हो आफैले नभनेसम्म थाहा हुन्न । आफ्नो बोलीमा साथीभाइलाई एकैचोटी प्रभावित पार्न सफल छन् । एकान्तमा बस्न, प्राकृतिक दृश्य हेर्न, प्रकृतिसँग घुलमिल हुन उनी औधी मन पराउँछन् । प्रकृतिका विविध दृश्यहरूको अवलोकन गर्नु, फूलबारीमा रम्नु आदि उनका स्वभाव हुन् ।

---

१०. ऐजन ।
११. ऐजन ।

## २.९ कार्यक्षेत्र

### २.९.१ सैन्य सेवा

प्रेम रिबुसालले साढे उन्नाइस वर्षसम्म सैन्य क्षेत्रमा जीवन व्यतीत गरे । उनले सन् १९८२ देखि सैनिक सेवा प्रारम्भ गरे । उनको सैनिक नम्बर २११६५५५७ थियो । उनको मुख्य स्थायी कार्यक्षेत्र हङकङ थियो । त्यहीँबाट उनी कर्तव्यको सिलसिलामा निम्नलिखित विभिन्न मुलुकमा खटिए :

| | |
|---|---|
| हङकङ | - सन् १९८२ |
| पपुवा न्युगिनी | - सन् १९८३ |
| ब्रुनाई | - सन् १९८५ |
| मलेसिया | - सन् १९९१ |

यसरी साढे उन्नाइस वर्षसम्म ब्रिटिस गोरखा सैनिक भएर विभिन्न मुलुकमा खटिएका रिबुसालले युद्धको सामना भने गर्नु परेन । सन् २००१ जुलाई २४ मा सेवानिवृत्त भएका उनले पूर्णकालीन सेवा गरेको देखिन्छ ।

### २.९.२ संस्थागत संलग्नता

मानिस सामाजिक प्राणी भएको हुनाले समाज विकासका लागि केही न केही गर्नु उसको कर्तव्य हो । प्रेम रिबुसाल पनि विभिन्न संस्थाहरूमा आबद्ध छन् । यिनले आफूले पढेको प्राथमिक विद्यालय चन्द्रावती प्राथमिक विद्यालय खार्तम्छा-५, सिक्तेलटारलाई २०६६ मा आर्थिक सहयोग प्रदान गरेका छन् । उनको सहयोगका कारण उक्त विद्यालयमा कक्षा ८ सञ्चालन हुन सकेको छ । त्यस्तै किरात राई यायोक्खा घरजग्गा खरिद तथा भवन व्यवस्थापन समिति २०६४ मा विशेष सहयोग प्रदान गरेका छन् ।[१२] साथीसँगीहरूलाई पनि धेरै सहयोग पुऱ्याएका उनले आफू आबद्ध संस्था हेभेन्ली/निर्वाणा पाथ नेपालमा आफूले सकेको सबै सहयोग प्रदान गरेका छन् । समाज सेवामा सदा अग्रसर रिबुसालले निम्नलिखित संस्थाहरूमा जिम्मेवारी निर्वाह गरेका छन् :

---

१२. ऐजन ।

(१) संस्थापक सदस्य, ब्रिटिस गोरखा एकेडेमी नेपाल (वि.सं. २०५८-२०७०)

(२) सहसचिव, ब्रिटिस गोरखा अध्ययन अनुसन्धान केन्द्र नेपाल (वि.सं. २०५९-०६१)

(३) महासचिव, हेभेन्ली/निर्वाणा पाथ नेपाल (वि.सं. २०६१-०७०)

(४) संस्थापक, निर्वाणिक कला केन्द्र नेपाल (वि.सं. २०६८-०७०)

(५) व्यवस्थापक, निर्वाणिक मिडिया सेन्टर नेपाल (वि.सं. २०६८-०७०)

(६) उपाध्यक्ष, लभिजम सोसाइटी नेपाल (वि.सं. २०६९-०७०)

यसप्रकार प्रेम रिबुसालले सेवानिवृत्तिपछिको समयलाई विभिन्न संघसंस्थाहरूमा आबद्ध भई समाजसेवामा उपयोग गरेको देखिन्छ ।

### २.९.३ भ्रमण

मानिस गतिशील प्राणी भएकाले सधैँ एकै स्थानमा रहँदैन । ऊ विभिन्न स्थानहरूको भ्रमण गर्न पुग्दछ । प्रेम रिबुसालले पनि विभिन्न देश तथा विदेशको विभिन्न भागको भ्रमण गरेको पाइन्छ । यिनलाई सैन्य सेवाकै क्रममा मुलुकमा भ्रमण गर्ने अवसर जुरेको छ । यसै सिलसिलामा उनले भारत, हङकङ, पपुवा न्युगिनी, मलेसिया, ब्रुनई, सिङ्गापुर, इन्डोनेसिया, फिलिपिन्स, बेलायत, फ्रान्स, बेलिज, मेक्सिको र अन्य देशहरूको भ्रमण गरेका छन् ।[१३]

### २.९.४ सम्मान तथा पुरस्कार

कुनै पनि व्यक्तिलाई प्रोत्साहन वा हौसला दिनका लागि सम्मानित गर्नुपर्छ तबमात्र ऊ आफ्नो कार्यमा दत्तचित्त भएर लाग्दछ । प्रेम रिबुसालले साहित्यलेखनबाट भन्दा सैनिक सेवामा कार्यरत रहँदा धेरै सम्मानपत्र र कदरपत्र प्राप्त गरेको पाइन्छ ।

(१) ओनर विथ एप्रिसिएसन कदरपत्र (२०६८)

(२) गुड कन्डक्ट मेडल -सम्मानपत्र (सन् १९९७)

(३) प्रवासी साहित्यिक समूहको सम्मानपत्र (सन् २०००)

---

१३. ऐजन ।

(४) इन्द्रेणी प्रतियोगितामा प्रथम पुरस्कार (सन् १९९६)

यिनले साहित्यलेखनमा भने 'प्रीत नदिए हुन्छ' नामक कविता ब्रिटिस फोर्सस ब्रोडकास्टिङ कर्पोरेसन रेडियोमार्फत सञ्चालित 'इन्द्रेणी' प्रतियोगितामा प्रथम पुरस्कारस्वरूप टि-सर्ट प्राप्त गरेको पाइन्छ ।[१४] हालसम्म यिनै ससाना सम्मानहरूबाट विभूषित हुने मौका उनले पाएका छन् ।

## २.१० जीवनदर्शन

प्रेम रिबुसाल अन्धविश्वास र रूढिवादी परम्पराको विरोध गर्थे । आफ्नो मनमा लागेका कुराहरू स्पष्ट रूपमा व्यक्त गर्न सक्नुपर्दछ, सधैँ खुसी र आनन्दित रहनुपर्दछ भन्ने धारणा उनको रहेको छ । विभेदरहित समाज, व्यवहार निस्वार्थ एवम् सामान्य रहनसहन असल विचार लिएर बस्नु नै मान्छेको महानता हो भन्ने दृष्टिकोण उनमा रहेको छ । साहित्यले समसामयिक यथार्थको दुरुस्त चित्रण गर्न सक्नुपर्छ भन्ने दृष्टिकोण पनि पाइन्छ ।

उनको जीवनदर्शन मूलतः प्रेमवादी दर्शनमा आधारित रहेको पाइन्छ । यस दर्शनअनुसार एक व्यक्तिले आफूलाई प्रेम गर्नु मात्र नभई सम्पूर्ण मानव र प्राणीजगत्लाई प्रेममयी भावले हेर्नु नै प्रेमवादी दर्शन हो ।

## २.११ साहित्यिक क्षेत्रमा प्रवेश

### २.११.१ लेखनका लागि प्रेरणा र आरम्भ

ब्रिटिस सैनिकमा प्रवेश गरेपछि हङकङमा कार्यरत रहँदा रिबुसालको एउटा कविता 'जन्मस्थलको नयाँ परदेशी' प्रकाशित भयो ।[१५] त्यही कविताबाट प्रेम रिबुसालको नेपाली साहित्यको यात्रा प्रारम्भ भयो । साहित्यका सम्पूर्ण विधाका प्रिय पाठक भए पनि उनको लेखनको विधा क्षेत्र कविता, गीत र कथा रहेको छ ।

नेपाली साहित्यमा आफ्नो स्थान सुरक्षित गर्ने राई ३/४ कक्षामा पढ्दाको कविता पाठको कण्ठस्थ गर्ने गृहकार्यबाट नै उनको साहित्यसँग साक्षात्कार भयो । यसरी आँखा

---

१४. ऐजन ।
१५. ऐजन ।

चिम्म गरेर गुरुको अगाडि पुस्तकमा भएका कविता वाचन गर्दा गर्दै कविताको लयस्वादन र त्यस्तै कविता लेख्न प्रेम रिबुसालको बालहृदयमा सल्बलाउन थाल्यो । कवि भूपि शेरचनको कविताशैलीबाट प्रभावित भएर कविता लेख्न प्रारम्भ गरे । यही नै राईको साहित्य प्रेरणाको स्रोत र प्रभाव हो ।

### २.११.२ प्रकाशित कृतिहरू

प्रेम रिबुसालले साहित्यका कविता विधाका कृतिहरू प्रकाशित गरेका छन् । उनका निम्न पुस्तकहरू प्रकाशित छन् :

(१) **लाहुरेका दौँतरी कविताहरू** (कविता सङ्ग्रह, वि.सं. २०५४)

(२) **लाहुरेका दौंतरी कविताहरू** (परिमार्जित संस्करण, वि.सं. २०५४)

(३) **याङ्जी र चराहरू** ( कथा सङ्ग्रह, वि.सं. २०६९)

(४) **अतृप्त यात्राका अनुभूतिहरू** ( निबन्ध सङ्ग्रह, वि.सं. २०७०)

त्यसै गरी उनका फुटकर कृतिका रूपमा धेरै कथा, कविता र गीत प्रकाशित छन् । रिबुसालको 'गुरुजुरको जन्म गाउँ' गीति क्यासेटमा उनका एकल गीत संयुक्त प्रकाशनमा छन् ।

### २.११.३ फुटकर लेख सिर्जनाहरू

सन् १९८५ मा **'पर्वते'** मासिक पत्रिकामा प्रकाशनका लागि उनले 'जन्मस्थलको नयाँ परदेशी' शीर्षकको कविता पठाएकोमा त्यो प्रकाशित नभएपछि कविता विधाबाट साहित्यमा प्रवेश गर्ने अठोटका साथ प्रेम रिबुसालको अर्को कविता सन् १९९५ मा रेडियो बि.एफ.बी. एस.बाट प्रसारण भयो ।[१६] उनी सेनाबाट अवकाश भएपछि नेपाल आए । त्यसबेला उनको साहित्यिक वातावरण राम्रो बन्यो । नेपालबाट प्राप्त हुने पत्रपत्रिकामा थुप्रै कविताहरू प्रकाशित गरे । प्रेम रिबुसालले कविताका अतिरिक्त विचारमूलक लेख, गीत, कथा, नियात्रा आदि प्रकाशित गरेका छन् । उनका अनुसार यस्ता लेखहरू प्रकाशित गरेका पत्रिकाहरू **स्वर्गिक सन्देश, प्रवासी वेदनाका आवाजहरू**, **सिलौती**, **किरात सन्देश**, **पर्वते, परदेशी बिम्ब, सीमाहिन बिम्ब** आदि हुन् । यसैगरी **सीमाहीन बिम्बहरू** 'अपार स्वर्ग मेरो

---

१६. ऐजन ।

गाउँ', 'मृत्यु' र 'जीवन' गरी ३ वटा कविता प्रकाशित छन्[१७] भने **परेदेशी बिम्बहरू** (२०६८/०६९) सामूहिक लेख, कथा, कविता सङ्ग्रहमा 'ओ ....... बुद्ध तिमी कहाँ छौ ?' कविता प्रकाशित गरेका छन् ।[१८] उनका प्रकाशित लेखहरू यसप्रकार छन् :

| क.सं. | शीर्षक | प्रकाशन स्रोत | विधा |
|---|---|---|---|
| १. | वर्ष स्वर्गयात्री युवाहरूको बाटो | स्वर्गिक सन्देश (२/१, २०६३) | लेख |
| २. | साङ्गठनिक प्रक्रिया र स्वरूपबारे केही जानकारी | स्वर्गिक सन्देश (३/१२, २०६५) | लेख |
| ३. | बहायी धर्मको एक सङ्क्षिप्त परिचय | स्वर्गिक सन्देश (१/५, २०६५) | लेख |
| ४. | सही संस्कारको पक्षमा संस्थागत जिम्मेवारी | स्वर्गिक सन्देश (१/३, २०६३) | लेख |
| ५. | प्रेमवाद | स्वर्गिक सन्देश (१/६, २०६२) | लेख |
| ६. | प्रेमवाद (दोस्रो) | स्वर्गिक सन्देश (१/७, २०६२) | लेख |
| ७. | प्रेमवाद (तेस्रो) | स्वर्गिक सन्देश (१/८, २०६२) | लेख |
| ८. | स्वर्गिक मार्गमा नारी योगदान र उनीहरूले खोज्नुपर्ने भविष्य | स्वर्गिक सन्देश (२/२, २०६३) | लेख |
| ९. | संस्कृतिलाई जडसूत्रीय चिन्तनको कैदी बनाउनु हुन्न | स्वर्गिक सन्देश (३/६, २०६४) | लेख |
| १०. | स्वर्गिक मार्गको ५४२ दिन र भावी खुड्किलाहरू | स्वर्गिक सन्देश (१/१२, २०६३) | लेख |
| ११. | जातले फुटाएकोलाई जुटाउने कडी हो एञ्जल | स्वर्गिक सन्देश (२/५, २०६३) | लेख |
| १२. | भौतिक विषयहरूमा मास्टर्स र आत्माका मुक्तिदाता परम गुरुज्यू | स्वर्गिक सन्देश (१/११, २०६३) | लेख |
| १३. | नयाँ मोडमा हामी र अबको अभियान | स्वर्गिक सन्देश (४/५, २०६५) | लेख |
| १४. | अभियान, आन्दोलन, क्रान्ति र हेभेन्ली पाथ | स्वर्गिक सन्देश (३/४-५, २०६४) | लेख |
| १५. | हेभेन्ली पाथको प्रचार मुक्तिको लागि हुनुपर्छ | स्वर्गिक सन्देश, (३/१, २०६४) | लेख |
| १६. | हेभेन्ली पाथमा जन्मोत्सव | स्वर्गिक सन्देश (२/१२, २०६४) | लेख |
| १७. | स्वर्गिक मार्गलाई नरुचाइनुका कारणहरू | स्वर्गिक सन्देश (२/७, २०३३) | लेख |
| १८. | जिल्लाहरूमा हेभेन्ली पाथको हालत | स्वर्गिक सन्देश (३/३, २०६४) | लेख |
| १९. | साथीविनाको सहयात्रा | स्वर्गिक सन्देश (२/२, ०६३/६४) | लेख |
| २०. | पैसा | स्वर्गिक सन्देश (२/२, २०६३) | कविता |
| २१. | एउटा अलौकिक राजा | स्वर्गिक सन्देश (१/१०, २०६२) | कविता |
| २२. | नोमेन्स लेन्ड पारिको देश | स्वर्गिक सन्देश (१/६, २०६२) | कविता |
| २३. | कञ्चनजङ्घा | स्वर्गिक सन्देश (१/५, २०६२) | कविता |
| २४. | मेरो खुसीको इतिहास | स्वर्गिक सन्देश (१/४, २०६२) | कविता |
| २५. | घाँस उठ | हेभेन्ली पाथ नेपाल, स्मारिका (२०६५) | कविता |
| २६. | ओ...बुद्ध तिमी कहाँ छौ ? | परदेशी बिम्ब (३/४-५, २०६८- | कविता |

१७. मिजास तेम्बे र नरेश काङमाङ, (सम्पा.) **सीमाहीन बिम्बहरू,** (बेलायतः ने.प.प्र., २०६३), पृ. २३ ।
१८. भीम 'विरही' राई र अन्य (सम्पा.) **परदेशी बिम्बहरू,** (भारत : वर्ष ४, अङ्क ३,४), पृ. ३१७ ।

| | | | |
|---|---|---|---|
| | | ०६९) | |
| २७. | सुप्रिम मास्टर गड्यान्जल ज्यू हेभेन्ली पाथको सत्य दर्शन बाँडिरहनुभएको छ | स्वर्गिक सन्देश (२/२, २०६३) | लेख |
| २८. | आधा ज्यान पुरा काम लालबहादुर राई संखुवासभा | स्वर्गिक सन्देश (३/१०-११, २०६४) | व्यक्तित्व चित्रण |
| २९. | बाटोमा जीवनको किताब लेख्ने पासाङ | स्वर्गिक सन्देश (६/१-५, २०६७) | व्यक्तित्व चित्रण |
| ३०. | कोहिनुर बनिन् युग परिवर्तनको कोसेढुङ्गा | स्वर्गिक सन्देश (१/४, २०६२) | व्यक्ति चित्रण |
| ३१. | डा. शिवकुमार राई (यु.एस.ए.) | स्वर्गिक सन्देश (४/८-११, २०६५-०६६) | अन्तर्वार्ता |
| ३२. | आचार्य श्यामानन्द | स्वर्गिक सन्देश (२/४, २०६३) | अन्तर्वार्ता |
| ३३. | ईश्वरदास नेम्बाङ | स्वर्गिक सन्देश (१/१, २०६२) | अन्तर्वार्ता |
| ३४. | सम्पूर्ण मान्छेको पवित्र ग्रन्थ निशुई | स्वर्गिक सन्देश (१/५, २०६२) | लेख |
| ३५. | निश्चल आँखामा नथुलाको सिँढी (पुस्तक परिचय) | स्वर्गिक सन्देश (१/४, २०६२) | लेख |
| ३६. | नयाँ शताब्दीलाई शुभकामना | प्रवासी वेदनाका आवाजहरू (१/२, सन् ....) | कविता |
| ३७ | कराँते खेलकी रानी मिता राई | स्वर्गिक सन्देश (४/६, ......) | व्यत्तित्व चित्रण |
| ३८. | गाउँ बिग्रियो नाति | निशावेन्ला चौमासिक (४/१०-१३, २०६९) | कथा |
| ३९. | साँघुरो परिधिभित्र महागुरु फाल्गुनन्द | स्वर्गिक सन्देश (१/६, २०६५) | लेख |
| ४०. | साथीको सम्झनामा उनकै जीवनकथा | सिलौती मासिक (२/१, २०६०) | लेख |
| ४१. | लखनेसको एक अविष्मरणीय यात्रा | सिलौती मासिक (१/६, २०६०) | नियात्रा |
| ४२. | ज्ञानेन्द्रराज राईले कसरी पायो वीरचक्र | सिलौती मासिक, २०५९/०६० | युद्धकथा |
| ४३. | के लेखौं के नलेखौं दुर्भाग्य संस्मरण | सिलौती मासिक (२०५४ जेठ) | संस्मरण |
| ४४. | मैले बुझेको किरात धर्म | किरात सन्देश (२०६१ बैशाख) | लेख |
| ४५. | राई समुदायमा चूल्होको स्थान | किरात सन्देश (२०५९ माघ) | लेख |
| ४६. | प्रतीक्षामा सर्वोच्चको माघ ११ को फैसला | तान्छोमा साप्ताहिक (२०५९ माघ) | लेख |
| ४७. | तीन अक्षर | पर्वते, १९८५ (जनवरी १०) | कविता |
| ४८. | सिपाहीलाई हेरेर | पर्वते (१९८५ मे ३०) | मुक्तक |
| ४९. | कसैको प्रतिउत्तरमा | पर्वते (सन् १९८७) | मुक्तक |
| ५०. | महिलालाई हेरी | पर्वते (सन् १९८७) | मुक्तक |
| ५१. | गाउँको फोटो हेरी | पर्वते (सन् १९८७) | मुक्तक |
| ५२. | आफ्नै कल्पना | पर्वते (सन् १९८८) | कविता |
| ५३. | दुई शब्द | पर्वते (सन् १९८८) | कविता |
| ५४. | उसको चाहनाप्रति | पर्वते (सन् १९८८) | कविता |
| ५५. | मानिसलाई हेरी | पर्वते (सन् १९८८) | मुक्तक |
| ५६. | दशैँ | पर्वते (सन् १९८८ | कविता |

| | | | |
|---|---|---|---|
| ५७. | बेलिजमा 7 GR | पर्वते (सन् १९९२) | व्यङ्ग्य कविता |
| ५८. | जेठो चाड माघे सक्रान्ति, एक चर्चा | पर्वते (सन् १९९३) | लेख |
| ५९.. | साथीलाई पत्र | पर्वते (सन् २००२) | कविता |
| ६०. | जुत्ता भई हिँडिरहेँ | पर्वते (सन् २००१) | गीत |
| ६१. | गार्ड र सहर | पर्वते (सन् २००१) | कविता |
| ६२. | तिमीसँगै जीवन रैछ | निर्वाणिक भजन सङ्ग्रह (वि.सं. २०६८) | भजनगीत |
| ६३. | क्षमा गर | निर्वाणिक भजन सङ्ग्रह (२०६८) | भजनगीत |
| ६४. | आऊ अन्तिम पटक | निर्वाणिक भजन सङ्ग्रह (२०६८) | भजनगीत |
| ६५. | खै कहाँ छ शान्ति | निर्वाणिक भजन सङ्ग्रह (२०६८) | भजनगीत |
| ६६. | ब्युँझ ब्युँझ | निर्वाणिक भजन सङ्ग्रह (२०६८) | भजनगीत |
| ६७. | यात्रीको घर | निर्वाणिक भजन सङ्ग्रह (२०६८) | भजनगीत |
| ६८. | यो खेल तपाईंकै | निर्वाणिक भजन सङ्ग्रह (२०६८) | भजनगीत |
| ६९. | वर पीपल जोडी | निर्वाणिक भजन सङ्ग्रह (२०६८) | भजनगीत |
| ७० | हामी साना स्वर्गयात्री | निर्वाणिक भजन सङ्ग्रह (२०६८) | भजनगीत |

# तेस्रो परिच्छेद

# प्रेम रिबुसालको व्यक्तित्व

## ३.१ परिचय

प्रेम रिबुसाल साधारण परिवारमा जन्मे पनि आफ्नो भाग्य र भविष्यलाई विभिन्न चुनौती र अवसरमा समायोजन गर्दै सफल र सचेत नागरिकको रूपमा आफूलाई अघि बढाएका हुन् । लाहुरे नभए समाजसेवी हुन्थेँ[१] भन्ने प्रेम रिबुसाल समाजसेवी पनि भएका छन् । सुखमा पुग्ने पथ निश्चय नै दुःख हो र सफलतामा पुग्ने बाटो सङ्घर्षनै हो भन्ने कुरा उनका जीवनका अनेक पृष्ठहरूले पुष्टि गरेको छ । दुःख सङ्घर्षका कर्मशील दस्तावेज तथा समाज सेवाको तीव्र चाहनाले विभिन्न सङ्घसंस्थामा संलग्नता अनि कवि हृदयका मिजासिलो शब्द विन्यासले भरिएको मर्मस्पर्शी साहित्यिक सृजनाहरू यिनैबाट प्रेम रिबुसालको बहुमुखी व्यक्तित्व थाहा पाउन सकिन्छ । समाजमा छुट्टै किसिमको बौद्धिक दर्शन स्थापित गर्दै र अनुशरण गर्दै समाजलाई तीव्र रूपमा आधुनिक परम्परातर्फ डोऱ्याउने काम गरेको छ । अन्धविश्वासका धरोहरलाई चिर्दै सत्यमा आधारित आधुनिकताका केही झलक समाजसामु स्थापित गर्ने कार्यमा संलग्न रहेको पाइन्छ ।

## ३.२ शारीरिक व्यक्तित्व

गहुँगोरो किराती अनुहार, पातलो फुर्तिलो जिउडाल, पाँच फिट नौ इन्च अग्लिएको मानव उचाइ, सकुशल हातखुट्टा, चौडा छाती, चिम्सा आँखा र विश्वासिलो भरोसा भएका व्यक्तिलाई आजभन्दा ३० वर्ष अगाडि सन् १९८२ मा धरान भर्ती केन्द्रबाट ब्रिटिसले छामेर लगेका थिए ।[२] सम्पूर्ण रूपरङ्ग उही हो । अहिले उमेर र विभिन्न व्यक्तित्व सुहाउँदो ठीक शरीर मोटाएको छ । नारीको रोजाइमा लाहुरेभन्दा पनि पुरुष सुलभ रूप सौन्दर्य बढी सुन्दर र आकर्षक हुन सक्छ । हरेक पोशाकमा खुल्ने प्रेम रिबुसालको शारीरिक व्यक्तित्वमा खोट लगाउने कुनै ठाउँ छैन ।

---

१. प्रेम रिबुसालसँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

२. ऐजन ।

### ३.३ व्यक्तित्वका विभिन्न पाटाहरू

कुनै पनि मानिसको व्यक्तित्व उसका जीवनको उतारचढाव, क्रिया प्रक्रिया र जीवन भोगाइमा विभेद गर्दछ । व्यक्तिको व्यक्तित्व निर्माणमा उसको पारीवारिक, सांस्कृतिक, आर्थिक एवम् राजनीतिक पृष्ठभूमिले निर्णायक भूमिका खेलेको हुन्छ । यिनका अतिरिक्त शिक्षा-दीक्षा, पेसा र जीवन प्रतिको दृष्टिकोण पनि व्यक्तित्व निर्माणमा सहायक हुन्छ । यिनै कुराका आधारमा हेर्दा रिबुसालको व्यक्तित्व विभिन्न पाटाहरू देखा पर्दछन् । तिनलाई यहाँ क्रमशः विवेचना गरिएको छ ।

#### ३.३.१ साहित्यिक व्यक्तित्व

##### ३.३.१.१. कवि व्यक्तित्व

कविता विधाबाटै साहित्य यात्रा शुभारम्भ गरेका प्रेम रिबुसालका दुई कविता सङ्ग्रहहरू प्रकाशित भएका छन् । वि.सं. २०५४ मा प्रकाशित **लाहुरेका दौँतरी कविताहरू** ४९ वटा कविताहरूको सङ्गालो भएको उनको पहिलो कविता कृति हो । यसपछि १८ वटा कविताहरू थप गरी अर्को परिमार्जित कविता सङ्ग्रह **लाहुरेका दौँतरी कविताहरू** (वि.सं. २०६८) प्रकाशित गरे । यसका साथै विभिन्न पत्रपत्रिकामा २ दर्जन जति फुटकर रूपमा कविताहरू प्रकाशित छन् । यसरी हेर्दा ९१ वटा कविताहरू प्रकाशित छन् । यसबाट प्रेम रिबुसालको कवि व्यक्तित्व निर्धारण गर्न सकिन्छ । यी दुई कविता सङ्ग्रहहरूको विश्लेषणका रूपमा थप चर्चा गरिन्छ ।

##### ३.३.१.२ कथाकार व्यक्तित्व

प्रेम रिबुसालले थोरै मात्र कथा लेखेका छन् । गद्य लेखनको यात्रामा उनले बालसुलभ कथाले भरिपूर्ण कथाहरू लेखेर कथाकार व्यक्तित्व स्थापित गरेका छन् । उनका कथाहरूलाई हेर्दा समाजमा भएका जीवन जगत्का यथार्थ कुराहरूलाई प्रस्तुत गरिएको पाइन्छ । कथा सङ्ग्रह **याङ्जी र चराहरू** (२०६९) मार्फत् कथा लेखनमा प्रवेश गरेका रिबुसालले कथा विधामा पनि सशक्त उपस्थिति देखाएका छन् ।[३] किशोर उमेरका बालबालिकाहरूका लागि कुनै पनि कार्यप्रति डटेर लाग्नुपर्दछ सफलता हात पार्नका निम्ति

---

३. ऐजन ।

मेहनत, परिश्रम गर्नुपर्दछ भन्ने मूल सन्देश दिने लेखन यिनका कथामा पाइन्छ । यस्ता बालसुलभ बौद्धिकतामा सकारात्मक प्रभाव पार्ने कथाहरू लगभग ३२ वटा सङ्ग्रहित छन् । रिबुसालका यी कथाहरूको व्याख्या कृतिहरूको विश्लेषणका क्रममा प्रष्ट पार्न सकिन्छ ।

### ३.३.१.३ गीतकार व्यक्तित्व

कविता र कथामा प्रसिद्धि पाएका रिबुसालले धेरै गीत लेखेको बताए पनि गीतिसङ्ग्रह भने हालसम्म प्रकाशित भएको छैन । विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित फुटकर गीतहरू मात्र प्राप्त छन् । त्यस्तै उनका 'नयाँ शताब्दीलाई शुभकामना', **प्रवासी वेदना आवाज** (सन् २०००), 'जुत्ता भई हिँडिरहेँ' (**पर्वते,** सन् २००१), 'हावा सधैँ बहन्छ', जस्ता गीतहरू प्रकाशित भएका देखिन्छन् । पुस्तकाकार कृतिका रूपमा भने कुनै गीतिसङ्ग्रह प्रकाशित भएको देखिँदैन ।

### ३.३.१.४ निबन्धकार व्यक्तित्व

२०६४ सालमा पहिलो पटक 'मयुम, चिमाल र हाम्रो यात्रा' शीर्षकको यात्रा संस्मरणात्मक निबन्ध **स्वर्गिक सन्देश** पत्रिकामा प्रकाशित भएपछि प्रेम रिबुसालको निबन्ध लेखनयात्रा आरम्भ भएको हो । आफ्नो जीवनका जागिरे दिनहरूमा र फुर्सदको समयमा स्वदेश र विदेश भ्रमण गरेका रिबुसालका **अतृप्त यात्राका अनुभूति** (२०७०) यात्रा संस्मरणात्मक निबन्धसङ्ग्रह प्रकाशित गरेका छन् । नेपाली नियात्रा लेखनको क्षेत्रमा भने प्रेम रिबुसालको कलम निकै आशालाग्दो देखिएको छ ।[४] अत्यन्त सरल शैली, मिठासपूर्ण भाषाशैली, घटनाहरू तथा नौला अनुभवहरूलाई इमान्दारीसाथ प्रस्तुत गर्ने शैलीले रिबुसालका निबन्धहरू सबै पाठकका लागि उत्तिकै महŒवपूर्ण रहेका छन् ।

४. प्रा.डा. खगेन्द्रप्रसाद लुइटेल, 'यात्रानुभूतिको जीवन्त प्रस्तुति', प्रेम रिबुसाल, **अतृप्त यात्राका अनुभूति,** (काठमाडौँ : मिर्मिर प्रकाशन समूह, २०७०) ।

## ३.३.२ साहित्येतर व्यक्तित्व

### ३.३.२.१ सम्पादक व्यक्तित्व

प्रेम रिबुसाल ब्रिटिस सैनिक जीवनमा कार्यरत रहँदा सम्पादक कार्य गरे । हङकङमा सैनिक जीवनका सम्पूर्ण परिवारलाई आफ्ना नेपाली दाजुभाइ/दिदीबहिनीहरूको यथार्थ हालखबर जानकारी गराउनका निम्ति **'प्रवासी कलम'**, **'फ्यामिली'**, **'बुलेटिन'** जस्ता पत्रपत्रिकाहरू सम्पादन गरे । नेपाल फर्किएपछि पनि **हेभेन्ली पाथ नेपालको स्मारिका २०६५** को सहसम्पादनको जिम्मेवारी निर्वाह गरे । यस आधारमा उनको अर्को सम्पादक व्यक्तित्वको पनि पहिचान हुन्छ ।

### ३.३.२.२ जागिरे व्यक्तित्व

प्रेम रिबुसाल सन् १९८२ देखि सन् २००१ सम्म ब्रिटिस सैनिक सेवामा कार्यरत रहे ।[५] उनको कर्मक्षेत्र हङकङ थियो । हङकङमा ९९ वर्षका लागि ब्रिटिस उपनिवेश कायम थियो । अवधि पूरा भएपछि सन् १९९७ मा हङकङ स्वतन्त्र हुने निश्चित थियो जसले गर्दा ब्रिटिसले गोरखा सैनिक कार्य अवधिभर कार्यभार जिम्मेवारी पूरा गरेका रिबुसाललाई पनि ब्रिटिस गोरखा सैनिक गोरखा पल्टनबाट अवकाश दिए । अनुशासन र मर्यादालाई पालना गर्ने राईले सन् २००१ मा निवृत्तिभरण प्राप्त गरी अवकाश लिएका छन् ।

### ३.३.२.३ संस्थापक व्यक्तित्व

प्रेम रिबुसालले विभिन्न सङ्घसंस्थाको स्थापना तथा नेतृत्व गरेका छन् । उनका निम्न उल्लेखित संस्थागत योगदानका आधारमा उनको संस्थापक व्यक्तित्व प्रष्ट हुन्छ :[६]

१. संस्थापक सदस्य - ब्रिटिस गोरखा एकेडेमी नेपाल (वि.सं. २०५८-२०७०)

२. सहसचिव - बिटिस गोरखा अध्ययन अनुसन्धान केन्द्र नेपाल (वि.सं. २०५९-०६१)

३. महासचिव - हेभेन्ली/निर्वाणा पाथ नेपाल (वि.सं. २०६१-०७०)

४. संस्थापक - निर्वाणा कलाकेन्द्र नेपाल (२०६८-०७०)

---

५. प्रेम रिबुसालसँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

६. ऐजन ।

५. व्यवस्थापक - निर्वाणिक मिडिया सेन्टर, नेपाल (२०६८-०७०)

६. उपाध्यक्ष - लभिज्म सोसाइटी नेपाल (वि.सं. २०६९-०७०)

रिबुसालले संस्थापक तथा नेतृत्व गर्नुका साथै नेपाली साहित्य समजको हित र उत्थानका लागि विभिन्न संस्थाहरू नेपालीहरूसँग मिलेर स्थापना गरेका छन् । त्यसैले उनी संस्थापक व्यक्तित्वका रूपमा पनि चिनिन्छन् ।

### ३.३.२.४ सल्लाहकार व्यक्तित्व

प्रेम रिबुसालले संस्था स्थापना तथा नेतृत्व गर्नुका साथै हेभेन्ली/निर्वाणा पाथ नारी तथा युवा नेपालको सल्लाहकारको भूमिका पनि निर्वाह गरेका छन् । त्यसैले उनलाई सल्लाहकार व्यक्तित्वका रूपमा पनि हेर्नुपर्ने देखिन्छ ।

### ३.३.२.५ समाजसेवी व्यक्तित्व

प्रेम रिबुसाल मान्छेलाई दुःख पर्दा सहयोग गर्नुपर्छ भन्ने उच्च मानवीय भावना भएका व्यक्ति हुन् । जुनसुकै क्षेत्रमा रहेका साना तथा ठूला सम्पूर्ण मानिसहरूलाई सहयोगी व्यवहार गर्नुपर्दछ । सानालाई माया गरे भोलि सोही साना व्यक्ति ठूला र विश्वासिला बन्न सक्छन् भन्ने निस्वार्थी भावना पनि उनमा पाइन्छ । त्यसैले धर्म, संस्कार, दर्शन आदिलाई समाजले मन पराए अनुसार ग्रहण गर्न पाउनु पर्दछ भन्ने विचार बोकेका रिबुसाल आफै पनि हेभेन्ली/निर्वाणा पाथप्रति अटल विश्वास राख्ने व्यक्ति हुन् । यिनै कार्यहरूका आधारमा बाँकी जीवन समाज सेवामा पेन्सन पकाउने उनको अठोट रहेको छ । यसले उनलाई समाजसेवी व्यक्तित्वका रूपमा हेर्न सकिन्छ ।

## ३.४ जीवनी, व्यक्तित्व र कृतित्वबीच अन्तर्सम्बन्ध

प्रेम रिबुसाल भोजपुरको खार्तम्छा गा.वि.स. सिक्तेलटार मा जन्मे र त्यहीँ हुर्के । कर्मयात्रा खोज्ने क्रममा ब्रिटिस गोरखा सैनिक भई हङकङमा पुगे । सैन्य कर्तव्यको सिलसिलामा एक दर्जन भन्दा बढी देशहरूमा जाने सौभाग्य पनि प्राप्त भयो । उनी निवृत्त हुनुभन्दा अगाडि नै ब्रिटिस सरकारको सैनिक पेसाबाट पूर्ण अवकाश भए ।

पराई देशको सुरक्षार्थ खट्नुपर्दाको पीडा र चेतना आफ्नो देशप्रतिको प्रेम भावना अनि जीवन जिउनु पर्ने आफ्नो विवशता र बाध्यताले यहींभित्र रहेर प्रेम रिबुसालले साहित्य साधना गरेका छन् । उनी जहाँ गए पनि आफ्नै देश, भाषा, संस्कृतिको पक्षमा रहेका छन् । उनका **लाहुरेका दौँतरी कविताहरू** (२०५४) र परिमार्जित कविता सङ्ग्रह **लाहुरेका दौँतरी कविताहरू** (२०६८) पनि सैन्य सेवामा कार्यरत रहँदाको उपलब्धि कृति हो । नेपाल फर्किएपछि पनि उनी ब्रिटिस नेपाली एकता र पहिचानका लागि हितका लागि विभिन्न सङ्घसंस्थामा आबद्ध भई महŒवपूर्ण भूमिका निर्वाह गरिरहेका छन् । **याङजी र चराहरू** (२०६९) कथासङ्ग्रह नेपाल बसाइकै उपलब्धि हो भने **अतृप्त यात्राका अनुभूति** (२०७०) निबन्ध सङ्ग्रह सैन्य जीवनको व्यस्त समय र स्वतन्त्र हुँदाका समयका बीचमा स्वदेश तथा विदेशका विभिन्न ठाउँहरूको प्रत्यक्ष अवलोकनलाई वस्तुनिष्ठ ढङ्गबाट प्रस्तुत गरेको पाइन्छ ।

साहित्य र समाजसेवाका अतिरिक्त उनको सक्रियता खेलक्षेत्रमा पनि देखिन्छ । व्यावसायिक रूपमा नभए पनि पौडी, ब्याडमिन्टन, तेक्वान्दो, एथ्लेटिक्स आदि खेलहरूमा उनको सहभागिता र सक्रियता रहेको देखिन्छ ।

यसरी हेर्दा प्रेम रिबुसालको जीवन यात्राको सङ्घर्षले उनको व्यक्तित्व निर्माण गर्दै लगेको देखिन्छ । उनको यही जीवनयात्राको अनभूतिहरू साहित्यमार्फत प्रस्फुटित भइरहेका छन् । देश र समाजका हितका लागि उनी विभिन्न सामाजिक सङ्घसंस्थामा आबद्ध भएका छन् । यो उनको व्यक्तित्वको बहुआयामिकताको प्रतिबिम्ब हो । त्यसैले प्रेम रिबुसालको जीवनी, व्यक्तित्व र कृतित्वबीच यस्तो अन्तर्सम्बन्ध रहेको छ ।

## चौथो परिच्छेद

# प्रेम रिबुसालको साहित्ययात्रा

### ४.१ परिचय

प्रेम रिबुसालको सन् १९८५ मा **पर्वते** मासिक पत्रिका हङकङबाट कविता प्रकाशित भएपछि नेपाली साहित्यमा परिचित भए । आज आएर उनी नेपाली साहित्यमा सशक्त छन् । प्रेम रिबुसालको साहित्य यात्रालाई दुई चरणमा विभाजन गर्न सकिन्छ :

१. पहिलो चरण : प्रारम्भदेखि वि.सं. २०५४ सम्म

२. दोस्रो चरण : वि.सं. २०५५ देखि २०७० सम्म

#### ४.१.१ पहिलो चरण (प्रारम्भदेखि - वि.सं. २०५४)

प्रेम रिबुसालले प्राथमिक विद्यालय पढ्दादेखि नै साहित्यमा रुचि देखाएको देखिन्छ । कवि भूपि शेरचनका कविता शैलीबाट प्रभावित भएर कविता लेखन प्रारम्भ गरे । विशेषगरी सैन्य सेवामा रहँदा परदेशी जीवनको एक्लो अनुभव र विश्व परिवेशको बदलिँदो समयलाई भावनात्मक मूल्याङ्कन गर्दै कविताका माध्यमबाट साहित्य लेखनतर्फ प्रेरित भएका हुन् । यसरी साहित्य लेखनको क्षेत्रमा प्रेम रिबुसाल राईलाई कविताको लयले छुन थाल्यो । फलस्वरूप कविता लेखनकै क्रममा **लाहुरेका दौँतरी कविताहरू** (वि.सं. २०५४) मा प्रकाशित गरेका हुन् ।[१]

प्रेम रिबुसालको ३/४ कक्षामा पढ्दाको बालरहरले जगाएको कवि बन्ने आकाङ्क्षा उनी लाहुरे भई हङकङमा सेवारत हुँदा सन् १९८५ मा **पर्वते** मासिक पत्रिकामा प्रकाशित भएपछि पूरा भयो । त्यसपछि उनले 'प्रीत नदिए हुन्छ' भन्ने कविता लेख र त्यो बि.एफ.बि.एस. रेडियोबाट प्रसारण भयो । यसरी उनले कविता विधाबाट नेपाली साहित्यमा आफ्नो उपस्थिति जनाएका छन् ।

सैनिक जीवन निश्चय पनि स्वतन्त्र हुन्न, आदेश र अनुशासनमा सीमाबद्ध हुनुपर्दछ । प्रेम रिबुसालले सैनिक जीवन व्यतीत गर्दा साहित्यमा उल्लेख्य प्रगति गरेको

---

१. ऐजन ।

देखिँदैन । सन् २००१ मा अवकाश भएपछि तत्कालै उनी नेपाल फर्केर आए । सैनिक जीवनभन्दा नेपालमा नै स्वतन्त्र अनुभव भयो र विभिन्न नेपाली साहित्यप्रेमी कलाकारहरूसँग भेट भयो जसको फलस्वरूप साहित्य रचनातर्फ उनको ध्यानाकर्षण भयो । ब्रिटिस गोरखा एकेडेमी, निर्वाणिक कलाकेन्द्र जस्ता सङ्घसंस्था स्थापना गरी विभिन्न साहित्यिक कार्यक्रम गर्ने क्रममा प्रेम रिबुसालले साहित्यिक दृष्टिकोणले वातावरण प्राप्त गरे । उनको अवकाशप्राप्त लाहुरे जीवन साहित्यिक दृष्टिकोणले अत्यन्त महŒवपूर्ण छ । उनले आफ्नै कविता सङ्ग्रह **लाहुरेका दौँतरी कविताहरू** (२०५४) ले साहित्यलाई सशक्तीकरणको मार्गतिर डोऱ्यायो भनी उल्लेख गरेका छन् ।[२]

प्रथम चरण प्रेम रिबुसालको साहित्ययात्राको पृष्ठभूमि निर्माण वा अभ्यासकाल हो । यस चरणमा उनले मुख्य गरेर कविताहरू नै सिर्जना गरेका छन् । कविता विधामा 'दुई शब्द' (**पर्वते,** २०४५), 'आफ्नै कल्पना' (**पर्वते,** २०४५),'उसको चाहनाप्रति'(**पर्वते,** २०४५), 'दशैँ' (**पर्वते,** २०४५), 'बेलिजमा 7GR' (**पर्वते,** २०४९) आदि कविताहरू प्रकाशित भएको पाइन्छ । उनको लेखन प्रकाशनलाई राईले हङकङको परदेशी जीवनमा आफ्ना पूर्व कल्पित अनुभूतिहरूलाई समेट्दै तितामिठा भावना व्यक्त गरेको पाइन्छ ।

### ४.१.२ **दोस्रो चरण (वि.सं.२०५५- २०७० सम्म)**

प्रेम रिबुसालको साहित्य यात्राको यो चरण मुख्य चरण हो । यही समयदेखि नै उनी साहित्यिक फाँटमा चर्चित हुन पुगेका हुन् । यस चरणमा उनले सबैभन्दा बढी फुटकर कविता प्रकाशन गरेका छन् । विभिन्न पत्रिकाहरूमा लेख, कविता, गीत, कथा समेत प्रकाशन गरेका हुन् । फुटकर कविताहरू 'पैसा' (**स्वर्गिक सन्देश,** २०६३), 'एउटा अलौकिक राजा' (**स्वर्गिक सन्देश,** २०६३), 'नो मेन्स लेन्ड पारिको मेरो देश'(**स्वर्गिक सन्देश,** २०६२), 'मेरो खुसीको इतिहास' (**स्वर्गिक सन्देश,** २०६२), 'घाँस उठ' (**हेभेन्ली पाथ नेपाल स्मारिका २०६५),** 'ओ...बुद्ध तिमी कहाँ छौ ?'(**परदेशी बिम्ब,** २०६८) आदि छन् । सामान्यतया उनका यी फुटकर रचनाहरू समाजवादी धारणाले ओतप्रोत देखिन्छ । यसका अतिरिक्त समसामयिक विषयवस्तुलाई पनि उनले समेटेका छन् ।

---

२. प्रेम रिबुसाल, **लाहुरेका दौँतरी कविताहरू,** (काठमाडौँ : नेपाल ने.प्र.प्र, २०५४) पृष्ठ ८३ ।

रिबुसाल आफ्ना रचनाहरूमा आफ्ना विचार दर्शनलाई समाजसामु प्रष्ट पार्न सफल छन् । प्रेमवादी भावनाले मात्र समाजलाई अगाडि बढाउन प्रेरणा मिल्दछ भन्दै शान्तिका लागि पुकारा गरेको पाइन्छ । स्वर्गमा शान्ति पाउन प्रेममयी वातावरण र आपसी भाइचारा, बन्धुत्व, कायम राख्नुपर्छ भन्ने धारणा उनका रचनाहरूमा पाइन्छ । यस चरणमा **पर्वते**, **सिलौती** आदि पत्रिकाहरूमा नियात्रा, गीत, कविता पनि प्रकाशित गरेका छन् । नियात्रा 'के लेखौँ के नलेखौँ दुर्भाग्य संस्मरण' (**छहरा** साप्ताहिक, २०५४) आदि फुटकर कृतिहरू प्रकाशित भएको पाइएको छ ।

प्रेम रिबुसालले आफ्नो साहित्य यात्राको यस चरणमा **लाहुरेका दौँतरी कविताहरू** (२०६८) थप १८ वटा कविताहरूको परिमार्जित सङ्ग्रह प्रकाशित गरेका छन् । राईले सैनिक जीवनका विभिन्न भोगाइहरूलाई कवितामा व्यक्त गरेका छन् । कतिपय नेपालीहरूले भोगिरहेका विदेशी यातना र श्रमशील युवाशक्ति विदेसिन परेको र ती उर्जाशील श्रमशक्ति विदेश निर्माणमा प्रयोग भएको सामाजिक यथार्थतालाई समावेश गरेका कविताहरूले जनाएका छन् । कवितायात्रामा सार्थक र सफल उपस्थिति पश्चात् प्रेम रिबुसालले साहित्यको अर्को विधा कथामा समेत आफ्नो सान्दर्भिक उपस्थिति जनाए । पद्यबाट गद्यमा प्रवेश गरे । प्रेम रिबुसालका कथा वा गद्य लेखनले साहित्यका क्षेत्रमा बलियो आधार प्रदान गरेका छन् । कथा सङ्ग्रह **याङ्जी र चराहरू** मा अबोध र अज्ञानतामा पाइला चाल्ने यात्रीहरू अनायसै पछाडि पर्न सक्दछ । सफलता र सक्षमताको यथार्थ धरातलमा खडा हुनका निम्ति सचेत भएर अगाढि बढ्नु पर्दछ भन्ने सन्देशमूलक धारणा प्रदान गर्नुका साथै समाजमा फैलिएका विसङ्गत र विकृतिपूर्ण अवस्था हटाउन एउटा घरको एकै व्यक्तिबाट समाज सुधारोन्मुख उन्नतिशील कार्य गर्न सकिन्छ र समाजका असत् पक्षमा लाग्ने खराब नियतका व्यक्तिहरू सामुन्नेमा सत्चरित्र स्थापना गर्न सक्नुपर्दछ जसले समाज, देश र राष्ट्रको उन्नतितर्फ अग्रसर हुन आह्वान गरेका छन् ।

प्रेम रिबुसालको कविता र कथा यात्रामा सार्थक र सफल उपस्थिति पश्चात् अर्को विधा निबन्धमा समेत आफ्नो सान्दर्भिक उपस्थिति जनाए । रिबुसालका निबन्ध वा गद्य लेखनले नै दोस्रो चरणको आरम्भ र सीमा निर्धारण गरेको हो । यस चरणमा **अतृप्त यात्राका अनुभूति** (२०७०) एक यात्रा संस्मरणात्मक निबन्ध सङ्ग्रह प्रकाशित गरेका छन् । यस कृतिमा संस्मरणको बहुलता रहेको छ । यस कृतिमा स्वदेश र विदेशको गरी दुई

भागमा विभाजित संस्मरणहरूमा स्वदेश अन्तर्गत नेपालका पूर्वी पहाडी जिल्लाहरू र विदेश अन्तर्गत ब्रिटेन, सिङ्गापुर, बेलिज, सिक्किम, पेरिस आदि विभिन्न ठाउँहरूको भ्रमणमा भएका घटनाहरूको संस्मरणहरूलाई प्रस्तुत गरेका छन् ।

## ४.२ निष्कर्ष

भोजपुरमा जन्मेका प्रेम रिबुसाल गाउँकै स्कुलमा अध्ययनरत हुँदा आफ्नो साहित्यिक यात्रा प्रारम्भ गरी ब्रिटिस गोरखा सैनिक भई हङकङमा कार्यरत हुँदा बि.एफ.बि.एस. कार्यक्रमबाट कविता प्रसारण भएपछि सार्वजनिक भए । अवकाश पश्चात् आफ्नै जन्मभूमि नेपाल बस्दा उनले आफ्नो साहित्य यात्रालाई सफल बनाए । साहित्ययात्राका चरण निर्धारण गर्ने कृतिहरू नेपालमा बस्दाकै उपलब्धि हुन् ।

# पाँचौं परिच्छेद

# प्रेम रिबुसालका कृतिहरूको विश्लेषण

## ५.१ लाहुरेका दौँतरी कविताहरू  कविता सङ्ग्रहको विश्लेषण

### ५.१.१ परिचय

प्रेम रिबुसालको **लाहुरेका दौँतरी कविताहरू** कवितासङ्ग्रह वि.सं. २०५४ मा प्रकाशित भएको हो । यस सङ्ग्रहमा किरण राई र परशु राईको समालोचनात्मक भूमिका रहेको छ । यस कवितासङ्ग्रहमा ४९ वटा कविता सङ्गृहीत छन् । यस सङ्ग्रहका कविताहरूलाई केही परिमार्जित गरी थप १८ वटा कविताहरू समेटी वि.सं. २०६८ सालमा उनले परिमार्जित संस्करणका रूपमा यस सङ्ग्रहलाई पुनः प्रकाशित गरेका छन् । यस सङ्ग्रहमा १२ पङ्क्तिको 'युग' देखि ८९ पङ्क्तिको 'हङकङलाई बिदाइ सन्देश' गरी केही छोटा र केही लामा आकारका कविताहरू समाविष्ट छन् । कविताहरूका शीर्षक एक शब्द 'युग' देखि पाँच शब्दसम्मको 'भोलि मेरो घरमा टुकी निभ्नेछ' रहेका छन् । जम्मा ८३ पृष्ठको यस सङ्ग्रहको अन्तमा शुभेच्छुक र साथीहरूका शुभेच्छा र २०५४ को संस्करणमा छापिएको कवितासङ्ग्रहबारे  विभिन्न पत्रपत्रिकामा प्रकाशित समीक्षाहरू राखिएका छन् । यहाँ कवितासङ्ग्रहहरूको समग्र विश्लेषण गरिन्छ । कविताहरूको विश्लेषणका लागि खगेन्द्रप्रसाद लुइटेलको **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** शीर्षकको प्रस्तुत संरचनात्मक पद्धतिलाई आधार बनाइएको छ ।

### ५.१.२ मूलभाव/वस्तु

सिर्जना अस्तित्वमा आउनका लागि कुनै न कुनै वस्तु ग्रहण गरिएको हुन्छ । यही वस्तुमा भाव, सन्देश, विषयवस्तुलाई बाँधिएको हुन्छ ।  कृतिमा बाह्य प्रकाशनको सारभूत अंश वा सारतŒव तथा आन्तरिक सत्य वा गुदीलाई वस्तु भनिन्छ ।[1] प्रेम रिबुसाल पेसाले ब्रिटिस सैनिक हुन् । यस सङ्ग्रहका कविताभित्र राईले तिनै लाहुरे जीवन र पेसाको विभिन्न पक्ष, घटना, लाहुरेको इतिहास आदिलाई विषयवस्तु बनाउनुका साथै राष्ट्रियता, राजनीति,

---

१. खगेन्द्रप्रसाद लुइटेल, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास,** (काठमाडौं : ने.रा.प्र.प्र., २०६०) पृ. ७७ ।

गाउँले जीवन, प्रेम, गरिबी, शोषण, दुःख, पीडा आदिलाई विषय बनाएका छन् । कवि प्रेम रिबुसालका ६७ वटा कविताहरूमा 'ब्युँझ सबै', 'जुटौँ हामी', 'मान्छेले मान्छे खान्छ', 'युग परिवर्तन', 'भोलि मेरो घरमा टुकी निभ्नेछ', 'धार्मिक साम्राज्य भित्रका सन्तानहरू', 'जन्मस्थलको नयाँ परदेशी', 'जिन्दगी जिउन पाएनौँ', 'प्रीत नदिए हुन्छ', 'लाहुरेसँग बाँचेको इतिहास', 'प्रतिबिम्ब', 'हुकुम मान्दा', 'मेरो देशको भविष्य', 'युग', झुक्दछ शिर सगरमाथाको', 'आमाको सुरक्षा', 'मसँग मेरो देश', 'प्रश्न ढुङ्गाका देवताहरूलाई', सद्दामलाई दुई शब्द', 'खोई शान्ति ?', 'हङकङलाई विदाइ सन्देश', 'प्रजातन्त्र' शीर्षकका कविताहरू रहेका छन् । यी कविताहरूमा सैन्य जीवन तथा गोरखाली इतिहासको दुःख, पीडा, वेदना, अस्तित्व, पराईको गुलामी गर्नुपर्दाको हीनताबोध, स्वाभिमान, डायास्पोरिक वेदना आदि छन् । नेपाली माटोमा जन्मेर हुर्केका नेपाली ठिटाहरूका लाहुरे हुने रहर, लाहुरे भएपछि त्यस कार्यमा खप्नपर्ने पीडा, वेदना र त्यसपछिको जीवनचेतना विकास हुँदै गएपछिको पराइको सुरक्षार्थ खटिनुपर्दाको हीनताबोध र धेरै समयपछि घर फर्कंदा बिरानो परदेशी जन्मस्थल आफ्नो मातृभूमिप्रति प्रगाढ माया, ममता आदिको प्रस्तुति गरिएको छ । यसलाई पुष्टि गर्ने रिबुसालका कविताको केही अंश यस प्रकार रहेका छन् :

पुर्खाको रगतले लेखिएको इतिहास पनि
पौराणिक दन्त्यकथा भएछ ।
त्यै पाइला पन्छाउँदै लम्किएको म
आफ्नै परिचय पाउन बाँकी रहेछ ।
दिन-रात, साँझ र बिहानसँग
धेरै वर्ष बाहिरै बितिसकेछ
भोको पेटको सङ्घर्षगर्दागर्दै नयाँ परदेशी भइसकिएछ ।
मप्रतिको आफ्नो आमा-बाबुको माया
अब त नाति नातिनीप्रति ढल्किसेछन् ।
उनको र मेरो लज्जालु नजरहरू पनि,
मखमली फूलझैँ ...... बनिसकेछ ।
बुढापाकाको कपालले
हिउँको आभाष दिँदो रहेछ ।
रात दिन पसिना बगाउँदा बगाउँदै बाहिरै

जन्मस्थलको नयाँ परदेशी भइसकिएछ ।

(जन्मस्थलको नयाँ परदेशी, पृ. ३५)

प्रेम रिबुसालका कवितामा आप्रवासी जीवनको बिम्ब पनि पाइन्छ । 'बुल्डग', 'यु.के. मौन छ', 'सद्दामलाई दुई शब्द', 'सम्झौता', 'मेरो गाउँ', 'कलमवीर', 'झुक्दछ शिर सगरमाथाको' जस्ता कविताहरूमा ब्रुनई, हङकङ रहँदाका डायास्पोरिक जीवन भोगाइका पीडा चेतनालाई विषय बनाइएको छ । यी कविताहरूमा विभाजित मानसिकता, आफ्नो पहिचान र अस्तित्वको खोजी, देशप्रेम, अतीतमोह जस्ता विषयहरू कथ्यका रूपमा आएका छन् :

स्वर्गाभास भएको पखेरुको
खोलानालाहरू रोएर
समुद्रसम्म सुसाउँदा
हिमशिखरहरू आत्मविभोर भएर
युग युग रसाउँदा पनि
यु.के. मौन छ
पवित्र सिताङ उसको लागि एकपटक रातै बग्नु पर्दा
एकताका उसकै लागि
बर्माका डाँडाहरूले बमको बिस्फोट
आफ्नो छातीमा सहनुपर्दा
उसकै रक्षार्थ
लाखौं फिगर इल्थावन तार्गेटले
गोली आफ्नो छातीमा थाप्दा
सगरमाथाको सिन्दुर कोसीले बगाएपछि पनि
यु.के. मौन छ
शिशिरको हिउँले फोकल्यान्ड कक्रिँदा
ऊ छट्पटिएन
भयावह बज्रपातमा
युगोस्लाभिया अत्तालिँदा
ऊ अत्तालिएन ।

('बेलायत मौन छ', पृ. ६६)

जब म छड्के झोला भिरेर
विदेशको सीमाना भित्रको
एवम् सबैले मेरो देशको नाममा बोलाउँथे
अचम्म !
थाहा नै थिएन
मैले बोकेको झोलामा
मेरै देश बोकी हिँडेको
मैले लगाएको एकसरो लुगामा
मेरै देश बोकी हिँड्दो रहेछु
मैले बोलेको बोलीभित्र
आफ्नै देश बोल्दो रहेछु ।

('मसँग मेरो देश', पृ. ५९)

कवि रिबुसालका कवितामा एकतन्त्रीय जहाँनियाँ राणाशासन व्यवस्था र राजनीतिदेखि वर्तमानसम्मका राज्यव्यवस्था र राजनीतिले नेपाली जनतालाई शान्ति, समृद्धि दिन नसकेको बिडम्वना, चरम गरिबी, दस वर्ष चम्केको गृहकलहले भोगाएको अशान्ति, विसङ्गति, राजनीति, भ्रष्टाचार जस्ता नेपाल र नेपालीको दुर्भाग्यपूर्ण अवस्था र भविष्यप्रति उनको दुखेसो, आपत्ति र निम्न वर्गीय जनताप्रति सहानुभूति प्रकट गरिएको छ । यो कविताको पराइ भूगोलबाट आफ्नो देश र जनताप्रतिको हेराइ, बुझाइ तथा उनीभित्रको कवि चेतना पनि हो । विसङ्गत राजनीतिक व्यवस्थाप्रति विरोध, शान्ति सुव्यवस्था, समृद्धिको चाहना राखेको यस्ता प्रवृत्तिका कविताहरू 'खोई शान्ति ?', 'आएन अर्को नयाँ वर्ष', 'अनुरोध', 'ब्युँझ सबै', 'जुटौँ हामी', 'युग', 'आमाको सुरक्षा', 'मान्छे', 'महावीर', 'प्रतिबिम्ब', 'मान्छेले मान्छे खान्छ', 'हामी' आदि छन् । कवि रिबुसालले आफ्नो मुलुकको शान्ति सुव्यवस्था मात्र हैन विश्व शान्ति र सुव्यवस्थाको चिन्ता पनि प्रकट गरेका छन् । राजनैतिक अस्थिरता, अराजकता, तथा सुव्यवस्थाको अभावले राष्ट्रियता माथिको विदेशी चलखेल र हस्तक्षेप भएकोमा कडा खबरदारी र प्रतिवाद गरेका छन् । कविताको केही अंश तल प्रस्तुत गरिन्छ :-

बरु आऊ
अहिल्यै एउटा सम्झौता गरौँ
एक अर्कामा
थिचोमिचो नगर्ने
धाक धम्की नदिने
अतिक्रमण नगर्ने
अनैतिक र भ्रष्ट नबन्ने
बरु एक अर्कामा सहानुभूतिको
आदानप्रदान गर्ने
यदि हैन भने
बाजेका धनुहरू
भरुवा बन्दुकहरू
बारीका ढुङ्गाहरू
वीरगाथा बोक्ने खुकुरीहरू र सबै छोराछोरीहरू
एक भएर जुट्ने छन्
र पनि आमाका सुरक्षा गरिरहनेछन्
निरन्तर लागिरहने छन् ।

(-आमाको सुरक्षा, पृ. १३)

देशको लागि जन्मिएका हे योद्धाहरू हो,
कहिलेकाहीँ धर्तीको पनि अर्ती सुन
कोहीभन्दा कोही कम नभए पनि
अझै पढ अनि गुन
कुनै पार्टी वा व्यक्तिले मात्र विश्वास गर्ने भए
एकहातले ताली बज्नु पर्ने हो
हामी सदाकै लागि कंगाल सम्झिन्छौँ भने
थोपा थोपाले गाग्री नभरिनु पर्ने हो
धेरै सम्पत्तिले, झगडा युद्ध जगाउँछ
नत्र त कुवेत पूर्व नै चन्द्रमामा सर्थ्यो

समथल भूमिकै मात्र महŒव हुने भए
देवल, पिरामिड किन बनाउनु पर्थ्यो ?
(-आह्वान, पृ. ११)

यी कविताहरूमा व्यङ्ग्य भाव, नेपालीप्रति हराउँदै गएको इज्जत, सम्मान, बिग्रँदो अवस्थामा रहेको नेपालीको भविष्यप्रतिको तिक्त यथार्थको प्रस्तुति पाइन्छ । नेपालीहरूलाई बल, शक्ति र यौवन रहुञ्जेलसम्म विदेशी सेवक, कुल्ली बनाइने र बुढेसकालमा भने पेन्सन, निवृत्तिभरण दिँदै आफ्नै घर फर्काउने विदेशी शक्ति र सामर्थ्यको बारेमा यथार्थ जीवन भोगाइका समस्यालाई प्रष्ट पारिएका कविताहरू पनि पाइन्छन् । 'दुखेको इतिहास', 'निवृत्त जीवन', 'मान्छे डाइनोसर बन्दैछ' जस्ता कविताहरूमा नेपालीहरूले भने सधैँ पद र प्रतिष्ठाका लागि विदेशीसँग पसिना र पैसा, धन, सम्पत्ति साट्नुपर्ने तीतो यथार्थलाई यसरी भावमा प्रकट गरेका छन् :

बिसञ्चोमा गाली गलौज सहँदै
जवानीमा सबैको सहारा भएपछि
बुढेसकालमा
'डम्पिङ साइट पुऱ्याएको
थोत्रे गाडी र निवृत्त सैनिक जीवन
उस्तै हो क्यार ।
(-निवृत्त जीवन, पृ. ५४)

'गणेशमानलाई प्रश्न', 'झुटो साम्राज्य', 'दर्जा','नयाँ शताब्दीलाई शुभकामना', 'बाबु घर फर्कनुभयो', 'मेरो देशको भविष्य', 'सुवाल्टर्न', 'हाम्रा ढाक्रे र टेकुवाहरू' , 'नयाँ क्षितिज उघार्दैछु', 'सुधार परम्परामा' आदि कविताहरूमा रिबुसालका नागरिकहरू पुरै आफ्ना देशको भाषा,संस्कृतिलाई भुल्दै कुसंस्कार र बेथितिमा लिप्त भएका अनि नेपाली जनजीवन गाँजा चुरोटको धुवाँ भई वायुमण्डलमा विलीन भइरहेको र नेपाली चेलीहरू भट्टी र कोठीहरूमा वेश्यावृत्ति खप्न बाध्य बनाइएको स्थितिप्रति घोर आपत्ति जनाएका छन् । नेपालीहरू देशको गरिबीको चपेटाभित्र एक गाँस खान, एकसरो लाउन छाक टार्नका निम्ति पराईको देशलाई सहयोग माग्नुपर्ने अवस्थामा सामान्यभन्दा सामान्य तरिकाबाट जीवन जिउन सिकौँ, अर्काको

देखासिकीमा हैन आफ्नो देशको विकास र उत्थानको निम्ति अग्रसर भई अगाडि बढौँ भन्ने जीवन चेतना प्रस्तुत गरेको पाइन्छ :-

बोहोनी गरेको मानाबाट आधाले
ऋण चुक्ता गर्नुपर्ने अवस्था छ
त्यो तिम्रो बोक्नै नसक्ने
एकभारीको फुलबुट्टे ड्रमसेट
कसरी लाउँछौ कुन्नि ।
हाम्रा वस्तुभाउहरू
साह्रै तर्सुवा छन्
आउँदा बिकीनी होइन
आङभरिको एकसरो लगाएर आऊ
ताकि सपरिवार एकैसाथ
तिम्रो स्वागत गर्न सकौँ ।

(-ए नयाँ वर्ष, पृ. १५)

हाम्रा ढाक्रे र टेकुवाहरू
हलो र कोदालाहरू
कतै नासिने पो हुन् कि
कतै मासिने पो हुन् कि
कसो अहिल्यै नसोचौँ
कसो विकल्पहरू नखोजौँ ।

(-हाम्रा ढाक्रे र टेकुवाहरू, पृ. १०९)

'खुकुरी', 'गगन', 'उखान' यी कविताहरूमा वीरहरूले कोरेका अमर इतिहास गाथाका सन्दर्भहरू छन् । 'कुकुरहरू' कवितामा देश हाँक्ने ठूला भनाउँदा नेताहरूप्रति तीखो व्यङ्ग्य छ भने 'नयाँ क्षितिज उघार्दैछु' कवितामा विगतका पुराना र सडेगलेका विचारहरूको परित्याग गर्दै आफूभित्र चेतनाको नयाँ क्षितिज उघार्ने तरखर देखिन्छ । यसरी कवि प्रेम रिबुसालले विभिन्न सन्दर्भलाई विषय बनाएका छन् ।

### ५.१.३ सहभागी र सहभागिता

साहित्यिक कृति वा सङ्कथनमा संलग्न वा प्रयुक्त व्यक्ति, पात्र वा चरित्रलाई सहभागी भनिन्छ । सहभागी वा पात्रहरू मानवका अतिरिक्त अमानव, जनावर तथा निर्जीव वस्तुहरू पनि हुन सक्दछन् । साहित्यिक कृतिमा प्रयुक्त सहभागीहरूको वैयक्तिक गुण र कार्यव्यापार तिनले घटनावलीमा गर्ने कार्यका आधारमा निर्धारित हुन्छ । कृतिमा सहभागीहरूको सहभागिता वक्ता-श्रोता, सम्बोधक-सम्बोधित, प्रेषक-प्रापक आदिका रूपमा हुन्छ ।[२]

यस्ता सहभागीहरू मानव र मानवइतरका जनावर, पंक्षी पनि हुन्छन् । यही सहभागीले विषय सन्दर्भलाई गन्तव्यमा पुऱ्याउँछ । यस कविता सङ्ग्रहका कवितामा विभिन्न सहभागीहरूको सहभागिता रहेको छ । प्रेम रिबुसालका **लाहुरेका दौँतरी कविताहरू** कविता सङ्ग्रहभित्रका 'अनुरोध', 'प्रतिबिम्ब' जस्ता कविताहरूमा ग्यालिलियो, नेपोलियन, गान्धी, माओ, लेनिन, सहिद जस्ता महान् सहभागीहरू रहेका छन् भने 'ए नयाँ वर्ष !', 'जिन्दगी जिउन पाएनौँ', 'दुखेको इतिहास', 'बाबु घर फर्किनुभयो' जस्ता कविताहरूमा 'हामी', 'योद्धा' जस्ता सामूहिक सहभागीहरूदेखि सुम्निमा, , पारुहाङ, ईश्वर, आमा, गोर्खाली जस्ता मिथकीय एवं ऐतिहासिक सहभागीहरू पनि छन् । यसैगरी मानवेत्तर सहभागीहरू ढुकुर, बचेरा, भाले, बुल्डग आदि छन् । यी सहभागीको भूमिका वक्ता, श्रोता, सम्बोधक, सम्बोधित, प्रापक, प्रेषकको रूपमा रहेका छन् । यी सहभागीहरू कविताको भाव सन्दर्भलाई अघि बढाउन आएको नभएर मूल भाव प्रस्तुत गर्ने क्रममा आएका छन् ।

### ५.१.४ परिवेश

साहित्यमा घटित घटनाहरूको पुनर्लेखन गरिएको हुन्छ । त्यसैले ती घटनाहरू घट्न सक्ने स्थान, समय र वातावरण परिवेशमा आएको हुन्छ । प्रस्तुत कविता सङ्ग्रहका कविताभित्र विभिन्न स्थान, समय र वातावरण प्रस्तुत भएका छन् । कृतिमा प्रयुक्त चरित्रहरूको कार्यव्यापार सम्पन्न गर्ने तथा घटनाहरू घटित हुने ठाउँ, समय र

---

२. ऐजन, पृ. ८६ ।

वातावरणलाई परिवेश भनिन्छ । यसलाई देश, काल, वातावरण, कार्यपीठिका, पृष्ठभूमि आदि भनेको पनि पाइन्छ ।[३]

परिवेश अन्तर्गत स्थानको रूपमा नेपाल बाहिरका भूगोलमा हङकङ, बेलायत आदि आएका छन् । समयको रूपमा हिजो, आज, अहिले, उहिले, डेढ दशक, युग, रात, बिहान, धेरै साल, ढुङ्गे युग, नयाँ वर्ष, शताब्दी आदि आएका छन् र वातावरणको रूपमा सामाजिक, सांस्कृतिक, धार्मिक, राजनैतिक, लाहुरे संस्कार, युद्ध, क्रान्ति, परिवर्तन, प्रजातन्त्र, गरिबी, बेरोजगार, अन्याय, मिलन-बिछोड आदि र विदेशी संस्कृति र जीवन परिवेश बाँच्नुपर्दाको अपरिचयीकरण विभाजित मानसिकता खेप्न परिरहेको नेपाली चेलीको इज्जत लुटिरहँदा नेपाली भए पनि बचाउन नसक्दा विचलित बन्न परिरहेको पाश्चात्य संस्कृतिमा नेपाली रमाइरहेको, गरिबीको कारण बसाइँ सर्न परिरहेको आदि वातावरण आएको छ । यसरी आएको वातावरण अतीतकालीन र वर्तमानकालीन दुवै छ ।

यसरी प्रस्तुत भएको जीवन परिवेशको खास अवधि राणाकालीन तानाशाही व्यवस्था, माओवादी द्वन्द्वकालका समयभन्दा अगाडि, पछाडिका समयसम्मको रहेको छ । यही सेरोफेरोमा घटित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटनाहरू जीवन परिवेशलाई प्रस्तुत गरेका छन् । प्रजातान्त्रिक अभ्यास, भेदभाव, गरिबीले बेरोजगारीका कारण विदेश जानु, कमजोर शासकीय व्यवस्था, क्रान्ति, परिवर्तन आदिको उल्लेख भएको छ । यस दृष्टिले परिवेशगत सन्दर्भ आएका छन् ।

### ५.१.५ दृष्टिबिन्दु

कृतिलाई पाठक समक्ष उपस्थित गर्ने तरिका वा उपस्थापन पद्धतिलाई दृष्टिबिन्दु भनिन्छ । सामान्यतया हेराइको कोण वा परिप्रेक्ष्यलाई जनाउने दृष्टिबिन्दु कृतिको प्रस्तुतिकरणसँगको सम्बन्धित संरचक घटक हो । लेखकले आफ्ना धारणाहरू पाठकसमक्ष पुऱ्याउने परिस्थिति एवम् तरिका दृष्टिबिन्दु हो र यसले रचनाकार तथा पाठकका बीचमा सम्बन्ध स्थापित गर्ने सेतुको काम गर्दछ ।[४]

---

३. ऐजन, पृ. ९१ ।
४. ऐजन, पृ. ९६ ।

दृष्टिबिन्दु लेखकले विचार व्यक्त गर्न निर्धारण गरेको ठाउँ हो । प्रथम तथा द्वितीय गरी दुई दृष्टिबिन्दु छन् । यसले ठोस आकृति वा संरचनागत पूर्णता गर्न तथा कृतिको सम्प्रेषणीय तथा संवेदनशील बनाउन मद्दत गर्छ ।[५] यस कविता सङ्ग्रहमा 'म', 'हामी', 'हाम्रो' जस्ता प्रथम पुरुष दृष्टिबिन्दु र तँ, तिमी, उनी, त्यो,ऊ जस्ता द्वितीय पुरुष दृष्टिबिन्दु दुवैको प्रयोग गरेका छन् । ६७ वटा कविताहरूमध्ये 'दौँतरीहरूको इतिहास', 'अनुरोध', 'अनिश्चित यात्राको यात्री', 'अपार स्वर्ग मेरो गाउँ', 'कल्पनाको एक क्षण', 'खाली टाउको', 'जन्मस्थलको नयाँ परदेशी', 'जिन्दगी जिउन पाएनौँ', 'म को हुँ', 'भोलि टुकी निभ्नेछ', 'मसँग मेरो देश', 'मेरो गाउँ', 'मेरो देशको भविष्य', 'हामी', 'हुकुम मान्दा' र 'नयाँ क्षितिज उघार्दै छु' गरी १६ कवितामा प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

**लाहुरेका दौँतरी कविताहरू**भित्रका कविताहरूमा लाहुरेका जीवनका घटनाहरू नभए पनि आफू परदेशी लाहुरे जीवन बिताउँदाका तितामिठा अनुभूतिहरूलाई उल्लेख गरेको पाइन्छ । यी कविताहरूका माध्यमबाट देश र जनताका हक अधिकार र सुरक्षा प्राप्तिका निम्ति एक जुट भई क्रान्ति गर्नुपर्छ । शान्तिका लागि एकजुट हुनुपर्दछ । हत्या, हिंसा, नरसंहार होइन माया ममता, प्रेमका मानवीय भावना बोकी शान्तिका लागि अग्रसर हुनुपर्दछ तब देशले कोल्टो फेर्न सक्दछ भने सुशासन र देशको विकास सम्भव हुन्छ भन्ने दृष्टिकोण यस सङ्ग्रहमा उल्लेख गरिएको छ ।

### ५.१.६ उद्देश्य

साहित्य सिर्जनाको कुनै न कुनै उद्देश्य हुन्छ । पूर्वीय चिन्तनमा आनन्दानुभूति, प्रीति, कीर्ति, यश, धर्म, मोक्ष, शिक्षा, देवस्तुति, व्याधिरक्षा जस्ता विषयहरूलाई साहित्यको उद्देश्य बताइएको छ भने पाश्चात्य धारणामा आनन्द, नीति शिक्षालाई मङ्गलको लागि भन्ने मत छ । त्यसैले साहित्य सिर्जनामा कुनै न कुनै प्रयोग हुन्छ । साहित्यको प्रयोजनमूलकतालाई नै उद्देश्य भनिन्छ ।[६]

प्रेम रिबुसाल पेसाले लाहुरे हुन् । ब्रिटिसको रक्षाको लागि लड्दा उनमा उत्साह नभएर नुनको सोझो बन्नु परेको बाध्यता छ । प्रथम र द्वितीय विश्वयुद्धमा मरेर बेलायतमै

५. ऐजन, पृ. ९७ ।
६. ऐजन पृ. ९४ ।

स्मारक बोर्डमा चिहान बस्ती बनेको स्थलमा पुगेर श्रद्धाञ्जली अर्पंदा उनी विचलित बनेका छन् । विश्वयुद्ध जितेर वीर गोर्खाली बने पनि वीर नेपालीको अस्तित्व गुमेको वास्तविकता उनीभित्र सधैँ जिउँदै भएर घोचिरहेको छ । नयाँ भूगोल, जीवन परिवेश, संस्कृतिमा बाँच्नुपर्दाको परदेशीय वेदना त्यति नै सहनु परेको छ । देश, समाज, घर, परिवेश, संस्कृतिमा बाँच्नुपर्दाको परदेशीय वेदना त्यति नै सहनु परेको छ । देश, समाज, घरपरिवारको मायाले झझती पोल्दा उनी कवितामा छताछुल्ल पोखिएका छन् । यही यथार्थ अनुभूतिहरूको अभिव्यक्ति गर्नु उनको कविता लेखनको उद्देश्य मान्न सकिन्छ ।

### ५.१.७ भाषाशैलीय विन्यास

भाषा अभिव्यक्तिको माध्यम हो । शैली अभिव्यक्तिलाई सुन्दर बनाउने कला हो । शैली वस्तु अभिव्यक्तिको आफ्नोपन पनि हो र विन्यास भनेको व्यवस्थित क्रमबद्ध राख्ने काम हो । साहित्यको भाषाशैलीय विन्यास उच्च स्तरीय, कलात्मक, आलङ्कारिक हुन्छ । साहित्यको सन्दर्भमा भाषा (सङ्केतक, सङ्केतित) शैली, अग्रभूमिकरण, बिम्ब, प्रतीक, लय, छन्द, अलङ्कार आदिको व्यवस्थालाई भाषाशैलीय विन्यास भनिन्छ । गद्यमा प्रयुक्त भाषा क्रमबद्ध रूपले प्रवाहित हुन्छ भने पद्यमा प्रयुक्त भाषा प्रायः विचलनयुक्त ढङ्गले खण्डखण्डमा प्रवाहित हुन्छ ।[७] यस सङ्ग्रहको भाषा सरल, सरस र बोधगम्य छ । भाषा सरल भए पनि अभिव्यक्ति आलङ्कारिक रूपमा गरिनुले कविता विशिष्ट र लयपूर्ण बनेका छन् । विभिन्न बिम्ब, प्रतीक, मिथक, उखान नेपालीइतरका अङ्ग्रेजी भाषाको पनि प्रयोग गरिएको छ ।

भाषा आलङ्कारिक, क्रम विचलनयुक्त भए पनि स्थूल र बुझिने किसिमका छन् । घोडा, हात, फुटबल, अँध्यारो, उज्यालो, आमा, महावीर, पाइला आदि बिम्ब तथा प्रतीकका रूपमा प्रयोग गरेका छन् । सुम्निमा, पारुहाङ, गोर्खाली, प्रभु, ईश्वर जस्ता मिथक, ठूलो माछाले सानो माछालाई खान्छ जस्ता उखानको प्रयोग; स्टारवार, क्यासिनो, लाइन, इन्जिनियर, ब्लास्ट, ब्याङ्ग जस्ता अङ्ग्रेजी आगन्तुक शब्दहरू बहादुरी गुरु, नभाँच टुसा पृथ्वीले रोपेका विश्वासको जस्ता आलङ्कारिक भाषा भाषिक मानवीकरण आदिले कविताको भाव बढाएका छन् ।

---

७. ऐजन, पृ. १०६ ।

जहाँ गोरुका हलहरूले
हलो जुवासँग मितेरी लाएको
कोदालाका बीँडहरूका सम्बन्ध
खुल्ला हातहरूसँग गाँसिएको छ
त्यही मेरा गाउँहरूको प्रतिबिम्ब उभिन्छ
त्यहाँ मेरो देशको ढुकढुकी चल्छ ।

(मेरो गाउँ)

यसरी प्रेम रिबुसालले भाषाको समायोजन गरेका छन् । भाषिक कला तथा कवित्व शक्तिले कविता रचना त्यति राम्रो बन्न नसकेको देखिए तापनि उनका कविताहरूमा एकता, परिवर्तन, प्रजातन्त्र, सुशासन, देशप्रेम, शान्ति, भ्रातृत्व आदि प्रस्तुत गरेका छन् । यस दृष्टिले उनको कविताभित्र आएको विचार पक्ष सबल देखिन्छ ।

## ५.२ निष्कर्ष

प्रेम रिबुसालका यस सङ्ग्रहका कविताहरू देशप्रेम, अतीतप्रेम, समाज, संस्कृति, भाषा, धर्मप्रति सद्भाव, शान्ति, प्रजातन्त्र, एकता, भ्रातृत्व आदिको पक्षमा उभिएका छन् । कवि सैनिक हुन् तर उच्च मानवीय चेतना भएका व्यक्ति हुन् । उनी सैनिक भएर सम्पूर्ण राष्ट्रको शान्ति र सुरक्षा चाहने व्यक्ति हुन् । विश्वशान्ति, भ्रातृत्व, बन्धुत्व कायम राख्दै सम्पूर्ण मानवहरूले मानवतावादी धारणा बहन गर्न सक्नुपर्दछ भन्ने मान्यता कवितामा राखेका छन् । उनका कविताहरू राष्ट्र, वर्ग, समाजका पक्षमा छन् । श्रमलाई ठूलो निर्माण शक्ति ठान्ने कवि विदेश पलायन भएको प्रति अति चिन्तित छन् । उनका कवितामा मानवतावाद, देशप्रेम, भाषा, संस्कृति, प्रेम, शान्ति आदि आएका छन् । अतीतप्रति मोह तथा प्रवासी वेदना पनि आएका छन् ।

नेपाली राजनीति गरिबी, शोषण, माया, प्रेम आदिलाई विषय बनाई लेखिएका कवितामा भाषा सरल र सरस छ । कवि राईको प्रथम कविता सङ्ग्रहका सबै कविताहरू स्वच्छन्दतावादी भावधारामा आधारित छन् भने निम्नवर्गीय समाजको पक्षमा उनका कविताहरू उभिएका छन् । केही कविताको भाषा सिधा भए पनि समग्रमा भाषिक दृष्टिले

कविताहरू सफल मान्न सकिन्छ । विषयवस्तुको दृष्टिले पनि रिबुसालका कविताहरू महŒवपूर्ण रहेका छन् ।

## ५.२ याङ्जी र चराहरू कथासङ्ग्रहको विश्लेषण

### ५.२.१ परिचय

**याङ्जी र चराहरू** (२०६९) कथासङ्ग्रह प्रेम रिबुसालको कथासङ्ग्रह हो । प्रा.डा.खगेन्द्रप्रसाद लुइटेल र किरण राईको भूमिका लेखन रहेको यो सङ्ग्रह एकसय पैंतिस पृष्ठमा संरचित छ । प्रकाशित कथासङ्ग्रहमा लघुआयामका बत्तिसवटा कथा सङ्गृहीत छन् । यहाँ कथानक सहभागी र सहभागिता, परिवेश उद्देश्य र भाषाशैलीय विन्यासको आधारमा यो कथा सङ्ग्रहको विश्लेषण गरिन्छ ।

### ५.२.२ कथानक

आख्यानात्मक कृतिमा पाठकलाई ध्यानाकर्षित गर्न तथा रुचि एवम् संशय जगाउन चयन गरिएका घटनाहरूको विन्यास र अन्तसम्बन्धलाई कथानक भनिन्छ । लेखकले कृतिमा इच्छित प्रभाव प्राप्त गर्नका लागि सावधानीपूर्वक गरिएको घटनाहरूको विन्यास नै कथानक हो । कथानक साहित्यिक कृतिमा घटित घटनाहरूको शृङ्खला भन्दा बढी कुरा हो । यो लेखकको अन्तःसम्बन्धित कार्यव्यापारको सुविचारित छनोटको परिणाम विन्यासको चयन र द्वन्द्वको आयोजना पनि हो ।[८]

यस कथा संङ्ग्रहमा सङ्गृहीत सम्पूर्ण कथाहरूको कथानकलाई सङ्क्षिप्त रूपमा तल प्रस्तुत गरिन्छ :

| शीर्षक | कथानक |
|---|---|
| १. ईश्वरको भाषा | यस कथामा पिटर यात्री, आध्यात्मिक चिन्तनबाट ज्यादै प्रभावित भएकाले ईश्वरप्रति बढी विश्वास राख्छन् । विदेशका लागि जहाज उड्ने समय भएकाले कार हाँक्दै गर्दा बाटोमा कारको टायर पंचर भई जहाज छुट्न पुग्छ । पिटर निराश भएर घर फर्कन्छन् । ईश्वरले |

८. डा. खगेन्द्रप्रसाद लुइटेल, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास,** (काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०६०), पृ. ७९ ।

| | |
|---|---|
| | साना कुरामा ध्यान दिँदैन रहेछ भन्दै ईश्वर मान्न व्यर्थ भएको सोच्दै गर्दा अचानक जहाज दुर्घटना भएको सुनी अचम्म मान्न पुग्छन् । ईश्वरले मानवसँग बोल्ने भाषा साङ्केतिक हुँदोरहेछ भन्दै कारको टायर पन्चर भएकोले आफू बचेको र ईश्वरले नै बचाएको भन्दै अझ बढी ईश्वरप्रति आस्था राख्न थाल्छन् । घटनालाई पिटरका माध्यमबाट स्पष्ट पारिएका छन् । |
| २. क्याक्टस, झुसिल्कीरा र क्यारल | क्यारल ईश्वरप्रति पूर्ण विश्वास राख्ने नैतिकवान पात्र हुन् । बगैंचामा पुतली र फूलहरूसँग खेल्न मनपराउने भएकीले प्रभुसँग संसारकै राम्रो पुतली र फूलहरू माग्छिन् । प्रभुले क्यारललाई तीखा तीखा काँडा भएको क्याक्टसको डल्लो र झुसिल्कीरा दिएकाले क्यारलले पुतली र फूल मागेको भनी अचम्म मान्दै गमलामा राख्छिन् । केही समयपछाडि क्याक्टस राम्रो फुल्यो र झुसिल्कीरा पुतली बन्यो । यसरी नराम्रो वस्तुबाट राम्रो वस्तु प्राप्त गर्न सकिने समयमा धैर्य साथ प्राप्त गर्न सकिने हुनाले दुःखकष्टबाट सुख, ज्ञान प्राप्त गर्नका निम्ति धैर्य, अनुशासन, नैतिकताको आवश्यकता मानवमा हुनुपर्दछ भन्ने विचार पाइन्छ । |
| ३. कहिल्यै नाश नहुने सम्पत्ति | यस कारण गाउँका धनी र गरिब व्यक्तिहरूमा घटेका फरक दुर्दशालाई चित्रण गरिएका छन् । यी दुई परिवारमा चोरी, आगलागी हुँदा धनी परिवारको सम्पत्ति सबै लुटिएको, जलेको तर गरिबको घरमा थोरै सम्पत्ति भएकाले थोरै नै जलेको, गरिब परिवारका सदस्यहरू खेतबारीमा काम गरेर खान पाएको तर धनी परिवारहरूले काम गर्न नजानेको र गरिबहरूले पसिना बगाएर कमाए पनि खान, लाउन पाएको स्थितिको चित्रण गरिएको छ । यसरी धनी वा गरिब दुवैका लागि मेहनत र परिश्रम नै ठूलो भएको देखाउन खोजिएको छ । |
| ४.किताबी किरो | यस कथामा ‘नुमा’ कथाकी पात्र रहेकी छन् । यी पात्रका माध्यमबाट धेरै पढेलेखेका व्यक्ति पनि व्यावहारिक वा पढेका कुरालाई व्यवहारमा उतार्न सक्दैन भने किताबी किरो मात्र हुन्छ । जीवनमा केही गर्न |

| | |
|---|---|
| | सक्दैन । कथामा नुमा एम.ए. सम्मको पढाइमा राम्ररी उत्तीर्ण गर्दा पनि जागिरका लागि अन्तर्वार्ता दिन जाँदा असफल हुन्छिन् । त्यसैले सफल बन्नका निम्ति पढेर मात्र हुन्न बाहिरी ज्ञानगुणको पनि उत्तिकै महŒव रहेको हुन्छ भन्ने देखाइएको छ । |
| ५.घडीको सोख ज्यान लिने समय | यस कथामा युन-ई नामकी केटी अति महङ्गा खालका घडीहरू लगाउँछिन् तर समयको ख्याल भने कहिल्यै गर्दिनन् । यही कारण अचानक एकदिन उनले ज्यान गुमाउँछिन् । सही समयको ख्याल गर्न नजानेकाले कर्तव्य र जिम्मेवारीलाई बिर्सिन्छिन् । माओवादी द्वन्द्वकालको सङ्कटपूर्ण अवस्थामा रातको समयमा आफ्ना साथीको घरबाट दौडँदै घर फर्कदा सेनाले देखेर रोकिन आदेश गर्दा रोकिँदै नरोकिई दौडिन् । त्यसै समयमा सेनाले गोली प्रहार गरेकाले यिनको मृत्यु भयो । कुनै पनि समयको महŒव बुझ्न नसकेका घडीको सोख मात्र भएकाले अचानक मृत्यु वरण गर्न पुगिन् । |
| ६. छेवाङको बगैंचाका फूलहरू | यस कथामा छेवाङका बगैंचामा विभिन्न थरीका फूलहरू साथै रुख बोटविरुवाहरू पनि भएकाले विभिन्न प्रकारका फूलहरू आकर्षक सुन्दर, सुगन्धमय, बोटबिरुवाहरू फल, औषधी र शितल छहारीका लागि उपयोगी हुन्थे । बगैंचाभित्र विभिन्न जातका फूलहरू समान ढङ्गले फुलेको देख्दा छेवाङको मन फुरुङ्ग भई रमाउँथ्यो । यस्ता सुन्दर ढङ्गले फुलेका फूलहरूलाई राम्रो, नराम्रो भनी मानिसले छुट्याउने र त्यसको जगेर्ना पनि मानिसले नै गर्ने भएकाले मिलेर फुलेका फूलहरू जस्तै मानिस पनि एउटै समाजभित्र मिलीजुली रहन सक्ने कल्पना गरेका छन् । |
| ७. छुन्ना र लाली गुराँस | यस कथामा छुन्ना नामकी सानी बालिका अत्यन्तै सुन्दरी भएकीले घरमा बोलाउने नाम लालीगुराँस राखिएको थियो । छुन्ना र आमा बीचको संवादमा आमाले छुन्नालाई तिमी लालीगुराँस जस्तै राम्री छौ र सधैँभरि समाजमा राम्रो काम गरेर लालीगुराँस जस्तै फुलिरहनुपर्छ भन्ने तुलनात्मक संवाद राखिएको देखिन्छ । |
| ८. जस्तो इच्छा | जस्तो इच्छा त्यस्तै जीवन जिउन पाउने वरदान पाएका दुई आत्मा |

| | |
|---|---|
| त्यस्तै जीवन | धर्तीमा गएर आफ्नो इच्छा अनुसारको जन्म लिन्छन् । सुखसयल चाहने आत्मा हातखुट्टा नचल्ने भएर जन्मन्छ र सधैंभरि अरुको सहारामा सुतीसुती खान्छ र अन्त्यमा मर्छ । परिश्रमी आत्माले चाहिँ संसार हेर्न र बनाउन समाजमा धेरै काम गर्न सफल भई सफल जिई अन्तमा धर्तीबाट बिदा हुन्छन् । |
| ९. तीन खरायोको कथा (भाग १) | तीन खरायोको कथाको पहिलो भागबाट पाइने मानवीय सन्देश नै मूल पक्ष हो । खरायोहरूको पनि विवेक भएको र बलियोले निर्धोलाई हेप्ने, पोथी खरायोलाई भाले खरायोले माया गर्ने र लोभ, लालच, घृणा नभएको निर्दोष प्राणीहरू मिलेर बसेको देखाइएको छ । |
| १०. तीन खरायोको कथा (भाग २) | यस कथामा तीन खरायोका कथाको दोस्रो भागको कथा प्रस्तुत छ । छेवाङले खरायोबाट मनोरञ्जन लिनुका साथै विविध प्रकारका ज्ञान पनि बटुलेका छन्  । प्राकृतिक नियम अनुसार मानिस र खरायोमा हुने समान र असमान प्रवृत्तिहरूको उल्लेख गरिनुका साथै अज्ञानी पशु खरायो र मानिसको लैङ्गिक समानता र भिन्नता बीच देखिएको सम्बन्धको स्पष्ट चित्रण गरिएको छ । |
| ११. तीन खरायोको कथा (भाग ३) | यस कथामा खरायोका कथासँगै कथानक अन्त्य भएको छ । खरायोहरू आपसमा मिलेर बसेको मानिस जस्तो एकले अर्कालाई सिध्याउन भावना नभएको मिलनसार भावना भएको र बदलाको भावना नभएको निर्दोष, निरीह जीवन जिउन बाध्य भएको बाँचुन्जेलसम्म तेरोमेरो भाव नबोकी आफ्नो जीवनको अन्त भएको स्थितिलाई देखाएका छन् । मानिस सामाजिक प्राणी भए पनि आपसी लोभ, मोह, क्रोध लिएर बाँच्ने प्राणी भएको तर पशुप्राणीहरू सहज, तरिकाले आफ्नो जीवन जिउन सफल बनेका यथार्थलाई स्पष्ट पार्न खोजिएको छ । |
| १२. दिलवीर र मनमायाको परिवार | हरेक मानिसलाई आफू जन्मेको, हुर्केको वातावरणले प्रभाव पार्दछ । दिलबीर र मनमाया गाउँले वृद्ध दम्पत्ति हुन् । यिनीहरूको छोरा लठिभद्र लाहुरे सैन्य सेवामा विदेश गई पैसा कमाएर सहरमा नै बसोवास गर्दछन् तर लठिभद्रका छोराछोरी सहरिया परिवेशमा |

| | |
|---|---|
| | हुर्केकाले गाउँमा गएर बस्न सक्दैन । त्यस्तै बुवाआमा शहर बजारका घरमा बस्न नसक्ने पुरानो पुस्ता र नयाँ पुस्ता बीचमा देखापरेका फरकपनलाई लठिभद्रका छोराछोरी र बुबाआमाका माध्यमबाट स्पष्ट पारिएको छ । |
| १३. पैसाको के काम ? | यस कथामा धेरै वर्ष पहिले पैसाको महŒव के-कस्तो थियो भन्ने कुरालाई प्रष्ट पार्न पैसाको के काम ? भन्ने प्रसङ्गबाट थाहा पाउन सकिन्छ । अमेरिकाका धनी व्यक्ति रिचार्ड नेपालको सगरमाथा हेर्न आउँछन् । ढ्याक्के (सिक्का) पैसा धेरै ल्याएर आएका हुन्छन् तर नेपालीलाई पैसा दिँदा लिन मान्दैनन् किनकि नेपालीहरू उदार हृदयका भएको र अतिथिको सेवा गर्नु आफ्नो धर्म ठान्ने हुनाले रिचार्डको एकै पैसा पनि खर्च हुँदैन । आजको युगमा मान्छेको भन्दा पैसाको मूल्य बढी भइरहेको स्थितिमा पैसाको मूल्य नहुने परिवेश सृजना गरेर कथाकारले मानवीय मूल्यलाई उकास्न खोजेका छन् । |
| १४. बाबुको इच्छा | यस कथामा बाबुले आफ्नो प्यारो छोरालाई सङ्गीतकार बनाउने सोचले सङ्गीतसम्बन्धी बाजाहरू किनिदिन्छन् । छोरो आफ्ना बाबुको कुरा सुन्दै नसुनी साथीभाइसँग कुलत, जाँड, रक्सी पिउने सङ्गतमा फस्दछ । अन्त्यमा बाबुको पनि मृत्यु हुन्छ । सोही समयमा बाबुको इच्छा पूरा गर्नका निम्ति सङ्गीत सिकेर ठूलो सङ्गीतकार बन्दछ । यसरी बाबुको इच्छा छोरो सङ्गीतकार बनेको हेर्ने थियो । तर बाबुको आँखा सामुन्ने नभए पनि इच्छा भने पूरा गरेरै छाडेका छन् । |
| १५.बूढो र बालक | बूढो मान्छे अशिक्षित मूर्ख भएका कारण स-साना बालबालिकालाई कहिल्यै दयामाया गरेनन् । स्कुले केटाकेटीलाई आफ्ना घर वरपर हिँड्न नदिने क्रूर, कठोर स्वभावका भएकाले एकदिन शिशिर नामका विद्यार्थी केटालाई पिट्छ । शिशिर इमान्दार, मेहनती र पढाइमा जहिल्यै प्रथम हुने विद्यार्थी भएकोले बूढाको घरअगाडि बिस्तारै हिँड्दै जाँदा बूढाले पिट्छ तर शिशिर डाक्टर बनेर आफ्नै गाउँघरका वृद्धवृद्धाहरूको सेवा गर्ने क्रममा ती बूढाको आँखाको मोतीबिन्दु उपचार गरी निको बनाइदिन्छ । त्यसपश्चात बूढाले शिशिरलाई |

| | |
|---|---|
| | धन्यवाद दिँदै आफ्ना गल्ती महसुस गर्दछ । यस कथाका माध्यमबाट ठूलाले सानालाई माया गर्नु पर्दछ जसले भोलिका लागि ठूलो कार्य गर्न सक्दछ भन्ने कुरा स्पष्ट छ । |
| १६. मान्छे जाँच्ने यन्त्र | यस कथामा प्रतीकात्मक रूपमा मान्छेको वास्तविक यथार्थको चित्रण गरिएको छ । मान्छे बाहिरी भौतिक स्वरूपमा हेर्दा जे-जस्तो स्वरूपमा देखिन्छ तर ऊ यथार्थमा त्यस्तो हुँदैन । आध्यात्मिक आँखाबाट हेर्ने हो भने सबै मान्छे पशु स्वरूपमा देखिन्छ । यही कारण मानिसको व्यवहारमा पशुवृत्ति देखिएको हो । |
| १७. मूर्खका लागि महामूर्ख ईश्वर | यस कथामा आध्यात्मिक चिन्तनले ओतप्रोत भएका परिवारले ईश्वरप्रति पूर्ण आस्था राख्ने भएकाले आमा बाबु सधैँ धर्मकर्म गर्ने तर छोरोले ईश्वरप्रति अविश्वास राखेकाले कहिल्यै पूजापाठ गर्दैनथे । अचानक एकदिन छोरो निशान्त एउटा रहस्यमय दुर्घटनाबाट बच्छ । ऊ सवार मोटरसाइकललाई एउटा ठूलो ट्रकले किचेजस्तो लाग्दा उसको मुखबाट अनायस ‘प्रभु’ भन्ने शब्द उच्चारित हुन्छ । त्यसपछि उसमा ठूलो परिवर्तन हुन्छ र ऊ आस्तिक हुन थाल्छ र पूजापाठ गर्न थाल्छ । |
| १८.याङ्जी र चराहरू | यस कथामा याङ्जीले चराहरूबाट असल पाठ सिकेका छन् । याङ्जी घरमा सबैको धेरै मायाममता पाएर हुर्किएकीले स्कुलका साथीहरूसँग कहिल्यै घुलमिल हुन सक्तिनन् । आफ्ना व्यक्तिगत सोच, इमान्दारिता नभई रुखो र ठाडो स्वभाव भएकोले कसैले मन पराउँदैनथे । तर याङ्जी रुखका चराहरूले गाएको सुन्दै गर्दा कोइलीले मीठो गाएको सुनी आफू पनि त्यसरी नै मीठो बोल्ने सिक्ने अभ्यास गरिन् र याङ्जीले आफ्नो बानीव्यवहार सुधार गरेको कुरालाई देखाइएको छ । |
| १९. राम्रो मान्छे | यस कथामा अक्का र हैरा दुई स्कुले विद्यार्थी छन् । हैराको रूप राम्रो छ तर बदमास र फटाह छ, अक्का नराम्रो मान्छे भए पनि ज्ञानी, सभ्य, भद्र, इमान्दार र पढाइमा तीक्ष्ण दिमाग भएकाले सबैले राम्रो मान्थे । मानिस रूपरङले राम्रो भएकालाई राम्रो मानिँदैन । मान्छेभित्रका बानीव्यवहार असल र सबैसँग मिल्ने भएमा राम्रो |

| | |
|---|---|
| | मानिन्छ । अक्का पढाइप्रति लगनशील, मेहनती भएकाले राम्रोसँग एस.एल.सी. उत्तीर्ण गरेर कानुन विषय लिई वकिल भएका छन् । हैरा गाउँमा फटाहा भएकोले बीस वर्षको जेलजीवन बिताउन विवश भएको छ । त्यसैले राम्रो मान्छे हुनको लागि भलाद्मी, इमान्दार, सफा, चरित्रवान व्यक्ति हुनुपर्दछ भन्ने कुरालाई स्पष्ट पारिएको छ । |
| २०.लाटो देशको गँडाहा तन्नेरी | यस कथामा समाजका पढेलेखेका विश्वासिला ठानिएका पात्र माने चरित्रहीन बन्न पुगेको र सबैको विश्वास नरहेको कुरालाई देखाइएको छ । प्रतिष्ठित र ठूलो भनाउँदो समाजका जो कोही व्यक्ति पनि खराब र मतिभ्रष्ट भयो भने ज्यादै नराम्रो बन्न पुग्दछ । मानेलाई बच्चा, बुढापाका सबैले ठूलो मान्छे मानेका तर सानो गल्तीलाई माफी माग्न नसकेका कारण कसैले पनि मन पराउन नसकेका अभिव्यक्ति स्पष्ट उल्लेख गरिएका छन् । त्यसैले लाटो देशको गँडाहा तन्नेरी भने झैं मानेको पनि विश्वास आज आएर चुकेको यथार्थलाई देखाएका छन् । |
| २१. स्वप्नमा यात्रा गरेको देश | यस कथामा 'म' पात्रले सपनामा यात्रा गरेको कथा छ । सुन्दर प्राकृतिक स्थलदेखि राजनीतिक फोहोरी खेलको दृश्यलाई कथाको पात्रको सपनामार्फत् देखाइएको छ । 'म' पात्रलाई सपना र विपना एउटै लागेको देशको बारेमा भएको गडबडीपूर्ण स्थितिको चित्रण गरिएको छ । देश विकासमा कुनै पनि क्षेत्रको विकास हुन नसकेकाले 'म' पात्रलाई सपनामा पीडा भएको यथार्थलाई स्पष्ट पार्न खोजिएको देखिन्छ । |
| २२. स्वर्गका सातौँ दूत धर्तीमा रहँदा | पृथ्वीमा प्रभुको सातौँ दूतको जन्म भई चौतर्फी सुखशान्ति र अमनचयन हुने कल्पना यस कथामा व्यक्त गरिएको छ । धर्तीको शान्त रूप आज आएर चारैतिर हत्या, हिंसा, अराजकता भएर मानवता हराउँदै गइरहेको समयमा स्वर्गबाट सातौँ दूत धर्तीमा खटेपछि यहाँ सुव्यवस्था, शान्ति र प्रेममय वातावरण हुने विश्वास यस कथामा व्यक्त गरिएको छ । |
| २३. सिमाङको स्वर्गयात्रा | यस कथामा सात वर्षकी बालिका सिमाङ गुरुहजुरले राम्रा कार्य गर्नुपर्छ, समाजका खराबहरूलाई असल हुन सिकाउनुपर्छ भन्दै |

| | |
|---|---|
| | स्वर्गको बगैंचामा डुलाएको वर्णन छ । ईश्वरीय रहस्यमा आधारित यो कथामा सिमाङको बालमनोविज्ञान नबुभ्दा उनी रहस्यमय तरिकाले चिरनिद्रामा सुतेर कहिल्यै नउठेको दुःखद घटनाको वर्णन छ । यो कथा सत्य घटनामा आधारित रहेको कथाकारले उल्लेख गरेकाले यसको कथ्य झनै रहस्यमयी लाग्छ । |
| २४. हत्यारा कछुवाको कथा | यस कथामा छेवाङका छिमेकमा अकुरियममा कछुवा र माछाहरू पालेको, ती कछुवा र माछाहरू मनोरञ्जनको साधन बनेको, माछा र कछुवाहरू दिनदिनै बढ्दै गएको, पछि पछि माछाहरू विस्तारै मर्दै गएको र माछाहरूको हत्यारा कछुवा नै रहेको रहस्य खुलेको अनि अन्त्यमा कछुवाले सबै माछाहरूको हत्या गरेपछि आफू पनि अकुरियम बाहिर निकालिनु परेको र अन्त्यमा रहस्यमय रूपमा गायब हुनुपरेको घटनालाई रोचक तरिकाले वर्णन गरिएको छ । |
| २५. हरेस नखाने हेमकाजी | यस कथामा काठमाडौं उपत्यकामा बस्ने हेमकाजी सानो स्कुले विद्यार्थी हो । बाल्यकालमा राम्रो कापी कलम चलाउन नपाएकाले पढाइ लेखाइ पनि राम्रो भएन । एउटै कक्षामा आठ पटकसम्म फेल भएर बस्दा पनि पढ्न छाडेनन् । अहिले आएर यिनले लेखेका अक्षरहरूलाई मिलाएर रञ्जना लिपिको निर्माण हुन पुग्यो । यसरी कहिल्यै हरेस नखाएकाले आफ्ना असफलताबाट पनि सफलता हातपार्न सफल बनेका कुराको यथार्थ चित्रण गरिएको छ । |
| २६. तपस्वीको तपस्या | यस कथामा जतिसुकै ठूला तपस्वी ऋषिमुनिले ईश्वर प्राप्त गर्न तपस्या गरे पनि ईश्वर नपाएका आफ्नो जीवनको अस्तित्व रुख जस्तै ढल्ने, धमिरा लाग्ने, अन्त्यमा केही नपाइने हुनाले ईश्वर प्राप्त गर्नका लागि खुला संसारमा गएर सत् पक्षबाट समाजमा राम्रा काम गरेर मात्र ईश्वर पाइने भनाइ तपस्वीको तपस्या कथाले देखाउन खोजेका छन् । |
| २७. गाउँ बिग्रियो नाति !!! | यस कथामा छेवाङका बाजेले समाज बिग्रिएको र कसरी सपार्न सकिन्छ भन्ने सामाजिक चेतना कसरी दिने भन्ने समस्याको समाधान खोजको वर्णन पाइन्छ । गाउँघर, शहर बजार जहाँसुकै पनि चोरी, |

| | |
|---|---|
| | डकैती, हत्या, हिंसा, बलात्कार, ठगी, विविध प्रकारका विकृत र विसङ्गतिपूर्ण घटनाहरू भएकाले पूरै विखण्डन भएको कुरालाई बाजेले यथार्थ ढङ्गबाट दुःख मानेका छन् । यस्ता आपराधिक कार्यबाट आजको समाजमा वितृष्ण उत्पन्न भएको र समाजका सबै मान्छेहरूले केही राम्रो कार्य गर्न नसकेको यथार्थ अवस्थाको चित्रण पाइन्छ । |
| २८.छिमेकीको गनगन | छेवाङका छिमेकीले सङ्गठनभित्र बसेर जिम्मेवारी लिएका तर सङ्गठन भित्रका पदाधिकारीहरूले आफ्ना जिम्मेवारी नबुझेकाले आफै गन्गनाएका छन् । सङ्गठनभित्रको असङ्गगठनलाई स्पष्ट देखाएका छन् । सबै सदस्यहरूले पदभार ओगट्ने तर सङ्गठनको दर्शन, विचार, लक्ष्य केही नभनी जिम्मेवारीपूर्वक भूमिका निर्वाह गर्न नसकेका अवस्थाले उक्त छिमेकीलाई दिक्दार महसुस भएकाले व्यङ्ग्यात्मक ढङ्गले गरेको एकालापीय शैली देखाइएको छ । |
| २९. सर्वव्यापी गुरु | यस कथामा सर्वव्यापी गुरु भन्नाले सबै ध्यानमग्न आत्मामा एकैपटक बस्न सक्ने, समाजलाई सतपक्षबाट हिँडाउने, समाजका खराब र दुष्ट व्यक्तिहरूलाई असल बनाउन सक्ने एक ईश्वरीय भक्तिभावले ओतप्रोत भएका चिन्तनशील व्यक्ति जसले समाजलाई सत्यताबाट बदल्न सक्दछ भन्ने कुरालाई मोतिराज र ज्ञानराज पात्रका संवादका माध्यमबाट देखाउन खोजिएको छ । |
| ३०. ट्याक्सी आतङ्क | यस कथामा नेपाली समाजमा देखापरेका वास्तविक घटनाको चित्रण गरिएको छ । ट्याक्सी चालकले भाडादर ठगी गरी मनपरी ढङ्गबाट भाडा असुल्ने गरेकाले ट्याक्सी आतङ्क फैलिएको छ भन्दै छेवाङका छिमेकीहरूले छलफल गरेका छन् । ट्याक्सीमा मिटर बिगार्ने, एउटै गल्लीमा घुमाउने, लुटपाट र बलात्कार गरी ट्याक्सी चालकले गरेका अनैतिक क्रियाकलापहरूबाट सचेतना फैलाउनुपर्छ भन्ने छलफलका कुराहरूलाई यथार्थ ढङ्गबाट चित्रण गरिएका छन् । |
| ३१. ठूलो हुण्डरी चल्यो | यस कथाम माओवादी द्वन्द्वकालको समयमा भएका घटनाहरूको विषयवस्तुलाई चित्रण गरिएका छन् । कथाका पात्रहरू अग्नि, वायु र |

| | |
|---|---|
| | बज्र क्रान्तिका पक्षमा उभिएका व्यक्ति हुन् । अर्का उदय नामका पात्र आध्यात्मिक चिन्तन बोकेर हिँड्ने नैतिकवान् पात्र हुन् । तीन पात्र अग्नि, वायु र बज्रले आफ्ना साथी उदयलाई पनि क्रान्तिका लागि लडौँ भन्दा नमानेकाले मृत्युदण्ड दिने सोच गरी जङ्गलमा डोरीले बाँधेर झुन्ड्याएको समयमा अकस्मात ठूलो हावा हुण्डरी चलेर उदयको ज्यान बच्न पुग्दछ । त्यसैले ईश्वरीय चिन्तनलाई हृदयबाट स्वीकार्ने उदयको जीत भएको र सत्यको जीत भएको कुराको चित्रण गरिएको छ । |
| ३२. घुयैँत्रो बाजा | यस कथामा सन्ते गरिब परिवारमा जन्मेका एक गोठाले जीवन बिताउने व्यक्ति हो । ऊ सधैँ कल्पना गरिरन्छ । सृजनशील क्षमता बेजोड भएकोले ऊ डोरीमा ढुङ्गालाई बाँधेर हुइँत हुनुनुको आवाजमा रमाइलो मान्दै खेलिरहन्छ । उसको सृजना गर्ने क्षमता त्यही सीमित हुँदैछ । गरिब भएकोले असीमित इच्छा, आकांक्षालाई घाँस काट्दै र गाई गोठालो गर्दै उसका घुयैँत्रो बाजा सन्तानलाई चिनोस्वरूप छोडी जाने निधो गर्दछ ।<br>प्रत्येक व्यक्तिमा सृजना गर्ने क्षमता केही न केही भएकै हुन्छ, अवसर पाएपछि मात्र उसको सृजना प्रस्फुटन हुन सक्छ, अवसर नपाए सीमित चाहना र कल्पनामा मात्रै सीमित हुन पुग्दछ भन्ने यथार्थ पक्षको चित्रण गरिएको छ । |

यसरी **याङ्जी र चराहरू** कथा सङ्ग्रहका कथाहरूको अध्ययन गर्दा लगभग सबै कथाहरू मझौला आयाममै संरचित छन् ।

यस सङ्ग्रहमा प्रेम रिबुसालका सबै कथाहरूमा आदि, मध्य र अन्तको क्रमिक वितरण पाइँदैन । 'ईश्वरको भाषा', 'मूर्खका लागि महामूर्ख ईश्वर', 'मान्छे जाँच्ने यन्त्र', 'सिमाङको स्वर्गयात्रा', 'स्वर्गको सातौँ दूत धर्तीमा रहँदा' आदिमा प्रेम, मानवता, शान्तिका पक्षमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा विभिन्न सन्दर्भ र प्रसङ्गबाट कथात्मक संरचना प्रदान गरेका छन् । 'गाउँ बिग्रियो नाति !!!', 'ट्याक्सी आतङ्क' आदिमा समाजमा देखापरेका विकृत

र विसङ्गतिपूर्ण अवस्था, हत्या, हिंसा, बलात्कार, चोरी, डकैती, लुटपाट आदिलाई विषयवस्तुको रूपमा यस सङ्ग्रहका कथामा समेटेका छन् । 'याङ्जी र चराहरू', 'पैसाको के काम', 'छेवाङको बगैंचाका फूलहरू', 'राम्रो मान्छे', 'किताबी किरो', 'क्याक्टस, झुसिल्कीरा र क्यारल', 'लाटो देशको गँडाहा तन्नेरी', 'जस्तो इच्छा त्यस्तै जीवन', 'घडीको सोख ज्यान लिने समय', 'बूढो र बालक', 'हरेस नखाने हेमकाजी', 'बाबुको इच्छा', आदि कथाहरूमा धार्मिक, सामाजिक, नैतिक, राजनैतिक मूल्य र मान्यताहरूमा परिवर्तन ल्याउने विविध सन्दर्भ र प्रसङ्गलाई यथार्थमूलक ढङ्गले अभिव्यक्त गरिएको छ । 'तीन खरायोको कथा', 'हत्यारा कछुवाको कथा'मा पशुप्राणीहरूमा पनि मानवीय संवेदना भएको यथार्थलाई देखाइएको छ भने 'ठूलो हुण्डरी चल्यो' कथामा माओवादी द्वन्द्वकालमा भएको हत्या, हिंसा र मानवीय संकटलाई प्रस्तुत गर्नुका साथै 'छिमेकीको गनगन', 'घुयेँत्रो बाजा' कथामा क्रमशः सङ्गठनभित्रका असाङ्गठनिक पक्ष र गरिबीको चपेटामुनि दबिएका सिर्जनशील क्षमतालाई यथार्थ ढङ्गबाट स्पष्ट पारिएका छन् ।

### ५.२.३ सहभागी र सहभागिता

कथाका घटनाहरूलाई अगाडि बढाउने वा गति प्रदान गर्ने काम सहभागीहरूले गर्दछन् । बिना सहभागी कथाको निर्माण हुन सक्दैन । प्रेम रिबुसालका **याङ्जी र चराहरू** कथा सङ्ग्रहका कथाहरूमा मानवीय र मानवेतर दुवै सहभागीको सहभागिता रहेको भए तापनि मानवीय भन्दा मानवेतर सहभागी बढी बद्धिमानी भएको देखाउँदै मानवेतर सहभागीहरूकै अधिक प्रयोग पाइन्छ । 'तीन खरायोको कथा' (भाग १ देखि ३), कथाका छेवाङभन्दा बुद्धिमानी, कल्ली, हारी र चुरा खरायोहरू र 'हत्यारा कछुवाको कथा'मा कछुवा मान्छेभन्दा बढी चलाख र जीवन्त पात्र हुन् । यिनका प्रायः सहभागीहरू केही असत् चरित्रका लागे पनि प्रायः सत् चरित्रका जस्ता लाग्छन् । यिनले मानवीय सत् र असत् चरित्रलाई परम्परागत दृष्टिले प्रस्तुत नगरी यथार्थको धरातलमा रहेर विशुद्ध मानवीय दृष्टिकोणले प्रस्तुत गर्ने परिपाटी अँगालेका छन् । **याङ्जी र चराहरू** कथा सङ्ग्रहका कथामा प्रयुक्त स्त्री र पुरुष मानव पात्रहरू हेमकाजी, छेवाङ, पिटर, दिलवीर, मनमाया, युन-ई, नुमा, छुन्ना, बज्र, वायु, अग्नि, लठिभद्र, निशान्त, पात्रहरू सामाजिक मूल्य र मान्यतामा अडिएर समाजको विकास निर्माणका लागि प्रत्यक्ष र अप्रत्यक्ष ढङ्गबाट सहयोग पुऱ्याउने पात्रहरूका

रूपमा उभिएका छन् भने प्रभु, ईश्वर, गुरुहजुर जस्ता आध्यात्मिक चिन्तनबाट प्रभावित पात्रहरू पनि आएका छन् जसले समाजलाई सत्कार्यतर्फ डोऱ्याउन सफल भएका छन् ।

प्रेम रिबुसालको कथाको विषयले पाठकलाई सुम्सुम्याउँदै कथा पढ्न उत्साहित बनाउँछ । यही नै कथाकार रिबुसालको कथा लेखनको सफलता रहेको पाइन्छ । यसरी **याङ्जी र चराहरू** कथा सङ्ग्रहका कथाहरूमा विशुद्ध मानवीय दृष्टिकोणबाट विविध प्रकारका मोडका मानसिक सङ्कटमा परेका सहभागीका अतिरिक्त ईश्वरीय संवेदना प्रत्यारोपण गरी तिनका माध्यमबाट कथ्यलाई अघि बढाई कथात्मक संरचना दिएको छ ।

### ५.२.४ परिवेश

प्रेम रिबुसालका कथामा विविध स्थान, समय र वातावरणको प्रयोग भएकाले परिवेशगत विविधता पाइन्छ । यिनका यस कथाहरूमा स्थानको उल्लेख स्पष्ट रूपमा गरेको पाइन्छ । **याङ्जी र चराहरू** कथा सङ्ग्रहका कथाहरूमा विविध चित्रण पाइन्छ । मूलतः सहरिया र गाउँले परिवेशको सुन्दर हरियाली प्राकृतिक रमणीय वातावरणको बगैँचामा फुलेका फूलहरूको सुन्दर वर्णन, वनमा फुलेका गुराँस, रङ्गीविरङ्गी फूलहरू ‘ईश्वरको भाषा’, ‘कहिल्यै नाश नहुने सम्पत्ति’, ‘छुन्ना र लालीगुराँस’, ‘तीन खरायोको कथा’ (भाग १, २ र ३), ‘याङ्जी र चराहरू’, ‘तपस्वीको तपस्या’, ‘सिमाङको स्वर्गयात्रा’ आदि कथामा चित्रित परिवेश हो ।

‘ट्याक्सी आतङ्क’ मा परिवेश सहरको छ जहाँ ट्याक्सी ड्राइभरहरूले यात्रुहरूप्रति ठगी र मनोमानी गर्ने गरिएको देखाइएको छ भने ‘ठूलो हुण्डरी चल्यो’ कथामा दशवर्षे जनयुद्ध कालमा कथित क्रान्तिका नाममा भएका ज्यादतीपूर्ण घटनाहरूलाई परिवेशको रूपमा राखिएको छ ।[९]

यसरी कथाहरूमा अतीत र वर्तमान बीचमा देखापरेका शान्त र सुन्दर प्राकृतिक स्थानको वर्णन पाइए पनि कतिपय स्थानमा वर्तमानमा घटित समसामयिक घटनाहरूको सन्त्रासपूर्ण विषयवस्तुलाई पनि यस युगीन परिवेश चित्रणमा देखाइएको छ भने कतिपय कथाहरूमा आजको विश्व परिवेशमा देखापरेका र मौलाउँदै गएका धर्म, संस्कार र

९. किरण राई, ‘आस्था, आदर्श र सपनाको दस्तावेज’, भूमिका, प्रेम रिबुसाल, **याङ्जी र चराहरू**, (काठमाडौँ : मिर्मिरे प्रकाशन समूह, २०६९) ।

संस्कृतिले लिनुपर्ने प्रेमवादी समाजको यथार्थ परिवेश चित्रण गरिएको पाइन्छ । धेरै कथाहरू सार्वस्थानिक र सार्वकालिक नै प्रतीत हुन आएका यस सङ्ग्रहका कथाहरूको परिवेश प्रायः सुखद वातावरणमा नै सृजित देखिन्छ ।

### ५.२.५ उद्देश्य

साहित्य सिर्जनाको प्रयोजनमूलकतालाई उद्देश्य भनिन्छ । साहित्यको उद्देश्य र प्रयोजनले एउटै कुरालाई जनाउँदछ । यसले अपेक्षित परिणाम तथा वैयक्तिक प्रयोजनका लागि हुने सहभागिता समेतलाई बुझाउँदछ । हरेक विधाका साहित्यिक कृतिको सिर्जना उद्देश्यमूलक ढङ्गले गरिने हुँदा साहित्य सिर्जनाका पछाडि प्रत्यक्ष वा परोक्ष रूपमा कुनै न कुनै प्रकारको उद्देश्य अन्तर्निहित हुन्छ ।[१०]

प्रेम रिबुसालका **याङ्जी र चराहरू** कथा सङ्ग्रहमा समाविष्ट कथा सिर्जनाको मुख्य उद्देश्य वर्तमान युगीन सामाजिक र आध्यात्मिक यथार्थका विविध पाटाको प्रकटीकरण गर्दै नैतिक शिक्षा प्रदान गर्नु रहेको देखिन्छ । समाजमा रहेका नकारात्मक र खराब पक्षहरूलाई सकारात्मक र असल पक्षतर्फ डोऱ्याउने मूल लक्ष्यलाई शिक्षामूलक ढङ्गबाट प्रस्तुत गर्न सफल बनेका छन् । **याङ्जी र चराहरू** कथा सङ्ग्रहका कथाहरूको उद्देश्य नेपाली समाजको विविध पक्षको यथार्थको प्रस्तुतिकरण गर्नु रहेको छ ।

यसरी रिबुसालका कथाहरूमा सामाजिक विसङ्गति, विकृति र बेथितिको चित्रण पाइन्छ । यिनका कथा सिर्जनाको मुख्य उद्देश्य वर्तमान युगीन सामाजिक र आध्यात्मिक विषयमा देखापरेका विविध पक्षहरूको प्रकटीकरण रहेको देखिन्छ । प्रेममयी समस्याहरूको यथार्थपरक चित्रण पाइने यिनका यस सङ्ग्रहका कथामा समाजका विकृत र विसङ्तपूर्ण अवस्थाप्रति असन्तुष्टि आदिको चित्रण गर्दै विविध सन्दर्भ र प्रसङ्गबाट युगीन यथार्थको प्रकटीकरणको साथै विविध प्रकारका संकटमा परेको मानसिकतालाई प्रस्तुत गर्नु मुख्य उद्देश्य रहेको छ ।

---

१०. खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्, पृ. ९४ ।

## ५.२.६ दृष्टिबिन्दु

प्रेम रिबुसालको यस कथा सङ्ग्रहमा सङ्गृहीत कथाहरूमा प्रथम पुरुष र तृतीय पुरुष दुवै दृष्टिबिन्दुको प्रयोग गरिएको भए तापनि अधिकांश कथाहरूमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । 'स्वप्नमा यात्रा गरेको देश' कथा प्रथम पुरुष दृष्टिबिन्दुमा लेखिएको छ भने अन्य सबै कथाहरू तृतीय पुरुष बाह्य दृष्टिबिन्दुमा लेखिएका छन् । यसरी प्रयोग गरिएको दृष्टिबिन्दुको माध्यमबाट समाजका सम्पूर्ण मानव समुदायमा देखिएका खराब, असङ्गत र अव्यवस्थित पक्षलाई त्याग्न र सत्कार्यतर्फ सचेत भई अगाडि बढ्न प्रेरणा, कुरीति, कुसंस्कार, अज्ञानता, अशिक्षा, मूर्खता, आदि पक्षहरूलाई सकारात्मक पक्षका माध्यमबाट सुधार गर्न प्रेमवादी दर्शनको आवश्यकता पर्ने धारणा, व्यापार व्यवसायमा फैलिएका भ्रष्टाचार, अनियमितता गर्नेहरूप्रति तीब्र व्यङ्ग्य र असन्तुष्टि व्यक्त गर्दै कथाकार विभिन्न वर्गीय समाज र जनताका लागि कथामा उभिएका छन् । विशेषगरी अज्ञानताबाट समाज गुजुल्टिएको कारण देशले नै कोल्टो फेर्न नसकेको विवशतापूर्ण स्थितिप्रति गहिरो चिन्तन व्यक्त छ । विसङ्गति र विभेदजन्य व्यवहारको अन्त्य हुनुपर्दछ ।

आध्यात्मिक चिन्तनमा ओतप्रोत भएका व्यक्तिहरू सधैँ नम्र, सहनशील र विस्तारै परिवर्तनशील हुन सक्दछ जसलाई ईश्वरले हेर्ने दृष्टिकोण मानवीय व्यवहारोन्मुख भएको हुन्छ । सच्चा विचार, चिन्तन बहन गरेका मानवीय असल व्यवहारको लागि ईश्वरमाथि आस्था राखी समाजमा भएका शोषण, अन्याय, अत्याचार र विकृतपूर्ण असमानताहरूलाई अन्त्य गर्न सकिन्छ । सम्पूर्ण वर्गका समाजले तनावरहित र विभेदरहित ढङ्गबाट समग्र देशको विकास निर्माणमा महŒवपूर्ण भूमिका खेल्न सक्दछ भन्ने विचार व्यक्त गरिएको छ ।

## ५.२.७ भाषाशैलीय विन्यास

**याङ्जी र चराहरू** कथासङ्ग्रहका कथाहरू छोटाछोटा अजटिल संरचनामा आबद्ध छन् । घुमाउरो पाराको नभएर सोझो, सरल, सहज, स्वभाविक र अभिधात्मक भाषाको प्रयोग यस कथा सङ्ग्रहका कथाहरूमा पाइन्छ । रिबुसालले यस सङ्ग्रहका कथामा नेपाली बाहेक अङ्ग्रेजी शब्द जस्तै : 'डिस्टर्ब', 'एअरपोर्ट' (ईश्वरको भाषा, पृ. १/२), 'क्याक्टस' (क्याक्टस, झुसिल्कीरा र क्यारल, पृ. ४) आदि भाषाका शब्दको प्रयोग पनि गरेको पाइन्छ ।

तर यिनीहरूके प्रयोगले पनि कथाको भाषा एवम् भावबोधगम्यतामा कुनै अस्वाभाविकता भने ल्याएका छैनन् । यदाकदा वार्तालापीय र एकालापीय शैलीको प्रयोग पाइए तापनि वर्णनात्मकता नै यिनको कथा लेखनको शैलीगत पहिचान हो ।

**याङ्जी र चराहरू** कथा सङ्ग्रहका कथाहरूमा कतै दोस्रो भाषी नेपालीको झझल्को दिने भाषिक प्रयोग जस्तै : थिएछ, हुन्थेछ जस्ता शब्दहरूलाई क्रियापद मिलाएर राखिएका छन् भने कतै भाषिक स्वाभाविकता ल्याउनका लागि हुइँत हुनुनु, हुनुनु जस्ता शब्दहरूको प्रयोग भएको पाइन्छ । समग्रमा **याङ्जी र चराहरू** कथा सङ्ग्रहका कथाहरूको भाषाशैली आलङ्कारिक र क्लिष्ट नभई साधारण पाठकको लागि बोधगम्य हुने सरल, सहज र स्वभाविक छ ।

### ५.२.८ उपसंहार

यसरी प्रेम रिबुसालको **याङ्जी र चराहरू** कथा सङ्ग्रहमा सङ्गृहीत कथाहरू मूलतः सामाजिक र अंशतः आर्थिक, राजनैतिक आदि क्षेत्रमा व्याप्त विसङ्गति र विकृतिका साथै अन्य विविध सन्दर्भ र प्रसङ्गलाई यथार्थमूलक ढङ्गले अत्यन्त न्यून सहभागीहरूको सहभागिता त्यसमा पनि मानवभन्दा मानवेतर पात्रको अधिक प्रयोग गरी सहरिया र गाउँले परिवेशमा वर्तमान युगीन सामजिक, सांस्कृतिक, आध्यात्मिक यथार्थका विविध पाटाहरूको प्रयोग गरी लेखिएका यस सङ्ग्रहका कथाहरूमा तृतीय पुरुष दृष्टिबिन्दुको बढी प्रयोग गरिएको छ ।

कथा सङ्ग्रहमा सङ्गृहीत कथाहरू विभिन्न स्थान, उमेर, वर्ग तथा अवस्थाका मानिसहरूले विषम तथा विसङ्गत परिस्थितिमा भोग्नुपरेका मानसिक सङ्कटबाट उत्पन्न समवेदनालाई विभिन्न सन्दर्भका माध्यमबाट विषयवस्तु बनाई सार्वकालिक र सार्वस्थानिक वातावरणमा लेखिएका छन् । आध्यात्मिक दर्शनलाई विषयवस्तु सामु प्रस्तुत गर्ने क्रममा ईश्वर, गुरुहजुर, प्रभु आदि कार्य सम्बोधनको माध्यमबाट प्रेममयी सन्देशमूलक भावलाई विषयवस्तुका माध्यमबाट प्रस्तुत गरिएका छन् । मानवीयभन्दा मानवेत्तर पात्र बढी बुद्धिमानी भएको देखाउँदै सरल, सहज, सुबोध भाषाशैलीको प्रयोग गरी नैतिक र उपदेशात्मक शिक्षा दिने उद्देश्यले लेखिएको यस सङ्ग्रहका कथाहरू सहरिया र गाउँले दुवै परिवेशमा लेखिएका छन् ।

## ५.३ प्रेम रिबुसालको निबन्धसङ्ग्रहको विश्लेषण

२०६४साल **स्वर्गिक सन्देश** मासिक पत्रिकाबाट 'मयुम चिमाल र हाम्रो यात्रा' शीर्षकको निबन्ध प्रकाशित गराएर औपचारिक रूपमा नेपाली साहित्यको निबन्ध क्षेत्रमा देखापरेका प्रेम रिबुसालको हालसम्म एक यात्रा संस्मरणात्मक निबन्ध सङ्ग्रह प्रकाशित भएका छन् भने अन्य प्रकाशित फुटकर निबन्धहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन् । उनका प्रकाशित पुस्तकाकार निबन्ध सङ्ग्रह **अतृप्त यात्राका अनुभूति** (२०७०) हुन् । यस निबन्ध सङ्ग्रहको विश्लेषण तल गरिएको छ ।

### ५.३.१ अतृप्त यात्राका अनुभूति निबन्धसङ्ग्रहका निबन्धहरूको विश्लेषण

प्रेम रिबुसालको **अतृप्त यात्राको अनुभूति** (२०७०) निबन्धसङ्ग्रह पहिलो निबन्ध सङ्ग्रह हो । प्रा.डा. खगेन्द्रप्रसाद लुइटेलको भूमिका लेखन रहेको यो निबन्ध सङ्ग्रह जम्मा दुई सय छ पृष्ठमा संरचित छ ।

प्रस्तुत कृतिमा प्रेम रिबुसालले आफूले स्वदेश तथा विदेश भ्रमणमा देखे भोगेका विषयवस्तुलाई टिपेर यात्रा संस्मरणात्मक रूपमा निबन्धको संरचना दिएका छन् । निबन्धहरू ५ देखि २२ पृष्ठसम्म विस्तारित रहेका देखिन्छन् । निबन्धहरू पङ्क्तिपुञ्जका दृष्टिले मध्यम किसिमका छन् । यस निबन्ध सङ्ग्रहमा प्रेम रिबुसालले पन्ध्र वटा शीर्षकका माध्यमबाट विषयवस्तुलाई प्रस्तुत गरेका छन् । यो निबन्धसङ्ग्रहलाई निम्नानुसार विश्लेषण गरिन्छ ।

### ५.३.२ विषयवस्तु

निबन्धकारले आफ्नै भोगाइलाई निबन्धको विषयवस्तु बनाएको हुन्छ । त्यसरी नै प्रेम रिबुसालले आफूले स्वदेश र विदेश भ्रमणका सिलसिलामा देखे, भोगेका विषयवस्तुलाई विभिन्न पन्ध्रवटा शीर्षक र विभिन्न उपशीर्षकका माध्यमबाट प्रस्तुत गरेका छन् ।

**१. आइस्ल्यान्ड पिक आरोहणको सहयात्री**

यस निबन्धमा रिबुसालले सुप्रिम मास्टर गड्यान्जलको सगरमाथा आरोहण अभियानको पहिलो चरण अन्तर्गत 'आइस्ल्यान्ड पिक' आरोहणका क्रममा भोगेका अनुभवहरूलाई समेटेका छन् । यसमा निबन्धकारले यसलाई आध्यात्मिक अभियान भएको

परिचय दिँदै विश्व मानव, समग्र प्राणी र धर्तीकै रक्षार्थ गरिएको सामूहिक अभियान साहसिक र रहस्यमय जोखिमपूर्ण रूपमा सम्पन्न भएको अनुभवलाई विषयवस्तु बनाएका छन् । यस निबन्धमा विभिन्न उपशीर्षक समेत राखी सगरमाथा आरोहण आध्यात्मिक अभियान अनुभवलाई विषयवस्तु बनाएका छन् ।

**(क) अभियानको तयारी**

यस उपशीर्षकमा गुरुहजुरको सगरमाथा आरोहण सफल पार्ने योजना बनाउँदै आवश्यक सामग्री र कपडाहरू किनेको, सगरमाथा आरोहणका लागि अभ्यास, अभियानको संयोजन हिमालयन लेजेन्ड ट्रेक प्रा.लि.ले गरिरहेको, नागार्जुन दरबारमा स्वर्गिक ध्वजा राख्नुका साथै ४० हजार रूपैयाँको ब्रान्डेड सामानहरू खरिद गरेको विषयवस्तुको उल्लेख गरिएको छ ।

**(ख) यात्राको थालनी र अन्त**

यस उपशीर्षकमा तारा एयरको उडानबाट लुक्ला एयरपोर्ट सम्मको हवाइ यात्राबाट उत्रिएर ट्रेकिङबाट स्याङ्बोचे विश्वको सबैभन्दा अग्लो स्थानमा रहेको पाँचतारे हुटेल हुँदै क्रमशः यात्रालाई पाँचौं दिनमा फेरिचे सम्मको ४२४० मिटरको उचाइ हुँदै ४९१० मिटरको उचाइसम्म पुग्दाको अनुभव, यात्रामा पैदल यात्राले यात्रीहरूलाई पारेको समस्या, ५,३६४ मिटरको उचाइमा रहेका आधार शिविरको बारेमा यात्रानुभव, ५,५५५ मिटरको कालापत्थरको उचाइमा पुगी ओर्लिएको र गुरुहजुरको आइस्ल्यान्ड पिक आरोहण सफल भएको आदिलाई विषयवस्तु बनाइएको छ ।

**(ग) सुप्रिम मास्टर गड्यान्जलज्यूको व्यस्त यात्रा**

यस उपशीर्षकमा सुप्रिम मास्टर गड्यान्जलज्यूको सगरमाथा आरोहण पूरा भएको र खुसी भई आत्मिक र भौतिक जीवनबारे सोच्न र मूल्याङ्कन गर्न लगाइएको, यस समयमा देखिएको सुन्दर, प्राकृतिक धरातलको बारेमा र जीवित प्राणीहरूको बारेमा गरिएको अध्ययन, अनुसन्धानलाई विषयवस्तुको रूपमा वर्णन गरिएको छ ।

**(घ) तपस्यामयी यात्रा**

यस उपशीर्षकमा गड्यान्जलले गड्यान्जल छाँगो, फुङ्गिथाङ्गाको दूधकोसी आदिस्थानमा तपस्या गर्दै प्रेमको सन्देश दिएको सगरमाथाको आधार शिविर र आइस्ल्यान्ड

पिक माथि आफ्नै सादा युनिफर्ममा तीन घण्टासम्म कठोर तपस्या, अध्यात्मभित्र डुबेर संसारको लागि निशुई लेखिएका आदि चित्रणहरूलाई विषयवस्तु बनाइएको छ ।

**(ङ) निरन्तरको लेखनयात्रा**

यस उपशीर्षकमा गड्यान्जलले पैदलयात्रा गर्दा, आरोहण गर्दा वा रमाइलोसँग कुराकानी गर्दा जुनसुकै समयमा अमरवाणी, गीत, कविता, मनोवाद आदि लेखेर सबैलाई मनोरञ्जन प्रदान गरेको र अन्य यात्रीहरूलाई पनि लेख्न लगाएको आदि विषयवस्तु रहेको छ ।

**(च) कल्पनातीत अन्तर्दृष्टि**

यस उपशीर्षकमा गड्यान्जलले बाहिरी हिमाल आरोहण गरेको देखिए पनि वास्तविक अन्तर्दृष्टिले भने विश्व ब्रह्माण्डमा भइरहेका घटनाहरूबारेमा गहिरो चिन्तन रहेको विषयवस्तुबारे प्रस्तुत गरिएको छ ।

**(छ) यात्रीहरूको सहयात्रा**

यस उपशीर्षकमा सुप्रिम मास्टर गड्यान्जलको साथसाथै रहेर फोटाहरू खिच्दै प्राकृतिक सौन्दर्यमा रमाएको एउटै परिवार जस्तो भएर यात्राका सम्पूर्ण सहयात्रीहरू रमाइलो गर्दै सम्पूर्ण कार्यहरूको बारेमा भएका टिकाटिप्पणी गर्दै अगाडि बढेको वर्णनलाई विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ ।

**(ज) मनोहर प्राकृतिक धरातल र विष्मयकारी सौन्दर्य**

यस उपशीर्षकमा हिमालको यात्रामा भएका प्राकृतिक धरातलीय वर्णन भीर, पहरा, छहरा, वनजङ्गल, खोलानाला, नदी, हिमनदी, पहाड आदिको विष्मयकारी सुन्दरतासँगै छहरा, वनजङ्गल, खोलानाला, नदी हिमनदी, पहाड आदिको विष्मयकारी सुन्दरतासँगै खुम्बू, ल्होत्से, आमादब्लम, आदि हिमनदीहरू दूधकोसीमा विलय भई देखिएका सेता दूध जस्तै सेतो रमणीय नदी हुँदै नाम्चे ३७८० मीटर उचाइमा रहेको एडमन्ड हिलारी फाउन्डेसन ट्रस्ट सँगसँगै शिविर क्षेत्रको धरातल आकर्षक भन्दा पनि विचित्रपूर्ण शैलीमा प्राकृतिक रमाइला देखिएका कालापत्थरबाट देखिएका सेतो, नीलो ताल अत्यन्तै सुन्दर र मनमोहक तरिकाबाट विषयवस्तुका रूपमा प्रस्तुत गरिएका छन् ।

**(झ) हिँड्दा हिँड्दै ध्यान**

यस उपशीर्षकमा हिमाल चढ्दा निश्चित आवश्यक विषयहरूमा ध्यान पुऱ्याउनु पर्ने हुनाले हिमाल यात्राबाट मानिसले ध्यान, तपस्या प्राप्त गर्न सक्दछ भन्ने अनुभवका विषयका

साथै के-कसरी हिमाल आरोहण गर्न सफल भइन्छ भन्ने आवश्यक विषयहरूमा चर्चा गरिएको छ ।

**(ञ) हिमाल चढ्नु पनि शून्यता प्राप्त गर्नु जस्तै घुमाउरो**

यस उपशीर्षकमा नाम्चे, कालापत्थर हुँदै आइस्ल्यान्ड पिक आरोहण गरेको र स्वर्ग प्राप्ति पनि घुमाउरो बाटोहरूबाट सजिलो पुग्न सकिने पाउन सकिने फल जस्तै हिमाल चढ्ने कार्य पनि सजिलो कार्य नरहेको अनुभवलाई प्रस्तुत गरिएको छ ।

**(ट) खुम्बू क्षेत्रको रहनसहन**

यस उपशीर्षकमा यात्रा गर्दा नेपालको नभई अन्य कुनै देशको भ्रमण गरिरहे जस्तो लागेको अनुभव त्यहाँका बासिन्दाहरूमा देखिएका मानवीयता र व्यवहार देख्दा महसुस भएको र भौगोलिक विकटताका कारण आवश्यक सामानहरूको महङ्गाइ, त्यहाँ बनाइएको प्राकृतिक तवरको कलात्मक घरहरूको दृश्य, होटल व्यवसायीहरूको आम्दानी राम्रोसँग गर्न सकेको, कम उब्जनी हुने पशुपालनमा चौंरीपालन आदि रमाइलो र आकर्षित दृश्यहरूलाई विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ ।

**(ठ) वनस्पति र जीवजन्तु**

यस उपशीर्षकमा हिमाली भेगमा पाइने रुखबिरुवाहरूको हरियो र रमणीय सुन्दर मनमोहक दृश्यको वर्णन, होचा खालका पोथ्रे बिरुवाहरू औषधीको रूपमा प्रयोग गर्न सकिने, सगरमाथा राष्ट्रिय निकुञ्ज भएकाले रुख, बोटबिरुवा काट्न नपाइने र सिकार गर्न नमिल्ने कष्टकारी कानुनी मान्यताले विभिन्न जातका पशुपंक्षीहरूले सुरक्षित बासस्थान पाएका र ती पशुपंक्षीहरू चर्दै, खेल्दै गरेको सुन्दर दृश्यको वर्णन गरिएको पाइन्छ ।

**(ड) हिमाल आरोहणमा शेर्पाहरूको नेतृत्व**

यस उपशीर्षकमा शेर्पा जातिका मानिसहरू हिमाल आरोहणमा दक्ष भएको, तिनीहरूमा साहस, धैर्य, नम्र व्यवहार, सहयोगी भावना, लगनशील क्षमता भएकोले गौरवपूर्ण पेसा तथा जिम्मेवारी ठानी निरन्तरता दिँदै आएका शेर्पाहरूको वर्णन, शेर्पाहरूले धेरै पटकसम्म सगरमाथाको चुचुरोमा पाइला टेक्न सफल बने पनि सरकारले त्यसप्रति विशेष सहयोग ध्यान नपुऱ्याएको आदि जिज्ञासापूर्ण प्रश्नलाई स्पष्ट पारेको छ ।

**२. मयुम चिमाल र हाम्रो यात्रा**

यस निबन्धमा रिबुसाल आफ्ना जागिरे जीवनमा व्यस्त हुनुपरेको र जागिरबाट निवृत्त भएपछि भने धेरै फुर्सदिलो समयमा विभिन्न ठाउँहरूको भ्रमण गरी बिताउन पुगेका

रमाइला अनुभवहरूको बारेमा यथार्थ वर्णनको विषयवस्तु बनाउन सफल भएको देखिन्छ । यस्ता विभिन्न घटनाक्रमलाई उपशीर्षकमा यसरी व्यक्त गरिएका छन् ।

(क) **फेला परे 'एन्जल थर्ड'**

यस उपशीर्षकमा भौगोलिक विकटता र सुन्दरताको खोजीमा दोडिँदै जाँदा एक साथी फेला परेको र उनलाई 'एन्जल थर्ड' उपनाम दिई सँगसँगै यात्रा गरेको प्रसङ्ग, बाढी, पहिरो आदि प्राकृतिक प्रकोपका कारण हिँड्न असहज बाटाहरू, त्यही अनकन्टार बाटोमा भारीसँग हिँडिरहेका नानीका आमाहरू, वृद्धवृद्धाहरू भेटेर उनीहरूप्रति सहानुभूति दर्शाएको अनि सरकारको त्यसप्रति ध्यान पुग्न नसकेकोमा चिन्ता प्रकट गरिएको छ ।

(ख) **घेरामा युमेन**

यस उपशीर्षकमा साथीहरूलाई यात्रा सँगै गर्न पर्खिएको र फुर्सदको समयमा भने प्रेमवादको प्रचार प्रसारका लागि लोगो लेख्ने कार्य गरिएको वर्णन पाइन्छ । सुनकोसी नदी हुँदै मितेरी भञ्ज्याङ, जयरामघाट, ओखलढुङ्गा, दूधकोसी हुँदै त्रिपा बँसी पुगेका विभिन्न ठाउँ उकाली, ओराली, भञ्ज्याङहरूको वरपर स्वर्गिक ध्वजा राखिएका घरहरू आदिको बारेमा सुन्दर वर्णन गरिएको छ ।

(ग) **कटेरोमुनि कट्यो रात**

यस उपशीर्षकमा रातको समयमा बास बस्दाको घरपरिवारको बारेमा विशेष गरी घरकी श्रीमतीलाई मद्दत नगर्ने श्रीमान्हरू जुवा, तास, रक्सीमा लागेकाले नारीहरूले कहिले सहयोग र राहत पाउन सक्लान भन्ने प्रश्नका साथै नारी उत्पीडनका बारेमा चर्चा गरिएको छ ।

(घ) **रम्भुवाको चिनो**

यस शीर्षकमा रम्भुवाको बारेमा आफ्नी आमाले गाएको गीतमा सुनेका ठाउँ भएकाले आफूले भ्रमण गर्न पाएकोले त्यहीँबाट आमाबाबा लागि चिनोस्वरूप उपहार किनेका र एउटी दिदीले गोरु जोतिरहेको, वास्तविक नारीहरूको साहस र दुधकोसी रावाखोला र तापखोला किनारको विकटता पूर्वको सबैभन्दा विकट परिवेश महसुस भएको चित्रण गरिएको छ ।

(ङ) **बाक्सिलामा कार्यक्रम**

यस उपशीर्षकमा खोटाङ जिल्ला शाखा, बाक्सिला उपशाखा र फेदी गाउँ इकाइमा आ-आफ्नै ठाउँमा भएको स्वर्गिक मार्गका कार्यक्रमहरूबारे जानकारी आपसमा आदानप्रदान

गरेको चर्चा गरिएको छ । विविध ठाउँबाट आएका यात्रीहरू सेमिङ गुरु, लामा गुरु र सेन मुन्धुम गुरु कार्यक्रमका आकर्षक पात्रका साथमा व्यङ्ग्यात्मक र मनोरञ्जनात्मक तवरले कार्यक्रम सम्पन्न भएको अवस्थाबारे वर्णन गरिएको छ ।

**(च) लोगो लेख्दै फेदी पत्करु**

यस उपशीर्षकमा गुरुज्यूहरूसँग विभिन्न ठाउँ बाटो, विद्यालय भवन आदि स्थानहरूमा प्रेमवादको लोगो लेख्दै खोटाङ सुम्देको विकटतापूर्ण स्थानमा पुगेको र विकटताका कारण खेतीपाती नफस्टाउने जमिन, बासिन्दाहरूको नम्र, उदार, सहयोगी, निःस्वार्थ भावनाबारे थाहा पाई अझै त्यसै सत्यतालाई प्रेममयी वातावरणबाट सुधार्न सकिने सन्देश प्रदान गरिएको बारेमा वर्णन गरिएको छ ।

**(छ) मयुम डाँडा काटेर जाँदा**

यस उपशीर्षकमा गुरुजन तथा भोजपुरको मयुम डाँडामा पुग्दा प्राकृतिक सुन्दरताले स्वागत गरिरहे जस्तो भान भई सुन्दरतासँग रमाउँदै मनोरञ्जनात्मक ढङ्गबाट फोटाहरू खिचिएका र लोभलाग्दो प्राकृतिक सौन्दर्यले थकाइ, भोक, प्यास मेटिए झैँ महसुस गरिएका विषयवस्तुबारे उल्लेख गरिएको छ ।

**(ज) सिक्तेलबाट बोखिम**

यस उपशीर्षकमा आफ्नै जन्म गाउँ पुगेर भेटघाट, भलाकुसारी गरेपछि लोगो लेख्दै भजन प्रवचनबारे शिक्षा दिँदै, खाना खाएर बसेको ठाउँ च्याङ्ग्रेमा मोहनकी श्रीमतीलाई आमश उपचार दिने अनुरोध पाएकाले उपचारप्रति विश्वास झनै बढाएको, भोजपुर पूर्वी जिल्लाहरूको धरातल मध्ये उब्जनी हुने स्थानका रूपमा अवलोकन गर्न पाएको र हेभन्ली/निर्वाणा पाथको बारेमा भने अझै चुनौतीहरू धेरै देखिएका र यात्राको एउटा चरण पूरा भएकोमा सन्तुष्ट बनेका अनुभूतिहरूको प्रस्तुति रहेको छ ।

## ३. मितेरी पुलबाट हेलम्बुसम्म

यस निबन्धमा प्रेमवाद दोस्रो भाग अभियान फैलाउँदै नेपालका विभिन्न जिल्लाहरूमा पुग्न सफल बनेका यात्रा अभियानबारे निबन्ध स्थानतर्फ अगाडि बढ्नका लागि भएका समूह विभाजनबारे विश्लेषण गरिएको छ । यस निबन्धमा विभिन्न उपशीर्षक समेत राखी सुन्दर र भौगोलिक सुविधा र विकट परिवेशका जिल्लाहरूको भ्रमणलाई विषयवस्तुको रूपमा विश्लेषण गरिएको छ ।

**(क) अभियानको पहिलो धर्सो दोलालघाटमा**

यस उपशीर्षकमा जम्मा ६ जनाको समूह दोलालघाटको माछाबजार नजिकैदेखि प्रेमवादको लोगो लेखेर अभियानको सुरुवात गर्दै खोलाको दोभानमा अखण्ड पितृ महायज्ञ चलिरहेको दृश्यका साथै मनमा उब्जेका आध्यात्मिक भाव दर्शनलाई तुलना गर्दै सुनकोसी र भोटेकोसी वरपर पनि लेखिएका कुराको वर्णन गरिएको छ ।

**(ख) चौतारामा बास**

यस उपशीर्षकमा गुराँस फुलेका पाखा वरपर गाडी गुडिरहेकाले आफ्नै जन्मस्थल भोजपुरको मैयुमलाई स्मरण गर्न पुगेको चर्चा गरिएको छ । चौताराको टोल वरपर पनि लोगो लेखेर पर्चा प्रचारप्रसार गरिएको विषयवस्तुबारे उल्लेख गरिएको छ ।

**(ग) जलबिरे हुँदै बलेफी**

यस उपशीर्षकमा लोगो लेख्न असम्भव भएकाले र जनसम्पर्क पनि नहुने भएकाले पैदलयात्रा गरी कुभिन्डे हुँदै बतासे, त्यसपछिको गन्तव्य बाह्रबिसे, जलबिरे हुँदै बलेफी, कुभिन्डे खोलामा राखिएको पानी घट्ट, जलबिरेको विवाह, बजारको खैलाबैला र सामान्य हुटेलमा खाजा खाएको आदिलाई विषयवस्तु बनाइएको छ ।

**(घ) प्रहरी अधिकृत**

यस उपशीर्षकमा प्रहरी अधिकृतको अनैतिक क्रियाकलाप तास, मासु, बियर र समयमा गरिने आफ्नो गैरजिम्मेवारीपूर्ण ढङ्गबाट पूरा गरिरहेको क्रियाकलापलाई अवलोकन, अनुशासनहीन र लोकतन्त्रबारे भएको छाडापन, संस्कृतिको विकास नभएको आदि विविध पक्षमा चरित्रहीन स्थिति देखिएको यथार्थताबारे चित्रण गरिएको छ ।

**(ङ) गन्तव्य तातोपानीको**

यस उपशीर्षकमा तातोपानीको यात्रा प्रारम्भ भएको देखिन्छ । बसको क्याबिन सिटमा बसेर रमाइलो भोटेकोसीको चिसो हावा, भीरको बाटो, भीरमौरी, अला छाँगाहरू, कोसीको भीर, पैह्रो माथिका डरलाग्दो स्थानमा अडिएका घरहरू, टाढा देखिने खासा बजारको दृश्य आदि केही रमाइला र केही डरलाग्दा दृश्यहरूको चर्चा गरिएको छ । पासबुक बनाउन मितेरी युवा क्लब पुग्दा त्यहाँका कर्मचारीले गरेको बेवास्ताका बारेमा नेपालका कर्मचारीहरूको शिष्टता, नम्रता र कार्यकुशलता र व्यवहारमा देखिएको दुर्व्यवहारको वर्णन गरिएको छ ।

**(च) पाइएन खासा पुग्न**

यस उपशीर्षकमा मितेरी पुल तरेर चिन जान लाग्दा जान निषेध गरिएको कारण झोलामा बोकिएका निशुई, रङका बट्टाहरू देखेर जान नदिएको स्थितिको चर्चा गरिएको छ ।

**(छ) लिपिङको सानो हुटेलमा**

यस उपशीर्षकमा लिपिङ हुटेलको सभ्य र शिष्ट तरिकाले बनाएको स्वच्छ परिकारहरूको बारेमा वर्णन गरिएको छ ।

**(ज) भ्यान चढेर कुन्ता बैँसी**

यस उपशीर्षकमा कुन्ता बैँसी वरपर पुग्दा साँझ परेको र त्यहाँ टर्चलाइट बालेर लोगो लेख्ने कार्यमा व्यस्त समय बिताएका अनौपचारिक रूपमा कार्यक्रम सफल बनाएर अगाढि बढेको विषयवस्तुलाई प्रस्तुत गरिएको छ ।

**(झ) मेलम्ची हुँदै हेलम्बुतर्फ**

यस उपशीर्षकमा भोटेकोसीको रुखो विकटताले मन चिसो भएको अवस्थामा कुन्ता बैँसी र मेलम्चीको फाँट देख्न पाउँदा खुसी अनुभव भएको प्रसङ्गलाई विषयवस्तु बनाइएको छ । यात्राका लागि टाटा मोबाइल नै सही प्रयोगमा आएको र भाडादर ज्यादै महङ्गो लिइएको यसका वरपर पनि लोगो लेख्दै समय बिताएको प्रसङ्गबारे चर्चा गरिएका छन् ।

**(ञ) मेलम्चीको फाँटैफाँट चनौटे**

यस उपशीर्षकमा यात्राका क्रममा गरिएका तिनै स-साना क्रियाकलापहरू दोहोऱ्याउँदै लोगो र पर्चा बाँड्दै लेख्दै गर्दा त्यहाँका वासिन्दाहरूले दर्शनका बारेमा सोधिएका प्रश्नहरू, धर्म र राजनीतिको प्रचारक भन्दा बढी बुझ्न नसकेको अवस्थाबारेमा वर्णन गरिएको छ ।

**(ट) जातीय नाराबीच प्रेमवादी पारा**

यस उपशीर्षकमा हिमाली प्रदेशमा घन्किरहेका जातीय नाराहरू बीचमा देखापरेका प्रेमवादी पर्चा बाँड्दै हिँडेका तर आर्थिक अवस्था कमजोर भएका निम्नवर्गीय मानिसहरूले प्रेमवादी दर्शन के हो ? भनी बुझ्ने प्रयास नै नगरेको विषयलाई उल्लेख गरिएको छ । मेलम्ची खोलाको फलामका साङ्ला बनाएर फलामकै किला बनाएर गाडेका बडो परिश्रमपूर्वक निर्माण गरिएको पुलको वर्णन आदि विषयवस्तुका रूपमा रहेका छन् ।

### ४. सप्तकोसी, महाभारतखण्ड र निहिन दरबार

यस निबन्धमा धरानमा हेभेन्ली/निर्वाणा पाथ युवा नेपालको हभेन्ली सांस्कृतिक अभियानको अन्यन्तै आकर्षक सांस्कृतिक कार्यक्रमको अवलोकन पश्चात् उदयपुर तर्फको यात्रा प्रारम्भ गरी उदयपुरको गाडीमा ब्रोइलर कुखुरा झैँ भएर डेढ घण्टाको बाटोबाट यात्रा सफल बनाएको विषयवस्तुको उल्लेख गरिएको छ । यस निबन्धमा विविध उपशीर्षकहरू बमोजिम नेपालका ठूला-ठूला नदीहरूको बारेमा वर्णन गरिएको छ ।

**(क) साँझमा रामपुर ठोक्सिला**

यस उपशीर्षकमा ठोक्सिलातर्फ लाग्दा डुङ्गाको क्षमताभन्दा बढी सङ्ख्यामा यात्रु बोकेका यस्ता खतरापूर्ण स्थिति अझै पनि नेपालीहरूले भोगिरहेका यथावत् समस्याका बारेमा यथार्थ चित्रण गरिएका छन् ।

**(ख) पहिलो निहिन दरबारको दर्शन**

यस उपशीर्षकमा सुप्रिम मास्टर गड्यान्जलले बनाएको पहिलो निहिन दरबार जसको छानो जस्तापाताबाट बनाइएको र वरिपरि रुखबिरुवाहरू रोपिएका, दरबार नजिकैको ढुङ्गाबाट सङ्लो पानी कहीँ कतै नबग्ने रहस्यात्मक रहेको र दरबारमा बसेर निशुई वाचन गरेको र स्थानीयका अनुसार गड्यान्जलले गरेको चामत्कारिक क्रियाकलापबारेको वर्णन विषयवस्तुको रूपमा रहेको छ ।

**(ग) कथा सुन्दै बेलटार**

यस उपशीर्षकमा उदयपुरबाट पुनः बेलटारको यात्रामा भएका ऐतिहासिक स्थल मानिएका बेलटारमा अवस्थित ठाउँका बारेमा थुप्रै प्राचीन लोक आहानहरूबारे चर्चा गर्दै यात्रा रमाइलो बनाइएको विषयवस्तुका बारेमा चर्चा गरिएको छ ।

**(घ) भजनको भूमिका**

यस उपशीर्षकमा सुप्रिम मास्टर गड्यान्जलको गृह जिल्लामा गएर भजन प्रार्थना गरेको सामान्य चर्चाका साथै त्यस जिल्लामा हेभन्ली पाथको दर्शनबारे प्रभाव खासै नपरेको स्थितिबारे जानकारीलाई विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ ।

### ५. साहित्य जागरणको प्रारम्भिक पदयात्रा

यस निबन्धमा हेभेन्ली/निर्वाणा पाथ नेपालको आयोजनामा भएको साहित्य जागरण अभियानबाट जिल्लास्तरीय अभियानका लागि खटिएका समूहहरूबाट पूर्वी जिल्ला

धनकुटाका लागि गाडीको सिटको अभावका कारण भोग्नुपरेका पीडाबारे यथार्थ चित्रण गरिएका छन् । यस शीर्षकमा विभिन्न उपशीर्षकहरू राखी यात्राको वर्णन गरिएको छ ।

(क) **पहिलो अभियान**

यस उपशीर्षकमा धनकुटाको बसयात्रामा ब्रोइलर कुखुराजस्तै भएर धनकुटामा पुग्दा स्वागतयोग्य वातावरण सिर्जना गरेका, साहित्य जागरणको महत्वका साथै दर्शन र सङ्गठनबारे स्पष्ट बनाउँदै कविता, गजल राम्ररी वाचन गरेर रमाइलो वातावरण कायम राख्न सफल बनेको यथार्थ स्थितिबारे चर्चा गरिएको छ ।

(ख) **धनकुटाबाट खाँदबारी**

यस उपशीर्षकमा धनकुटाबाट पूर्वी जिल्ला खाँदबारीतर्फको यात्रामा भएका रमाइलो वातावरणको अवलोकन, माङमाया खोलाको उकालो, लेगुवाको सानो बजार, चानुवा, अरुणको किनारै किनार, अक्करका भीरहरू हुँदै पार गर्दै दुःखले खाँदबारी पुग्न सफल भएको यथार्थ विषयको चर्चा गरिएको छ ।

(ग) **अथक यात्री लालबहादुर**

यस उपशीर्षकमा संखुवासभाको एक शारीरिक रूपमा अशक्त व्यक्ति लालबहादुर नित्य कर्म घरको ओछ्यानमा नै गर्नुपर्ने विवशता भए पनि साहस, उच्च भावना बोकेर हिँड्न सबैलाई प्रेरित गर्ने व्यक्तिलाई विषयवस्तु बनाइएको छ ।

(घ) **खाँदबारीमा भव्य कार्यक्रम**

यस उपशीर्षकमा खाँदबारीमा भएको कार्यक्रममा प्रमुख आतिथ्य ग्रहण गरी गजल कविताहरू प्रतिस्पर्धाका रूपमा वाचन गर्ने कार्यक्रमका साथै पुरस्कारहरू प्रथम, द्वितीय, तृतीय सान्त्वना पुरस्कार वितरण गरी भव्य किसिमले कार्यक्रम सम्पन्न भएको विषयलाई उल्लेख गरिएको छ ।

(ङ) **भोजपुर रवाना**

यस उपशीर्षकमा भोजपुरमा आफ्ना सम्पूर्ण साथीभाइ, छरछिमेकी, आमाबुबासँग रमाइलो तरिकाबाट साहित्यिक कार्यक्रमका माध्यम भेटघाट गरिएको विषयबारे चर्चा गरिएको छ ।

**(च) धेरै सालपछि ससुराली गाउँ**

यस उपशीर्षकमा गाउँघरमा बस्ने सम्पूर्ण युवा समुदायका मानिसहरू शैक्षिक र आर्थिक अवस्था सुधारको खोजीमा विदेशी भूमिमा पलायन भएपछि रित्तो र जग्गा जमिनहरू बाँझो रहेको घरहरू भत्किन लागेको अवस्थाको चर्चा गरिएको छ ।

**(छ) तिम्माको बास**

यस उपशीर्षकमा भोजपुरमा अवस्थित तिम्मा गा.वि.स.का खेतबारीमा अलैंची रोपेका र ठूला-ठूला जङ्गलहरू पनि विनाश गरिएको, त्यहाँका स्थानीय बासिन्दाहरूले प्रेमवादी दर्शनबारेमा गहिरिएर बुझ्ने चाहना राख्न नसकेको आदि यथार्थ स्थितिको चित्रण गरिएको छ ।

**(ज) धोत्रे डाँडो र उकाली ओराली**

यस उपशीर्षकमा लेकमा बस्ने शेर्पा समुदायमा जाँड रक्सीको गरिने, प्रेमवादी स्वर्गिक सन्देशलाई बुझ्न नचाहेका, शेर्पाहरूले ठूला-ठूला गोरुहरू पालेर जोत्ने, मोटाघाटा मानिस र तराईमा गाडा चलाउने मानिसहरूबीच गम्भीर अनुभूति लिँदै ट्याम्केको उकालो र छमुवा खोलासम्मको ओराला बाटाहरूको वर्णन गरिएको छ ।

**(झ) क्यादुरीको कमाल**

यस उपशीर्षकमा छमुवा खोलाबाट क्यादुरीले विकट गाउँमा १५ किलोवाटको बिजुली निकालिएको बारेमा वर्णन गरिएको छ । खोटाङ जिल्लाको सबैभन्दा विकट भए पनि फेदी गा.वि.स.मा भएका घरहरू, वातावरण सुन्दर र रमाइला खालको भएकाले यहाँ वरपर प्रेमवादी दर्शनको प्रचार प्रसार गर्दै रमाइलो नाचगानका साथै भेला सम्पन्न भएको कुराको यथार्थ वर्णन पाइन्छ ।

**(ञ) अञ्जान सोलु अर्को गन्तव्य**

यस उपशीर्षकमा नेपालका पूर्वी भौगोलिक विकटताले बाँधिएको सोलुखुम्बू जिल्लाका वातावरणसँग रम्दै गरेका चित्रण गरिएको छ । धार्मिक सहिष्णुता मात्र नभएर शैक्षिक, राजनैतिक, आर्थिक, सामाजिक सहिष्णुताको पक्षमा पनि सुधारको आवश्यकता पर्दछ भन्ने विषयवस्तुमा पाइन्छ ।

**(ट) बाङ्देलको गाउँमा बास**

यस उपशीर्षकमा नेपालका एक कलाकार लैनसिंह बाङ्देलको जन्मगाउँका घरहरूको दृश्य रातको समयमा सुनसान अन्धकारमा वातावरणमा रहेका घरहरू र त्यहीँको एउटा होटलको बसाइ स्थितिबारे सामान्य चर्चा गरिएको छ ।

**(ठ) ऐँसेलुखर्क उक्लँदा**

यस उपशीर्षकमा सोलु, ऐँसेलुखर्क उक्लँदै गर्दा भेटिएका दिम्मा गाउँ, भीर पहराको बीचमा अवस्थित सुन्दर गाउँ नजिकैका विद्यालयहरूमा साइनबोर्ड नराखिएको र शिक्षक पढाउन नआएको भनी विद्यार्थीहरू घर फर्कँदै गरेको शैक्षिक संस्थाहरूको दयनीय स्थितिलाई विषयवस्तु बनाइएको छ ।

**(ड) सुनकोसी तर्न ओर्लंदा**

यस उपशीर्षकमा गन्तव्य स्थानको टुङ्गो नभएको भौगोलिक विकट समस्याले गर्दा गाउँघरहरू पातलो धेरै हिँड्नु पर्ने अवस्थामा डाँडागाउँ, बतासे, सिम्ले हुँदै कोसी तरेको, बाटाहरू अत्यन्तै असुरक्षित र कष्टकर तवरले जीवन चलाउनुपर्ने बाध्यात्मक परिस्थितिबारे चित्रण गरिएको छ ।

**(ढ) साँझमा कार्यक्रम**

यस उपशीर्षकमा साँझपखमा १२/१५ जनाको समूहमा साहित्यको विषयमा अन्तर्क्रियात्मक कार्यक्रम ज्यादै प्रभावकारी ढङ्गले सम्पन्न भएको यथार्थ जानकारीलाई चित्रण गरिएको छ ।

**(ण) दैले हिमालको दृश्य**

यस उपशीर्षकमा सोलुबाट हेर्न सकिने दैले हिमालको नजिकको दृश्य र सगरमाथा आसपासका हिमालहरूको सुन्दर आकर्षण, सोलु यात्राको वास्तविक थकाइ, त्यही दृश्यावलोकन गर्न पाउँदाको भएको प्रसङ्गलाई विषयवस्तु बनाइएको छ ।

**(त) बिहानको बाटो**

यस उपशीर्षकमा गाडीको यात्रामा भएका कठिनाइपूर्ण स्थिति, कच्ची बाटोमा उभिएर पनि टाउको निहुराउनु पर्ने कष्टपूर्ण तवरले यात्रा पूरा गरेको वर्णन छ ।

**(थ) कार्यक्रम ओखलढुङ्गा र रिचुवामा पनि**

यस उपशीर्षकमा साहित्य र कार्यक्रमको बारेमा विचार मन्थन गरी गाउँघरका मान्छेहरूसँग गरिएको अन्तर्क्रिया, भजन गाएको, रमाइलो किसिमको वातावरण कायम राख्न सकेको आदिलाई विषयवस्तुको रूपमा उल्लेख गरिएको छ ।

**(द) बिहानको बिदावारी**

यस उपशीर्षकमा यात्राका क्रममा गएका साथीसँग बिदा भएर तनहुँका लागि मात्र तयार भएको र उदयपुरमा साहित्यिक अभियानको कार्यक्रम पूरा गरी सम्पूर्ण यात्राका क्रममा भएका साहित्यिक जागरण कार्यक्रम सकुशल ढङ्गबाट पूर्ण भएको र आफ्नो योगदान प्रभावकारी रहेको पूर्ण विश्वासलाई विषयवस्तु बनाइएको छ ।

**६. गोसाइँकुण्ड यात्रा**

**(क) यात्राको उद्देश्य र तयारी**

यस उपशीर्षकमा नयाँ ठाउँको यात्राबाट नयाँ अनुभूतिहरू बटुल्न सकियोस् भन्ने आशयले आध्यात्मिकतासँग जोडिएको यात्रा काठमाडौँदेखि गोसाइँकुण्डसम्मको जनजागरणको सानो अपेक्षा सहितको एक अभियानबारे चर्चा गरिएको छ । यस निबन्धलाई अन्य विविध शीर्षकमा समेटिएको छ ।

**(ख) धुन्चेसम्म यात्रा**

यस उपशीर्षकमा २ वटा बसमा गएका यात्रीहरू विविध जिल्लाहरूबाट भेला भएकाले यात्रा रमाइलो भएको आयोजकहरूलाई भने कहिलेकाहीँ अप्ट्यारो महसुस भएको, सडक सहज नभए पनि गाडीले सजिलैसँग धुन्चे पुऱ्याएको र बाटामा देखिएका रमाइला ठाउँहरूको वर्णन गरिएको छ ।

**(ग) चन्दनबारीको बास**

यस उपशीर्षकमा सबै यात्रीहरू थकाइ महसुस गरेर पुगेको र पैदल यात्राको संघर्षपूर्ण हिँडाइ सबैले आ-आफ्नै तरिकाले अनुभूति गरेको, चन्दनबारीमा नै बास बस्नुपरेको अवस्थालाई विषयवस्तु बनाइएको छ ।

**(ग) कुण्डसम्मको यात्रा**

यस उपशीर्षकमा यात्राको गन्तव्य स्थान नै गोसाइँकुण्ड सम्मको भएकोले सम्पूर्ण यात्रीहरू रमाउँदै आ-आफ्नै रफ्तारमा सुन्दर प्राकृतिक वनजङ्गल र रङ्गीविरङ्गी फूलहरूको दृश्यावलोकन गर्न पुगेका र ३९१० मिटरको उचाइमा बुद्धको मन्दिर बनाइएको, निर्माण

कार्यका लागि के-कसरी सामान पु¥याए होलान् भन्ने प्रश्नहरू मनमा उठेका र गोसाइँकुण्ड पुगेर मनमोहक दृश्य अवलोकन गरे पनि केही दृश्य डरलाग्दो र सुन्दर रहेको बारेमा उल्लेख गरिएको छ ।

**(घ) विश्व शान्ति र उँभौली पूजा**

यस उपशीर्षकमा सबैजना यात्रीहरूले पोखरीमा नुहाएर निशुई वाचन गरी विश्व शान्ति कायम रहोस् भन्ने कामना गर्दै सामूहिक फोटो खिचाएर यात्रा, पुनः फर्किने क्रममा सबैले आ-आफ्ना मनमा रमाइलो महसुस गर्न सफल बनेको विषयवस्तुबारे वर्णन गरिएको छ ।

**(ङ) रहस्यमयी यात्रा**

यस उपशीर्षकमा चर्को घाममा पूजा कार्य सक्दासक्दै सूर्यमा इन्द्रणी लागेकाले शुभ संकेत रहेको र सेतो हिउँ बर्सिएपछि भने सबैले रहस्यपूर्ण यात्रा भएको महसुस गरेको घटनालाई विषयवस्तु बनाएका छन् ।

**(च) उमेरको विविधतासँगै अन्तिम दिन**

यस उपशीर्षकमा फरक-फरक उमेर समूहका यात्रा सम्पन्न भएको साना १० वर्षका बालकदेखि ७३ वर्षका वृद्धासम्मको अन्तिम दिनको यात्रा काठमाडौँतर्फ फर्किने यात्रीहरूको बारेमा चर्चा गरिएको छ ।

**(छ) शारीरिक तन्दुरुस्ती र लेक**

यस उपशीर्षकमा यात्राबाट लिएका महसुस बारेमा चर्चा गरिएको छ । सहर बजारमा अक्सिजनको कमी र हिमाली भेगमा सफा, स्वच्छ, धेरै मात्रामा अक्सिजन पाउन सक्ने हिमाली भेगका मानिसहरूले स्वच्छ जीवन यापन गरेका र सहरियाहरूले मोटोपन र बिनापरिश्रमका कारणले अस्वस्थ रहेको वातावरणले पार्ने प्रभावको बारेमा जानकारी पाएको र यही विषयवस्तुलाई उल्लेख गरिएको छ ।

**(ज) प्राकृतिक धरातल र सौन्दर्य**

यस उपशीर्षकमा अप्ठ्यारा र असजिला बाटोहरूमा नै सुन्दरता र रमणीयता पाइने विज्ञानसँग सम्बन्धित कुराहरू पनि समेटिएको छ । विश्वका जुनसुकै ठाउँ घुमेर हेर्न सकिने तर नेपालका सुन्दरतालाई आँखाले देखेर मात्र कहिल्यै चिन्न नसकिने त्यस्ता प्राकृतिक स्थलको सुन्दर देश नेपाल धन्य रहेको छ भन्ने यी सुन्दरताका कुरालाई विषयवस्तु बनाएको छ ।

**(झ) यात्रा एक विश्व चौतारी**

यस उपशीर्षकमा गोसाइँकुण्डका यात्रामा भेटिएका विदेशी नागरिकको सुन्दरतामा रमाउनमै तल्लीन रहेको र आफूले पनि प्रेमवाद र नेपालीहरूको सुन्दरताप्रति केही पर्चा बाँड्न सफल बनेका प्रसङ्गलाई देखाइएको छ ।

**(ञ) बसन्त ऋतुको बिरङ्गी गुराँस**

यस उपशीर्षकमा प्रकृतिले फुलाएका विभिन्न रङका गुराँसहरू मनमोहक ढङ्गबाट सजिएका र आनन्दित तुल्याउने यस्ता सुन्दरता जसको वयान नै गर्न सकिँदैन भन्ने वर्णन गरिएको छ ।

**(ट) सामूहिक यात्रा चेतना**

यस उपशीर्षकमा सामूहिक यात्रामा एक व्यक्तिले समूहका बारेमा गरिएका विचार लक्ष्यलाई मध्यनजर राख्नुपर्ने अनि मात्र सामूहिक यात्रा सभ्य र सुन्दर खुल्ला रहन्छ भन्ने चेतनाका विषयलाई समेटिएको छ ।

**(ठ) व्यवसाय पूर्ण सेवाको माध्यम**

यस उपशीर्षकमा यात्राका क्रममा गरिएको व्यवसाय अत्यन्तै सेवा र सुविधामुखी भएकोले ग्राहकहरू आकर्षित बनेको र व्यवसाय आकर्षक ढङ्गबाट फस्टाउँदो क्रममा चलिरहेको बढ्दो प्रभावलाई विषयवस्तु बनाइएको छ ।

**(ड) यात्रामा सबैको मनोरञ्जन**

यस उपशीर्षकमा यात्राका क्रममा उकाली र ओह्रालीहरूमा गरिएका यात्रा सबैलाई आ-आफ्नै प्रकारका रमाइलो महसुस भएको र सबै खुसियाली मानेर रमाएका यात्राका सहज प्रभावकारिता बारेमा विषयवस्तु रहेको पाइन्छ ।

**(ढ) सिस्नु र झ्याउको झ्याउलो**

यस उपशीर्षकमा ओसिलो ठाउँमा भेटिएका सिस्नु झ्याउ यात्रीहरूले घर ल्याउँदै गर्दा चेकपोष्टमा नै छाडनु परेको यथार्थ परिस्थितिको उल्लेख गरिएको छ ।

**(ण) अन्तमा उपलब्धि**

यस उपशीर्षकमा सामूहिक यात्राबाट सबैले गुरुहजुरको चिन्तको बारेमा थप रहस्य बुझ्न पाएका यात्रीहरूले प्रेमवादका बारेमा सामान्य प्रचार प्रसार गर्न पाएका र सबैले यात्राबाट सन्तुष्टि प्राप्त गर्न सफल बनेका कुरालाई विषयवस्तु बनाएको छ ।

**७. अबोध यात्राका पदचाप**

यस निबन्धमा रिबुसाल आफ्ना साथीसँग भोजपुरबाट जागिरका लागि विज्ञापन हेर्न भनी धनकुटासम्म हिँडेर पुगेका तर कुनै पनि विज्ञापन नपाएका चिन्तित अवस्था र मनादशाको अनुभवलाई विषयवस्तु बनाएका छन् । यस निबन्धमा विभिन्न उपशीर्षक समेत राखी अबोध यात्राको चित्रणलाई विषयवस्तु बनाइएको छ ।

(क) **ऋण खोजेर राजाभत्खवातिर**

यस उपशीर्षकमा धनकुटामा भेटिएका गाउँले साथीहरूसँग हजार रूपैयाँ ऋण सापटी लिएर राजाभत्खवातिर लागेको र धरानमा पुगी २/३ दिनसम्म बसेको तर मनमा घरको बारेमा चिन्ता लागेकाले त्यहाँबाट पनि दोमहनातर्फ हिँडेको प्रसङ्ग पाइन्छ ।

(ख) **दोमहनाबाट राजाभत्खवा**

यस उपशीर्षकमा विराटनगर-दोमहना मामाघर हुँदै काँकडभिट्टासम्मको गाडीयात्रा पुनः गाडीबाट सिलीगुडी हुँदै काल्चिनी, चामत्कारिक ढङ्गले बनाएको बाघपुलको अवलोकन गर्दै त्यहींको एक अपरिचित नेपालीको विश्वासमा पछि लागेर फुन्चोलिङ भुटानतर्फको यात्रा अगाडि बढाएको विषयवस्तुको प्रस्तुति पाइन्छ ।

(ग) **फेरि भागेर राजाभत्खवा**

यस उपशीर्षकमा रणेन्द्र अत्यन्तै मिल्ने साथी र अर्को एक भाइ गरी जम्मा ३ जना आफूसँग भएको टर्चलाइट बेचेर गाडाभाडा बनाई भुटानबाट भागेर राजाभत्खवा आइपुगेको अबोध यात्राको बारेमा चर्चा गरिएको छ ।

(घ) **मावली रहँदा**

यस उपशीर्षकमा भुटानबाट फर्किंदाको साथीसँग मावलीका सदस्यसँग नै बसेको, धेरै समयसम्म गारुबस्ती, राईगाउँको लाइनमा बसेको तर त्यहाँको समाजमा भएको आपराधिक क्रियाकलाप, पश्चिम बंगालका नेपालीहरूले भोग्नुपरेका सन्त्रासपूर्ण वातावरण तथा त्यहाँ भएका सम्पूर्ण क्रियाकलापहरूबारे चर्चा गरिएको छ ।

(ङ) **बिजनबारीमा एकहप्ता**

यस उपशीर्षकमा भत्खवा बसाइमा २४ माइलको बिजनबारीमा सिक्कलले झार फाँडेर बिरुवा गोडमेल गरेवापत भा.रु. ३५ कमाएको र बजार घुमेर खर्च गरी सिध्याएको विषयवस्तु राखिएको छ ।

**(च) भैंसी चराउन काँसघारी जाँदा**

यस उपशीर्षकमा काँसघारीमा गाईभैंसी चराउँदा नजिकैको डिम्मा खोलामा थाइिडिन हाली माछा मारेको हेर्दै दिनभर कुसुम र रामसुन्तला टिपेर खाँदै दिन बिताएको सामान्य क्रियाकलापलाई विषयवस्तु बनाएका छन् ।

**(छ) सिकिस्त बिरामी**

यस उपशीर्षकमा राजाभत्खवामा बस्दा हावापनीको फेरबदलका कारणले आफू सिकिस्त बिरामी परी मामाघरका सम्पूर्ण व्यक्तिहरूलाई स्याहार सुसार गर्न बाध्य बनाएपछि घर फर्कने मनस्थि ति बनाएको सन्दर्भलाई देखाइएको छ ।

**(ज) सञ्चो नभई घर**

यस उपशीर्षकमा ज्यादै बिरामी भएकाले घर जान मन धेरै लागेकाले राजाभत्खवा मामाघरबाट घर जान भनी बिदा मागेर घर जाने गाडी चढेको विषयवस्तुलाई देखाइएको छ ।

**(झ) मन्टुको घरमा बास**

यस उपशीर्षकमा दमनपुर पुगी दूध व्यापारी मन्टुको घरमा बास बसेको, मन्टुले स्वागत सत्कार राम्ररी गरेको, सामान्य परिवारका मन्टुले सामान्य ढङ्गबाट परिवार चलाउन सकेको विषयलाई उल्लेख गरिएको छ ।

**(ञ) झोला हरायो**

यस उपशीर्षकमा पछाडि बोक्ने खकन भएको झोला गाडीमा यात्रा गर्दा नभएको त्यहाँ साथी रणेन्द्रको आधा बाटो खर्च र सामानहरू रहेको, केही क्षणसम्म पीर चिन्ता लागे पनि बिर्सिएर पथ्री मामाघरमा बास बस्न र आफू बिरामी परेकोले त्यहाँबाट भोलिपल्ट बिहानै घर हिँडेको आदि विषयवस्तु रहेको छ ।

**(ट) लेउती फेदीमा बिरामी**

यस उपशीर्षकमा लेउती फेदी पुग्दा झनै साह्रै बिरामी परेकाले साथीले खाना पकाएर खुवाएको र साथीको सहायताले मुश्किलसाथ धनकुटा पाख्रिबाससम्म आएर बास बसी सामान्य दुःख बेहोर्नु परेको बाध्यात्मक स्थितिलाई चित्रण गरिएको छ ।

(ठ) **बल्लतल्ल घर**

यस उपशीर्षकमा घर पुग्दा बिरामी सब ठीक भएको र घरमा पुग्दा घरका आशाहरू र आफ्ना बाध्यात्मक कठिनाइपूर्ण स्थितिबाट भोग्नपुरेका निराशाहरू आदिलाई विषयवस्तु बनाइएको छ ।

**८. आसियान देशहरू घुम्दा ....**

यस निबन्धमा लेखक जागिरको सवालमा बेलायत बस्दा विदेशीहरू नेपाल आए जस्तै व्यक्तिगत सोखका कारण एक सहयात्री साथी लालबहादुर गुरुङसँग ब्रुनई, इन्डोनेसिया र फिलिपिन्स सहित तीन देशको भ्रमणमा निस्किएपछि त्यहाँ पाइने संस्कार संस्कृतिको विविधताबारे विविध उपशीर्षकमा उल्लेख गरिएको छ ।

(क) **इन्डोनेसियामा पहिलो पाइला**

यस उपशीर्षकमा इन्डोनेसियाको सोएकार्नो हात्ता अन्तर्राष्ट्रिय विमानस्थल पुगेका दुईजना यात्रीहरू टुरिस्ट इन्फर्मेसनका सरकारी कर्मचारीसँग अग्लो टावर चढेको र अन्य यात्राका बारेमा योजनाहरू बनाएका यात्रा अनुभवलाई विषयवस्तु बनाइएको छ ।

(ख) **मानुमेन्टबाट दृश्यपान**

यस उपशीर्षकमा इन्डोनेसिया देशका लागि लड्नेहरूको प्रतीकको रूपमा निर्माण गरिएको मानुमेन्ट ५० किलोग्राम सुनको जलपबाट बनेको गजुर राखिएको मनमोहक दृश्यको चर्चा गरिएको छ । टेप्कोङमा भएको २०० वर्ष पुरानो बुद्धको मन्दिर जहाँ ठूलो दियो जलिरहेको, बदामिया म्युजियम हेर्न गएको बन्द भएकोले हेर्न नपाएको आदि चर्चा गरिएको छ ।

(ग) **पुगियो पुरानो हार्वर**

यस उपशीर्षकमा पुराना हार्वरमा ठूला नदी भएकाले डुङ्गा चलाउने भएकाले डुङ्गामा चढेर जाभा र सुमात्रालाई हेर्ने मौका पाएकाले धेरै वर्ष अगाडि पुस्तकमा मात्र पढ्न पाएको र प्रत्यक्ष अनुभव गर्न पाएको अवस्थाबारे खुसीका अनुभूतिलाई विषयवस्तुको रूपमा प्रस्तुत गरिएको छ ।

(घ) **सुधिरमानको पेटिपेटि रङ्गशाला**

यस उपशीर्षकमा लेखकले बिल्डिङबाट तल हेर्दा देखिएका मानिस कमिला जस्तै देखिएका र रिङटा लागेको ठूला-ठूला बिल्डिङहरूका गार्डेनहरूमा फूलहरू सजाइएका,

खुल्ला मैदानमा निर्माण गरिएको रङ्गशालाभित्र ब्याडमिन्टन हल र पौडीका लागि पोखरीहरू आदिबारे चर्चा गरिएको छ ।

**(ङ) साँझमा डिस्को**

यस उपशीर्षकमा साँझमा जकार्ताको साँझको वातावरणबारे बुझ्ने मनासयले गएको र त्यहाँको सम्पूर्ण पश्चिमी टुरिष्ट र देहव्यापारी महिलाहरूलाई देखेर हीनताबोध र लाज लागेको र केही चिया-कफी खाएर फर्किएको विषयवस्तुलाई प्रष्ट पारिएको छ ।

**(च) अन्तमा**

यस उपशीर्षकमा इन्डोनेसियाका १३ हजार सात सय टापुबारेमा बुझ्ने अवसर पाएको साथै फिलिपियन जहाजको उडानतर्फ लागेको प्रसङ्गलाई देखाइएको छ ।

**(छ) फिलिपियनको फ्लाइङ**

यस उपशीर्षकमा सिङ्गापुर एयरलाइन्स चढेका तर जहाजमा देखिएका अव्यवस्थित सिटहरू देखेर मनमा खल्लो महसुस भएको, चार घण्टापछि मनिला निनोह अकिनो अन्तर्राष्ट्रिय विमानस्थलमा उत्रिएपछि दुनदुन अगुवाले पथप्रदर्शक बनी सहयोग गरेको विषयमा चर्चा गरिएको छ ।

**(ज) रिजाल पार्कको डुलाइ**

यस उपशीर्षकमा ट्याक्सी चढेर मनिलाको सेन्टरमा अवस्थित हुटेल लस पाल्मोसा पुगेर आफ्ना सामानहरू केही दिनका लागि राखेर रिजाल पार्क घुमेको बारेमा चर्चा गरिएको छ । जोसेफ रिजालले फिलिपियनहरूमा इतिहास छोडेर नेशनल हिरो भएका कुराहरूबारे राम्ररी थाहा पाउन सफल भएका, त्यस विशाल पार्कमा अवस्थित रमणीय र प्रसिद्ध विषयवस्तुको बारेमा स्पष्ट जानकारी पाएका विषयको वर्णन गरिएको छ ।

**(झ) साँझको खाना**

यस उपशीर्षकमा रिजाल पार्क समुद्रमाथिको हुटेल गोल्डन होराइजनमा खाना खाँदा असाध्यै महङ्गो पैसा तिर्नु परेको यथार्थ विषयलाई देखाइएको छ ।

**(ञ) मनिला सहरभित्र**

यस उपशीर्षकमा मनिलामा भएका मुख्य चर्चित स्थानहरू वर्ड कसावरी, मनिला जु, फोर्ट सान्टियागो, पार्क म्युजियम, रिभर पासिङ, डोलमान ब्रिज, पारानक सिटी, जापानिज गार्डन आदिको वर्णन गरिएको छ ।

### (ट) तगाए ताइ सिटी

यस उपशीर्षकमा दुनदुनले तगाए ताई सिटी पुऱ्याएको, मनिला सहर मैदानमा समुद्र किनारको वरपर फैलिएको सुन्दर दृश्यको चर्चा गरिएको छ । मनिलाको एक छेउमा भोल्कानिक टापु, टुप्पीबाट धुवाँ निस्किरहेको ठाउँ घुमेर फर्कंदा ट्याक्सी चलाउँदा ब्रुनई र नेपालभन्दा फरक तरिकाले सडक नियम पाएको, भौगोलिक दृश्य र नीतिनियम बारेका विषयवस्तु रहेको छ ।

### (ठ) मिस युनिभर्स

यस उपशीर्षकमा पथप्रदर्शक दुनदुनको सहायताले ठूलो शो चलिरहको हलमा पुगेको र त्यहाँ महिलाहरूको व्यापार अचम्म र खुल्ला लागेको हेरेर फर्किएको समयको बारेमा उल्लेख गरिएको छ । फिलिपियनहरूमा महिलाको संख्या बढी भएकाले पुरुषहरूको स्याहारसुसार राम्रोसँग गर्ने र महिलाहरू भने देहव्यापार गर्न व्यस्त रहेको सहरको विषय उल्लेख गरिएको छ ।

### (ड) ब्रुनई आगमन

यस उपशीर्षकमा फिलिपियन एयरपोर्टबाट १ घण्टा ५० मिनेटपछि मलेसियाको कोता किनाबालु अन्तर्राष्ट्रिय विमानस्थल अवतरण गरेको, जहाजभित्रको अव्यवस्थित सिटहरू आदिबारे सोच्दै करिब ३५ मिनेट जहाजभित्र नै पर्खिएर बस्नुपर्दा गर्मीको पीडा सहनु परेर ४५ मिनेटमा ब्रुनई दारुसलामको बन्दरसेरी बेगवान अन्तर्राष्ट्रिय विमानस्थलमा उत्रिएको विषयवस्तुबारे उल्लेख गरिएको छ ।

## ९. बेलायत यात्राको कोसेली

यस निबन्धमा लेखकले लन्डनको यात्रा गर्दा कतार एयरवेजबाट दोहा उत्रिएर पुनः हिथ्रोका लागि चेकइन भएको आदि प्रसङ्गलाई विषयवस्तुको रूपमा प्रस्तुत गरिएको छ ।

### (क) विभेदकारी सेवा

यस उपशीर्षकमा कतार दोहाबाट हिथ्रोका लागि जहाजमा दिइएका स्तरीय सेवा सुविधा जो यात्रुहरूमा भएकाले नेपालीहरूको राष्ट्रियताप्रति चित्त दुखेको गुनासोहरूको विषयवस्तु राखिएको छ ।

### (ख) परिवारजनसँग भेट

यस उपशीर्षकमा लण्डनमा उत्रिएपछि छोराछोरी, भाइबहिनी र आफन्तजनहरूसँग धेरै समयपछि भेट गर्दा ज्यादै खुसी भएको प्रसङ्गको चर्चा गरिएको छ । त्यहाँको हुटेल र

नेपालबीच मनमनै तुलना गरेको र आफूले सबैको बाबु जस्तै सम्मान पाएको र भौतिकता र आध्यात्मिकता बीच फरक पाएको विचार प्रस्तुत गरिएको छ ।

**(ग) यात्राभरि हीनताबोध**

यस शीर्षकमा हेभेन्ली/निर्वाणा पाथ बेलायतका अध्यक्ष क्याप्टेन हर्कराज राईको घरमा स-सम्मान कार्यक्रमका लागि पर्खिएको तर आफू हेभेन्ली/निर्वाणा पाथ नेपालको महासचिवको स्थानबाट कार्यक्रमको लागि तयारीमा नभएकाले दिनुपर्ने कुराहरू राम्ररी प्रस्तुत हुन नसकेको कारणले धेरै खल्लो महसुस गर्नुपरेको प्रसङ्गलाई विषयवस्तु बनाइएको छ ।

**(घ) भाइको बिहे**

यस उपशीर्षकमा भाइको विवाह सोचे जस्तै सम्पन्न भएको, इयानसेन प्रमुख राजेन्द्र राईको अगुवाइमा यात्रीहरूले निशुई वाचन गरी सात वाचा सहित दुलही भित्राएको, त्यो कार्य परिवारकै लागि पहिलो र अनौठो रहेको विषयलाई उल्लेख गरिएको छ ।

**(ङ) घुमघाम**

यस उपशीर्षकमा छोरा र ज्वाइँसँग लन्डनको फोकेस्टोन गोर्खा राइफल्सको शिविर आफन्तहरूका घरमा हेभेन्ली/निर्वाणा पाथबारे छलफल र आफूले कार्यकाल अवधिमा र अहिले देखेका फरक वातावरणको महसुस गरेको विषयवस्तुबारे उल्लेख गरिएको छ ।

**(च) नेपाल फिर्ता**

यस उपशीर्षकमा बेलायत भ्रमणको अन्त्य गरी नेपाल फर्कनका लागि ग्याटविक एयरपोर्टमा भाइले पुऱ्याएको, आफन्तसँग भौगोलिक दूरीबाट टाढा रहनुपर्दा पीडा महसुस भएको, जहाजमा धेरै बोल्न मन नपरेको, पुनः दोहाबाट नेपालका लागि जहाजबाट घर फर्केको आदि प्रसङ्गलाई विषयवस्तु बनाइएको छ ।

**(छ) जमर्न जोडीसँग**

यस उपशीर्षकमा पुनः दोहाबाट नेपालका लागि जहाज चढ्दा जर्मन दम्पत्ति बौद्ध दर्शनबाट प्रभावित रहेको र जर्मन नागरिकसँग हेभेन्ली/निर्वाणा पाथके दर्शनबारे केही चर्चा गरेको, नेपाल एयरपोर्ट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा उत्रिएको विषयलाई प्रस्तुत गरिएको छ ।

(ज) **यात्राको कोसेली**

यस उपशीर्षकमा ब्रिटिस सेनाबाट अवकाश लिएपछि बेलायत यात्राको उद्देश्य पारिवारिक भेटघाट र केही मात्रामा हेभेन्ली/निर्वाणा पाथको बारेमा छलफल गर्नु रहेको चर्चा गरिएको छ । हेभेन्ली/निर्वाणा पाथको दर्शनबारे गहिरो प्रभाव छोड्न विकसित राष्ट्रमा अझ गहिराइबाट प्रभाव दिन सक्नुपर्छ, युरोप र अमेरिका जस्ता मुलुकहरूमा आध्यात्मिक पक्ष प्रबल भएको कारणलाई विषयवस्तुको रूपमा प्रस्तुत गरिएको छ ।

## १०. बेलायत यात्राका अनुभूति

यस निबन्धमा लेखक बेलायतमा प्रत्येक दुई वर्षमा भिजा नवीकरण गराउनु पर्ने भएकोले त्यही उद्देश्य लिएर बेलायतका लागि कतार हुँदै हिथ्रोमा उत्रिएको चर्चा गरिएको छ । व्यवस्थापनको दृष्टिले बेलायत धेरै अगाडि बढेको, आर्थिक, सामाजिक, धार्मिक विविधता भए पनि मानवीय व्यवहार अत्यन्तै नम्र भएको, नागरिक स्वतन्त्रता सबै वर्गका व्यक्तिले समान ढङ्गले प्राप्त गर्न सफल बनेको आदिलाई विषयवस्तु बनाइएको छ । साथै यसमा पनि विभिन्न उपशीर्षकहरू रहेका छन् ।

(क) **भेटघाट**

यस उपशीर्षकमा आफन्तसँग भेटघाट गर्नका लागि ग्रेश फोकेस्टोन, स्वीन्डन, बेइजिङ स्टक, हर्नस्लो, बेम्ब्ली, एज्पेर, बोन्टोक आदि स्थान घुम्दै पक्षघातले थलिएकी श्रीमती एम.बी. थापालाई भेटेर भाञ्जीसँग रेलको यात्रा हङकङ बैंक, बाक्लेज बैंक, लेहमेन ब्रदर्स बैंक आदि स्थान हुँदै रजर फेडेररले सोह्रौँ पटक ग्रयान्ड स्ल्याम जितेर पिट साम्प्रासको कीर्तिमान तोडेको बिम्बल्डन टेनिस हेरेर ज्यादै आनान्दानुभूति प्राप्त गरेको विषयवस्तुको प्रस्तुति पाइन्छ ।

(ख) **इयानसेनको गौरव**

यस उपशीर्षकमा हेभेन्ली/निर्वाणा पाथ बेलायतका अध्यक्ष क्याप्टेन पञ्चवीरको निवासमा भएको घरशान्ति कार्यक्रममा देखिएको वातावरण असाध्यै भावुक र रमाइलो भएको, हेभेन्ली/निर्वाणा पाथका यात्रीहरूसँग भएको जमघट, बेलायतमा सेमिच्योङ भवन खरिद गर्ने योजना र हेभेन्ली/निर्वाणा पाथले बेलायतमा रहेका नेपालीहरू माझ परेको प्रभाव, निशुईका बारेमा भएका छलफल, हेभेन्ली/निर्वाणा पाथले हरेक विषयमा भएको नकारात्मक पक्ष केलाएर सकारात्मक पक्षलाई सत्य मानेर ग्रहण गरेका आदिलाई विषयवस्तु बनाइएको छ ।

**(ग) जेनेरेसन ग्याप र नेपाली परिवारको भत्केसो**

यस उपशीर्षकमा नेपालीहरू कोही सुध्रिएको र कोही बिग्रिएको समाजबारे चर्चा गरिएको छ । धेरै नेपालीहरू आफ्ना जन्मभूमिलाई छाडेर छोराछोरीको शैक्षिक र आर्थिक अवस्था सुधार्नका लागि गएका तर कतिपय आमाबाबु अझै नेपाली समाज, संस्कृतिबाट टाढा बस्न नसकेका र छोराछोरीले भने पश्चिमेली खुल्ला संस्कारमा रमाउन चाहेकाले परिवारभित्र भत्केसो ल्याएको आदि पक्षलाई विषयवस्तु बनाइएको छ ।

**(घ) अकर्मण्य सङ्गठनहरू**

यस उपशीर्षकमा नेपालीहरूले विभिन्न सङ्गठनहरूको स्थापना गरेका छन् । नेपालीहरूले बेलायतमा दिएका योगदान पूर्ण रूपमा स्थापित नभइरहेको अवस्था, त्यसले नेपालीहरूले आफै निम्त्याएका कमीकमजोरी र नेपालीहरूले निर्वाह गर्नुपर्ने जिम्मेवारीहरू धेरै भएको विषयलाई उल्लेख गरिएको छ ।

## ११. लखनेसको अविष्मरणीय यात्रा

**(क) लन्डन**

यस निबन्धमा लेखकले लन्डनमा भएका सम्पूर्ण पारिवारिक यात्रालाई अविष्मरणीय यात्राका रूपमा लिएका छन् । नयाँ र नौलो परिवेशमा परिवारका सम्पूर्ण सदस्यहरूसँग लन्डन ब्रिज हुँदै विविध रमणीय स्थलहरूको भ्रमणलाई समेटिएको छ । यिनै विषययहरूलाई विविध उपशीर्षकहरूमा उल्लेख गरिएको छ ।

**(ख) स्कटल्यान्ड रवाना**

यस उपशीर्षकमा रेलभित्रको यात्रामा आनान्दानुभूति गरिरहेको, स्टिमेन्ज, पिटर्सवर्ग, डनकास्टर, योर्क, डार्लिङटन हुँदै न्यू क्यासल पुगेर राइन नदीबाट अत्यन्तै राम्रा दृश्यावलोकन गर्दै परिवारसँग फोटा खिच्दै, नेपालका सुन्दर भूगोल, त्रिशुली, मर्स्याङ्दी, पोखरालाई स्मरण गर्दै यात्रा अगाडि बढ्ने क्रममा स्कटल्यान्डको एडिन्बरोहमा उत्रिएपछि एडिन्बरोह क्यासलमा रमाइलो वातावरणको अवलोकन गरेको आदि विषयवस्तु समेटिएका छन् ।

**(ग) एडिन्बरोहबाट इन्भर्नेसतर्फ**

यस उपशीर्षकमा मे महिनामा गर्मीका कारण साना छोराछोरीले मानेका खटपट, रेलयात्रामा सिट नपाएकाले एउटै सिटमा पाँच जना बस्नु परेको अवस्था, सिट नजिकैको

बेलायती बूढो नागरिकको नेपालीसँग बोल्न मन नपराउने आचरण आदि समस्याहरूलाई विषयवस्तुको रूपमा राखिएका छन् ।

**(घ) इन्भर्नेसमा एक रात**

यस उपशीर्षकमा अत्यन्तै सुन्दर प्राकृतिक दृश्यको काखमा रहेका सुन्दर घरहरू, अग्ला अग्ला डाँडाहरू, हङकङ र नेपालमा देखिने हिमालयहरू जस्तै केही हिमालहरूसँग रमाउँदै इन्भर्नेसको एक होटलमा सामानहरू राखी रिफ्रेस हुँदै चाइनिज रेस्टुरेन्टमा खाना खाएको प्रसङ्ग  उल्लेख गरिएको छ ।

**(ङ) बिहानको ब्रेकफास्ट**

यस उपशीर्षकमा बिहानको खाजा पश्चिमी संस्कृतिअनुसार बिहान टन्न खाएमा स्वस्थ रहन सकिन्छ भन्ने कुराको प्रभावले खाजा खाएर त्यहाँको सेवा सुविधाबाट प्रभावित भएर लखनेसको यात्रातर्फ अगाडि बढेको विषयवस्तु समेटिएका छन् ।

**(च) स्वीङ ब्रिज**

यस उपशीर्षकमा गाइड फ्राइडे भएकाले ५ जनाको टिकट लिएर तीन घन्टा लखनेसको यात्रामा देखेका गाडी, सहर बीचमा बगेको नदी, स्वीङ ब्रिजको आकर्षण, उत्तरपट्टि लखनेसले जोडेको यातायात नभएको समयमा स्कटिस इङ्लिसहरूले त्यसैको माध्यमबाट सामानहरू ओसारपसार गर्ने गरेका आदि विषयवस्तुको उल्लेख गरिएको छ ।

**(छ) मोन्स्टर र ताल नेस**

यस उपशीर्षकमा लखनेस र मोन्स्टरका बारेमा छोराछोरीले केही नछुटाई ध्यान दिएर हेरिरहेका, लखनेसमा सर्प जस्तो ठूलो जीव फेला परेको बारेमा जानकारी, ठूलो चार तालहरूको सङ्गम, २० वर्षमा जोडेका इतिहासमा महङ्गो कार्यबाट बनेको चौडाइ डेढ माइल र गहिराइ २४० मिटर यसमा ४/५ वटा नदीहरू मिसिएको अत्यन्तै सुन्दर दलदल परेको लखनेस तालको मनमोहक दृश्यमा रमाएको आदि विषय रहेको छ ।

**(ज) इन्भर्नेसदेखि फर्कंदा**

यस उपशीर्षकमा इन्भर्नेस र नेपालको भौगोलिक सुन्दरता कहीँ कतै मिलेको देखिए पनि विकास निर्माणका दृष्टिले इन्भर्नेस धेरै अगाडि रहेको बारेमा चर्चा गरिएको छ ।

**(झ) एथोल क्यासलको इतिहास**

यस उपशीर्षकमा एथोल क्यासल दरबारका ड्युकलाई मात्र सेना राख्न दिने अनुमति प्रिन्सेस स्ट्रिट अगाडिको बगैंचामा एडिन्बरोह क्यासलको अवलोकन गरी रेस्टुराँ नजिकै बसेको प्रसङ्गबारे उल्लेख गरिएको छ ।

**(ञ) मोन्स्टर देखिएको खबर**

यस उपशीर्षकमा लखनेस घुमेकै दिन ६४ वर्षपछि पिटर लिभिङ स्टोनले मोन्स्टर भेट्टाएको पत्रिकामा पढेपछि यात्रा झन् राम्रो भएको महसुस भएको बारे चर्चा गरिएको छ ।

**(ट) यात्राको समापन**

यस उपशीर्षकमा रेलको यात्रा पुनः सुरु भएर एडिन्बरोहबाट आफ्नै निवासतर्फ पुगेको, यात्रामा देखिएका विविध परिवेश, संस्कार, संस्कृति झल्कने दृश्यहरू अवलोकन गर्दै स्कटल्यान्डबाट लन्डनको यात्रा पूरा भएको विषयलाई देखाइएको छ ।

**१२. मेक्सिको सहर घुम्दाका क्षण**

**(क) बेलिजको बसाइ**

यस उपशीर्षकमा लेखक सैन्य जीवनकालमा सन् १९९१ मा बेलिजको अपरेशनल टुरमा 'ए' कम्पनी बाहेक पूरै कम्पनी बेलायतबाट क्यानडाको न्यू फाउन्डल्यान्ड, वासिङ्टन डि.सी. हुँदै बेलिज विमानस्थलमा उत्रिएपछि कमान्ड ग्रुपको नजरमा बेलिजमा बिताएका केही महिना समयको चर्चा गरिएको छ ।

**(ख) यात्राको सुरुवात**

यस उपशीर्षकमा विदा मनाउन काइकुन विच जाने सल्लाहमा चितुमलतर्फको यात्राबाट देखिएका स-साना घरहरू जङ्गलको मैदानमा भएकोले नेपालको झझल्को महसुस गर्दै मेक्सिको सहर घुमेको चर्चा गरिएको छ ।

**(ग) सडक र गाउँको दृश्य**

यस उपशीर्षकमा मेक्सिकोको सडकमा एकोहोरो दिक्दारीपन महसुस भएको र नेपाली भूमिको याद आएको र केही क्षण आफ्ना पाखा बारीहरूले मेक्सिकोको सडक बीचमा सोच्न बाध्य भएको वातावरणबारे स्पष्ट पारिएको छ ।

**(घ) एकल घोडा जोताइ**

यस उपशीर्षकमा मेक्सिकोमा घोडाले सबैले सामान बोकाइने र खेत जोताउने काम गरेको देखेर आश्चर्यचकित भएको कुरालाई स्पष्ट पारिएको छ ।

**(ङ) च्याउ जस्ता बस स्टेसन**

यस उपशीर्षकमा च्याउ आकारका बस स्टेसन र त्यहाँ पाइने गुलियो खानेकुराको स्वाद र मेक्सिकनहरूले कसैले अंग्रेजी भाषा बोल्न नजान्ने भएकाले हातको इसाराले मात्र खानेकुरा माग्नु परेको समस्याले गर्दा गुलियो खाना खानु परेको बाध्यात्मक स्थितिबारे चित्रण गरिएको छ ।

**(च) नेशनल स्क्वायर्स र चापुल्तेपेक**

यस उपशीर्षकमा मेक्सिकोको संस्कार झल्किने झाँकी नृत्यमा देखिएका पोशाकहरू र केटाकेटीहरूको बसाइ, चापुल्तेपेक चिडियाखाना अत्यन्तै ठूलो र पानीमा तैरिरहेका ठूला-ठूला काठका ठुटाहरू, ठूला रुखहरूको बगैँचा, तियोतिहुयाकानमा भेटिएका शिक्षकसँग आफूहरू पनि शैक्षिक भ्रमणमा घुम्न आएको भन्दै ढाँटेको आदि प्रसङ्गलाई उल्लेख गरिएको छ ।

**(छ) तियोतिहुयाकान**

यस उपशीर्षकमा तियोतिहुयाकान मेक्सिको सहरबाट ४८ किलोमिटर उत्तर पूर्वको मेक्सिको भ्यालीमा अवस्थित तियोतिहुयाकान धार्मिक आस्थाका दृष्टिले महŒवपूर्ण रहेको ८३ किलोमिटर क्षेत्रफेल ओगटेको यसको ऐतिहासिक क्षण सुन्दर रहेको चर्चा पाइन्छ ।

**(ज) पिरामिड र मृतसडक**

यस उपशीर्षकमा तियोतिहुयाकान सबभन्दा ठूलो बिल्डिङ, विश्वको ठूलो तेस्रो स्थानमा रहेको पिरामिड, ७३८ फिट लम्बाइ र २४६ फिट उचाइ, ८९४ मिटरको परिधि ओगटेर ३२ डिग्रीमा उभिएको पिरामिडलाई राम्ररी अवलोकन गरी चन्द्र पिरामिड मेक्सिकोको दोस्रो ठूलो पिरामिड जहाँ सृजनाकी महादेवीको पूजा गर्ने गरिएको जस्ता रमाइला र आश्चर्य लाग्दा दृश्यहरू बारेमा चर्चा गरिएको छ ।

**(झ) ल्याटिनोमेरिका टावरमा अर्को साँझ**

यस उपशीर्षकमा ल्याटिन अमेरिकाको हावापानी स्वच्छ सफा नपाएको र ८ वटा लिफ्ट लाइन भएको व्यापारिक भवन भ्युटावर आदि जसलाई जस्तोसुकै भूकम्पले पनि क्षति पुऱ्याउन नसक्ने ढङ्गबाट निर्माण गरिएको बारे चर्चा गरिएको छ ।

(ञ) **जुत्ता पालिस**

यस उपशीर्षकमा सफा र भलाद्मी टाई, सुट लगाएको मानिसले जुत्तामा पोलिस लगाउने व्यापार गरेको देखेर मनमनै पेसा एउटै भए पनि गर्ने तरिका फरक-फरक रहेछ भन्ने धारणा प्रस्तुत गरिएको छ ।

(ट) **मायालु जोडी**

यस उपशीर्षकमा रेलको यात्रामा एक बूढो पुरुष र अपाङ्ग केटी बीचमा देखिएको प्रेमालापमूलक मानवीय व्यवहार, एकले अर्कालाई गर्ने माया असाध्यै बढी देखिएका बारेमा उल्लेख गरिएको छ ।

**१३. पेरिसको पारिवारिक यात्रा**

यस निबन्धमा लेखकले आफ्ना परिवारसँग आस्फोर्ड इन्टरनेसनल यात्राका लागि सफा र आरामदायी रेलका यात्राबारे चर्चा गरिएको छ । यसलाई विविध उपशीर्षकमा विभाजन गरिएको छ ।

(क) **युरो टनलबाट मिलिक्क**

यस उपशीर्षकमा बेलायतको डोभरबाट फ्रान्स कालाहजसम्मको यात्रा टनेल भित्रबाट फ्रान्स पुगेपछि विशाल खेतीका मैदानहरू गहुँ, तोरी, आलु, लसुनका खेतीहरू बेलायतमा जस्तै एउटै किसिमको रहेको महसुस गरिएको छ ।

(ख) **आइफल टावर**

यस उपशीर्षकमा श्री गल्स्टिम आइफलले निर्माण गरेको आइफल टावरले सबैको मनमा कौतुहल र रोमाञ्चित बनाएपछि ३२० मिटर अग्लो उचाइबाट सबै जनाले राम्ररी दृश्यावलोकन गरेर कल्पना समेत गर्न नसकिने ठानी फर्किएको बारेमा चर्चा गरिएको छ ।

(ग) **ब्याट्रिक्स टुर**

यस उपशीर्षकमा अलेक्जेण्डर पुलमुनि छिरेर बायाँपट्टि १५० वर्षसम्म लगाएर बनाएको नोत्रेदाम चर्च, अलि पर संसारको सबभन्दा ठूलो आर्ट म्युजियम म्युजे दि लुर्भ र चर्च अफ यु.एस.ए. आदि ऐतिहासिक स्थलहरूको भ्रमणबारे स्पष्ट उल्लेख गरिएको छ ।

(घ) **रात्रीकालीन दृश्यावलोकन**

यस उपशीर्षकमा रातको समयमा नदी किनारमा तैरिरहेको एउटा जहाजमाथिको हुटेलमा खाना खाएपछि रातको समयमा देखिने आइफल टावरको सुन्दर रूपबारे चर्चा गरिएको छ ।

**(ङ) शौचालयको समस्या**

यस उपशीर्षकमा बिहानको समयमा दिसा-पिसाबले च्यापेकाले शौचालय बस्न नपाएका आपतकालीन अवस्था बारेमा चर्चा गरिएको छ ।

**(च) डिज्नेल्यान्ड घुमाइ**

यस उपशीर्षकमा फ्रान्सको ब्रेकफास्टपछि डिज्नेल्यान्डतर्फ घुम्दै एड्भेन्चर आइल्यान्डमा भएको ठूलो लाइब्रेरीको सुन्दर र काल्पनिक दृश्यावलोकन गर्दै खान, बस्न, खेल्न, रमाउन आदि मनोरञ्जन लिन सकिने हुनाले राम्ररी अवलोकन गर्न पाएको अवस्थाको चर्चा गरिएको छ ।

**(छ) पेरिस भिजन**

यस उपशीर्षकमा हुडविनाको डबलडेकर बस चढेर विश्वको सुन्दर सडक कहलिने स्थानबाट रमाइलो दृश्यावलोकन गर्दै सुन्दरतादेखि आनन्द लिएर प्राचीन गाउँ मोरेस शासकको दरबार भएको र वर्तमानमा पानीको फोहरा भएको स्थान हुँदै फ्रान्सेली सैनिकहरूको इतिहाससँग सम्बन्धित म्युजियम मानुमेन्ट्स र अस्पताल रहेको र आसपासमा नेपोलियनका हुँदै म्युजे दि लुर्भ सम्मको यात्राबारे उल्लेख गरिएको छ ।

**(ज) म्युजे दि लुर्भ**

यस उपशीर्षकमा विश्वका ठूला मध्येको एक म्युजियम पेरिसको ल्यान्डमार्क, मोनालिसाले दर्शकहरूलाई पर्खिरहे झैँ लागेकाले राम्ररी हेरेर लिआनार्दो दा भिन्चीलाई मनमनै धन्यवाद टक्र्याउँदै नोत्रेदामको चर्च अवलोकन गरिएको आदि विषयवस्तुलाई समेटिएको छ ।

## १४. सपरिवार सिङ्गापुर यात्रा

यस निबन्धमा लेखकले आफ्ना सैन्य जीवन बिताएर नेपाल फर्कने क्रममा सपरिवार सिङ्गापुर घुम्न गएको समयलाई विषयवस्तु बनाएका छन् । साथै निबन्धमा विविध उपशीर्षकमा विभाजन गरिएको छ ।

**(क) सिङ्गापुर रवाना**

यस उपशीर्षकमा सिङ्गापुर भ्रमणका लागि गएका सपरिवारलाई त्यहाँको गर्मीले सताएर नानीहरू अत्तालिएको अवस्था, सडक अत्यन्तै सफा र व्यवस्थित भएको आदि चर्चा गरिएको छ ।

**(ख) सन्तोसा आइल्यान्डमा अर्को दिन**

यस उपशीर्षकमा सन्तोषा आइल्यान्ड वर्षमा ५० लाख मानिसहरूले भ्रमण गर्ने असाध्यै रमाइला र फराकिलो टापु जहाँ नानीहरू धेरै रमाएकाबारे विषयवस्तु बनाइएको छ ।

**(ग) मर्लायन स्तम्भ**

यस उपशीर्षकमा टाउको सिंहको र शरीर माछाको जस्तो भएकाले मर्लायन स्तम्भ भनिएको र यसैलाई मलाया भाषामा सिंगालौट भनि सिङ्गापुरको प्रतीक मानिएको चर्चा गरिएको छ ।

**(घ) अन्डर वाटर वर्ल्ड**

यस उपशीर्षकमा जमिनमुनि रहेका अकुरियममा २५० प्रजातिका २५ सय जति माछाहरू हेरेर नानीहरू डराएका र रमाएका मनमोहक दृश्यको चर्चा गरिएको छ ।

**(ङ) वर्ड वर्ल्ड**

यस उपशीर्षकमा विविध प्रजातिका चराहरूलाई तार भित्रको ठूला-ठूला रुखहरूभित्र संरक्षित ढङ्गमा राखिएका, सफा र सुन्दर हरियाली वातावरण, सडक भित्रपट्टि सफा, आनन्दित वातावरणमा नानीहरूले चराहरू पक्रन खोजी रमाएका आदि विषयबारे उल्लेख गरिएको छ ।

**(च) जुलोजिकल गार्डेन**

यस उपशीर्षकमा बगैँचाभित्र चरा, माछा, हरियाली रुखको बोटबिरुवाहरूको सुन्दर दृश्यावलोकन गरिएकोबारे स्पष्ट पारिएको छ ।

**(छ) चराको करामत**

यस उपशीर्षकमा आश्चर्यपूर्ण र आनन्दको हाँसो दिने चराहरूका बारेमा प्रदर्शनी देखेर नानीहरू असाध्यै खुसी भएको कुरा स्पष्ट उल्लेख गरिएको छ ।

**(ज) मुस्तफा सपिङ सेन्टर**

यस उपशीर्षकमा आफ्ना परिवारका लागि आवश्यक पर्ने विविध प्रकारका सामानहरूको खरिद गरिएको आदि चर्चा पाइन्छ ।

**(झ) विश्वको अग्लो मान्छे**

यस उपशीर्षकमा पाकिस्तानी एक व्यक्ति जो ग्राहकको आकर्षणको लागि बोलाइएको बारेमा चर्चा पाइन्छ ।

(ञ) **एक दिनको आतिथ्य**

यस उपशीर्षकमा पाहुनाको लागि आफन्तको निमन्त्रणा मान्न माउन्ट भर्नर क्याम्पमा पुगेको, त्यहाँ पुग्दा पहिले आफ्नै क्याम्प जस्तो लागेको अनुभूति व्यक्त गरिएको छ ।

(ट) **ब्रुनईको आगमन**

यस उपशीर्षकमा सानो, सफा तथा स्वतन्त्रताका विकसित सहर सिङ्गापुरको यात्रापछि ६ दिनपछि आफ्नै निवास ब्रुनई पुगेको प्रसङ्ग रहेको छ ।

**१५. सिक्किमको सौन्दर्यमा रमाएका केही दिन**

यस निबन्धमा लेखकले भारतको सिक्किमको सौन्दर्यमा रमाउँदाका केही क्षणहरूलाई विषयवस्तुका रूपमा समेटेका छन् ।

(क) **पूर्वाञ्चल बन्द**

यस उपशीर्षकमा 'दमकदेखि पूर्व यातायात बन्दका कारण बन्दकर्ताहरूसँग सम्झौता गर्दै राजमार्ग र गाउँको बाटो हुँदै काँकडभिट्टासम्मको पुग्न सफल भएको त्रासदीपूर्ण यात्राबारे वर्णन गरिएको छ ।

(ख) **नन्दु गाउँ हुँदै खेचुपेरी**

यस उपशीर्षकमा हेभेन्ली/निर्वाणा पाथको भवन निर्माण गर्ने जग्गा हेर्ने कार्यका साथै रमणीय, शान्त, स्वच्छ वातावरणको दृश्यावलोकन गर्दै उकाली, ओराली, डाँडा, भीर, हुँदै खेचुपेरीसम्म पुगेको प्रसङ्गलाई राखिएको छ ।

(ग) **खेचुपेरीको दृश्य**

यस उपशीर्षकमा पोखरी सफा, घना जङ्गलभित्र फराकिलो भूधरातलमा फैलिएको रमणीय र डरलाग्दो विशेषता बोकेको पोखरी पश्चिम सिक्किमको ग्याल्सिङमा पर्ने यो पोखरी गान्तोकबाट १४० किलोमिटर टाढा ६ हजार फिटको उचाइमा भएको विभिन्न प्रकारका किंवदन्ती बोकेको ठूलो खेचुपेरी तालको चर्चा गरिएको छ ।

(घ) **खेचुपेरीमा सुप्रिम मास्टरज्यूले ध्वजा राख्नुभएको**

यस उपशीर्षकमा सुप्रिम मास्टरज्यूले विशाल पोखरीको बीचमा जुलाई ६, २००४ मंगलबार बिहानको समयमा स्वर्गिक ध्वजा राख्नुभएको र सो दृश्य देखी स्थानीयवासी आश्चर्यचकित भएको प्रसङ्ग राखिएको छ ।

**(ङ) गान्तोकसम्म गफ**

यस उपशीर्षकमा तीन जना यात्रीहरू कार चढेर रमाइला गफ गर्दै र दृश्यावलोकन गर्दै गान्तोकसम्म पुगेको विषय उल्लेख गरिएको छ ।

**(च) छोङ्गु पुग्दाको विकटता र सौन्दर्य**

यस उपशीर्षकमा रमाइलो र सुन्दर तर भौगोलिक दूरी टाढा रहेको विकट धरातलमा पाइने विविध प्रकारका चुली पहाड, रिङ्गटा लाग्ने भीरहरू, हिमाल, पहाड, विकट भए पनि अति सुन्दर र काल्पनिक जस्तो लागेको विषयवस्तुबारे प्रष्ट पारिएको छ ।

**(छ) सिक्किमिजसँग सपिङ सेन्टरमा**

यस उपशीर्षकमा मूल सिक्किमेली व्यापारीहरूको नम्र शील स्वभाव, इमान्दारिता, सफा मीठो बोलीवचनको बारेमा चर्चा गरिएको छ ।

**(ज) छोङ्गु**

यस उपशीर्षकमा ५० मीटर गहिराइ र १२,४०० फिटको उचाइमा रहेको ताल सुन्दर, खुला र आकर्षक लागेको विषयवस्तुलाई प्रस्तुत गरिएको छ ।

**(झ) चालकको चाल**

यस उपशीर्षकमा ट्राफिक प्रहरीले अर्को रुटको गाडी पुर्जी नलिई गएकाले जरिवाना तिर्न लगाएको, चालकलाई खुसी बनाउन सहयोग गर्ने भनी सान्त्वना दिएको आदि विषयवस्तुको उल्लेख गरिएको छ ।

**(ञ) गान्तोक सहर घुम्दा**

यस उपशीर्षकमा अत्यन्तै परिश्रम गरेर बनाइएको भिरालो ठाउँमा अवस्थित गान्तोक सभ्य समाज, होटल व्यवसायीहरूको सेवा सुविधा सुलभ, व्यवहार सरल र नम्र रहेको प्रसङ्ग उल्लेख छ ।

**(ट) श्रीबदामको अवलोकन**

यस उपशीर्षकमा सिक्किमको समतल र उर्वर सडक राम्रो धरातलमा अडिएको बारे चर्चा गरिएको छ ।

**(ठ) आमाविनाको एक साँझ**

यस उपशीर्षकमा आर.बी.सरकी श्रीमती एक साँझ घरमा नभएकोले त्यो घर आमाविनाको घर जस्तै भएको अनुभूति भएको कुरा उल्लेख छ ।

यसप्रकार निबन्धकारले स्वदेश र विदेशका संस्मरणात्मक निबन्धमा स्वदेश अर्न्तत नेपालका पूर्वी जिल्लाहरू विशेषगरी भोजपुर, खोटाङ, उदयपुर, सोलुखुम्बू, झापा, सुनसरी, संखुवासभा, धनकुटा आदि जिल्लाहरूमा हेभेन्ली/निर्वाणा पाथको प्रचार प्रसार अभियान, लोगो लेख्ने र साहित्यिक अभियानका लागि र विदेश अन्तर्गत बेलायत, फ्रान्स, इन्डोनेसिया, सिङ्गापुर, बेलिज आदि विदेशी मुलुकहरूमा गरिएका व्यक्तिगत र पारिवारिक भ्रमणमा आफूले देखेका, भोगेका, सुनेका तितामिठा अनुभवहरूलाई अभिव्यक्त गरेका छन् ।

प्रेम रिबुसालको **अतृप्त यात्राका अनुभूति** शीर्षक कृतिमा समाविष्ट सबै रचनाहरू विशेष यात्रामा केन्द्रित रहे पनि तिनमा कुनै न कुनै रचनाहरू राष्ट्रवादी विचारधारामा अडिएको छ । यिनमा कतै ठाउँको त कतै व्यक्तिको, कतै प्राकृतिक सौन्दर्यको त कतै विकास निर्माणको सन्दर्भ कोट्याएर नेपालसँग जोड्ने कार्य भएको छ । यस प्रकारको संस्मरण कतै वर्णनात्मक/विवरणात्मक रूपमा त कतै व्यङ्ग्यात्मक रूपमा प्रयोग गरिएको छ ।

### ५.३.३ भाषाशैलीय विन्यास

सुव्यवस्थित ढंगले क्रमबद्ध रूपमा राख्ने कार्यलाई विन्यास भनिन्छ । सुहाउँदिलो रूपले मिलाएर व्यवस्थित गर्ने या योजनाबद्ध रूपमा राख्ने तरिका पनि विन्यास हो । कृतिको संरचक घटकका सन्दर्भमा भाषा, शैली, अग्रभूमिकरण, बिम्ब, प्रतीक, छन्द, लय, अलङ्कार आदिको व्यवस्थापनलाई भाषाशैलीय विन्यास भनिन्छ ।[११]

प्रस्तुत यात्रा निबन्ध संग्रहका भाषा सजिलैसँग बुझ्न सकिने र सरल देखिन्छ । स्वदेश र विदेश यात्राका विषयमा लेखिएका यात्रा निबन्धहरू भएको हुनाले प्रशस्त अङ्ग्रेजी भाषाका शब्दहरूको प्रयोग भएको देखिन्छ । जस्तै : (आइस्ल्यान्ड पिक, ग्लोबल वार्मिङ, युनिफर्म, क्याप्टेन, ग्लेसयर, ट्रेकिङ, भ्यु प्वाइन्ट, अन्टाइडी आदि अङ्ग्रेजी शब्दका प्रयोग गरिएको भए पनि वाक्य सरल नै रहेको देखिन्छ ।

सरल र मिठासपूर्ण भाषाशैलीमा लेखिएका प्रेम रिबुसालका सबैजसो रचनाहरू पठनीय र रमाइलो लाग्ने भए पनि कतिपय रचनाहरूमा पूर्वेली भाषिकाको छनक पाइए पनि कतिपय रचनाको भाषाशैलीय विन्यास कवितात्मक समेत बन्न पुगेको छ । जस्तै :

११. ऐजन, पे. २४५

लगुना बे ठप्प जमेको लाग्यो नीलो, यसैले फेरो मारेको भोल्कानिक टापु उभिएको थियो ठिङ्ग । कहीँ धुवाँ निस्किरहेको टुप्पीबाट । (पृ. ३९)

कतिपय निबन्धहरूमा परिदृश्यको वर्णन गर्दा निर्जीव वस्तुलाई मानकीकरण गरी सजीव रूपमा उभ्याइएकाले निबन्धको भाषा केही मात्रामा रोचक बनेको छ । यी यात्राका समयमा खिचिएका फोटाहरूको सुन्दर संयोजन गरिएको छ । यसले रचनालाई थप आकर्षक तुल्याएको छ । यिनको रचनामा प्रेमवाद, हेभेन्ली/निर्वाणा पाथ, विश्व शान्तिको प्रचार प्रसार स्वदेश र विदेश दुवैतिर गरेको घटनाको वर्णन पनि लेखनकार्यकाको विशिष्ट पक्षका रूपमा आएका देखिन्छ ।

यी यात्राका समयमा लेखिएका केही यात्रा संस्मरणलाई विषयवस्तु झिनो रहेको देखिन्छ । ठाउँ ठाउँमा केवल यात्राको यथार्थ परिस्थितिको मात्र वर्णन गरिएको छ । कुनै कुनै यात्रा संस्मरणका विषय र प्रसङ्गहरू दोहोरिएका पनि देखिन्छन् । यसरी उनका केही निबन्धमा कलात्मकताको कसरमसर रहेको देखिन्छ । विषयवस्तु प्रस्तुत गर्ने क्रममा कहीँ कहीँ आफ्ना मनका उब्जेका भावनात्मक अनुभूतिहरू मात्र रहेका छन् ।

प्रस्तुत निबन्धसङ्ग्रहका निबन्धमा भाषागत, शैलीगत र विधागत केही कमजोरी र केही सबल पक्षहरू समेत रहेका छन् । उनका यस सङ्ग्रहका एकाध निबन्धहरू बाहेक सबै निजात्मक शैलीमा छन् । साथै विविध रचनामा आफ्नो पूर्वज्ञानको प्रयोग गर्न पनि चुकेका छैनन् । सन्दर्भ अनुसार सम्बद्ध ठाउँको इतिहास समेत प्रस्तुत गर्ने लेखको प्रयास प्रशंसनीय छ । यात्रा संस्मरणहरूको प्रसङ्गका माध्यमबाट पाठकमा प्रेमवाद, हेभेन्ली/निर्वाणा पाथ र विश्वशान्तिको प्रचार प्रसार बडो संवेदशील ढङ्गबाट गर्दै सृजनात्मक अभियानका साथै स्वदेश र विदेशका विभिन्न ठाउँहरूको परिचयका साथै त्यहाँको सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक, राष्ट्रियता, प्राकृतिक वातावरण, कलासंस्कृतिहरूका विषयवस्तुलाई आत्मपरक र वस्तुपरक दुवै रूपबाट सामान्य भाषामा व्यक्त गर्न र यथार्थ विषयवस्तु एवम् घटनालाई सबैका साम् प्रस्तुत गर्नु प्रेम रिबुसालको निबन्धकारिताको मूल प्रवृत्ति रहेको तथ्य यात्रा निबन्धसङ्ग्रहको विश्लेषणबाट स्पष्ट हुन्छ ।

### ५.३.४ निष्कर्ष

एउटा दोस्रो मातृभाषी लाहुरेद्वारा केहीमा आफू लाहुरे भएर अनि केहीमा स्वतन्त्र रूपमा घुमेका इन्डोनेसिया, ब्रुनई, बेलायत, फ्रान्स, सिङ्गापुर, सिक्किम र नेपालका विभिन्न जिल्लाहरूको यात्रामा आफूले देखे, सुनेका र भोगेका तितामिठा अनुभवहरूलाई कृतिमा विभिन्न शीर्षक, उपशीर्षकका माध्यमबाट अभिव्यक्त गरिएको छ ।[१२] 'आइस्ल्यान्ड पिक आरोहणको सहयात्री' शीर्षकबाट प्रारम्भ भएर 'सिक्किमको सौन्दर्यमा रमाएका केही क्षण' शीर्षकमा अन्त्य गरिएको यस यात्रा संस्मरणको तेस्रो शीर्षक 'मितेरी पुलबाट हेलम्बुसम्म' ११ वटा उपशीर्षक र पाँचौं शीर्षकको रूपमा रहेको 'साहित्य यात्राको प्रारम्भिक पदयात्रा' बीस उपशीर्षक समावेश गरी प्रस्तुत कृतिको संरचना निर्माण भएको छ ।

लाहुरे जीवन बिताउँदा र स्वतन्त्र भएर गरेका यात्रा अनुभव, त्यस देशको राजनीतिक, प्रशासनिक, सुव्यवस्था, त्यहाँको मूल्य मान्यता वर्णन गर्दै सम्पन्न र विपन्न देश तथा आफ्नै देशका सम्पन्न र विपन्न जनताका बीचमा व्याप्त खाडलको मर्मस्पर्शी तुलनात्मक दृष्टिकोणबाट कतै वर्णनात्मक र कतै दैनिकीको झल्कोका साथै यात्रानुभवहरू अभिव्यञ्जित भएका छन् । यस यात्रा संस्मरणमा घटनाहरूभन्दा बढी यात्रा गर्दा मनभित्र उब्जिएका भावनाहरूको स्पष्ट अभिव्यक्ति बढी छ । कहीँ मानसिक तनावले यात्रालाई बिटुल्याउने अवस्था आइपरेको छ भने कहीँ खुसीले पुलकित भएर इमान्दारीपूर्ण प्रस्तुति प्रेम रिबुसालको यात्रा संस्मरणात्मक यस निबन्धसङ्ग्रहमा पाइने मूल वैशिष्ट्य हो । आफ्नो राष्ट्रप्रति आस्था र प्रेम तथा मानवीय संवेदनशीलताको हार्दिक प्रस्तुति पाइने यस कृतिलाई लेखनको ज्ञान, अभिव्यक्ति कौशल र विश्लेषणको क्षमता प्रदर्शन गर्ने उल्लेखनीय र उपलब्धिमूलक कृतिका रूपमा लिन सकिन्छ । यात्रा प्रसङ्गको आभाष दिने खालको शीर्षकबाट कृतिको नामाकरण गरिएको यस सङ्ग्रहको शीर्षक **अतृप्त यात्राका अनुभूति** सामञ्जस्यमूलक औचित्यपूर्ण र सार्थक रहेको छ । विदेश र स्वदेशकेन्द्री स्थान र विषयवस्तुमा आधारित भएर स्वदेश र विदेशका अनेक पक्षहरूको वर्णन पाइने यस कृतिलाई नेपाली यात्रा साहित्यको उल्लेख्य कृतिका रूपमा लिन सकिन्छ ।

---

१२. प्रा.डा. खगेन्द्रप्रसाद लुइटेल, *यात्रानुभूतिको जीवन्त प्रस्तुति, भूमिका,* प्रेम रिबुसाल, **अतृप्त यात्राका अनुभूति,** (काठमाडौँ : मिर्मिरे प्रकाशन समूह, २०७०) ।

समग्रमा वर्णनात्मकता, विवरणात्मकता, ज्ञानमूलकता, तार्किकता, यथार्थवादिता, रोचकता एवम् भाषिक सरलता प्रेम रिबुसालको यस **अतृप्त यात्राका अनुभूति** संस्मरणात्मक निबन्ध सङ्ग्रहका उल्लेख्य विशेषता हुन् ।

# छैटौं परिच्छेद

## उपसंहार

प्रस्तुत परिच्छेदमा शोधपत्रको समग्र मूल्याङ्कन गरिएको छ । यस कृतिको पहिलो परिच्छेदमा शोधपरिचय प्रस्तुत गरिएको छ जसअन्तर्गत शोधशीर्षक, शोधप्रयोजन, समस्याकथन,, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य, महŒव र उपयोगिता, सामग्री सङ्कलन विधि, शोधविधि र शोधपत्रको रूपरेखा रहेका छन् ।

दोस्रो परिच्छेदमा साहित्यकार प्रेम रिबुसालको जीवनीको बारेमा अध्ययन गरिएको छ । यस क्रममा साहित्यकार प्रेम रिबुसालको जन्म र जन्मस्थान, बाल्यावस्था र स्वभाव र बानी व्यवहार, भ्रमण, संस्थागत संलग्नता, साहित्यका प्रेरणा र प्रभाव, लेखनको आरम्भ, सम्मान तथा पुरस्कार साथै उनका प्रकाशित फुटकर लेख-रचनाहरूबारे जानकारी दिइएको छ ।

तेस्रो परिच्छेदमा साहित्यकार प्रेम रिबुसालको व्यक्तित्वका विविध पाटाहरू, शारीरिक व्यक्तित्व, साहित्यिक व्यक्तित्व अन्तर्गत कवि व्यक्तित्व, कथाकार व्यक्तित्व र यात्रा संस्मरणात्मक निबन्धकार व्यक्तित्व व्यक्तित्व, गीतकार व्यक्तित्व र साहित्येतर व्यक्तित्व, सल्लाहकार व्यक्तित्व, समाजसेवी व्यक्तित्व, समग्र व्यक्तित्व र कृतित्वबीच रहेको अन्तर्सम्बन्धित व्यक्तित्वको खोजी गरिएको छ । चौथो परिच्छेदमा प्रेम रिबुसालको साहित्ययात्राबारे चर्चा गरिएको छ । पहिलो चरण प्रारम्भदेखि वि.सं. २०५४ सम्म र दोस्रो चरण वि.सं. २०५५ देखि हालसम्म गरी दुई चरणमा विभाजन गरी सङ्क्षिप्त चर्चा गरिएको छ । विविध फुटकर रचनाहरू र कविता, कथा, निबन्धहरूको सङ्क्षिप्तचर्चा गरिएको छ ।

पाँचौं परिच्छेदमा प्रेम रिबुसालको प्रकाशित कृतिहरूका विविध शीर्षक, उपशीर्षकमा अध्ययन गरिएको छ । यस क्रममा कविता, कथा र निबन्ध सङ्ग्रहको छुट्टाछुट्टै अध्ययन गरिएको छ । २०५४ सालमा प्रकाशित कविता सङ्ग्रहको परिमार्जित संस्करण २०६८ मा प्रकाशित कविता सङ्ग्रह **लाहुरेका दौँतरी कविताहरू** खगेन्द्रप्रसाद लुइटेलको **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**मा उल्लेखित पद्धतिलाई आधार बनाई मूलभाव, सहभागी र सहभागिता, परिवेश, उद्देश्य, दृष्टिबिन्दु, र भाषाशैलीय विन्यास शीर्षकमा विश्लेषण गरिएको

छ । यसै क्रममा एक कथा सङ्ग्रह र यात्रा संस्मरणात्मक निबन्ध सङ्ग्रहको अध्ययन गरिएको छ । यस क्रममा खगेन्द्रप्रसाद लुइटेलको कविताको संरचनात्मक पद्धतिलाई आधार बनाई अध्ययन गरिएको छ ।

छैटौँ परिच्छेदमा यस शोधपत्रको समग्र मूल्याङ्कन गरिएको छ जसअन्तर्गत प्रेम रिबुसालको बाल्यकालदेखि हालसम्मको अवस्था र उनका रचनाहरूले नेपाली साहित्यमा दिएको योगदान जस्ता कुराहरू समावेश गरिएको छ ।

२०२० साल असोज ३ गते बुधबारका दिन पूर्वाञ्चल विकास क्षेत्रमा पर्ने कोसी अञ्चल भोजपुर जिल्लाको खार्तम्छा सिक्तेलटारमा पिता जयप्रसाद राई र माता कृतिसरा राईका जेष्ठ सुपुत्रका रूपमा जन्म भएको थियो । गाउँले परिवेशको निम्नवर्गीय परिवारमा जन्मेका रिबुसालले बाल्यकालमा गाउँघरमा बसी आफ्ना बुवा-आमालाई सहयोग गर्दै प्राथमिक शिक्षा प्राप्त गरेका थिए ।

प्रारम्भिक शिक्षा आफ्नो घरबाट नै भएको थियो भने औपचारिक अध्ययनका लागि चन्द्रावती प्राथमिक विद्यालयबाट प्रारम्भ गरेका थिए । उनले माध्यमिक शिक्षा श्री अरुण माध्यमिक विद्यालय दिङ्गलाबाट प्राप्त गरे । यिनी सानै उमेरदेखि नम्र स्वभावका भएकाले सबैसँग सजिलै घुलमिल हुने मिलनसार प्रवृत्तिका थिए । माध्यमिक तहको शिक्षा प्राप्त गरेर ब्रिटिस सेनामा भर्ती भए । पराई देशमा सेवाका लागि र आफ्नो आर्थिक अवस्था सुधार गर्ने उद्देश्यले लाहुरे बन्न पुगेका रिबुसाल तीन वर्षपछि छुट्टीको समय मिलाएर नेपाल फर्के । त्यही समय २०४२ मंसिर २० गते २२ वर्षको उमेरमा आफ्नै जिल्ला निवासी प्रतिका राईसँग वैवाहिक सम्बन्ध गाँस्न पुगे ।

प्रेम रिबुसालका दुई छोरी र एक छोराको जन्म भएको थियो । सन्तानहरूको जन्म भइसकेपछि तिनलाई उच्च शिक्षा दिलाउनुका साथै सबै परिवारसँग एक आपसमा मिलेर बस्न सकेमा सबैको प्रगति हुने र परिवारमा खुसी छाउने कुरा व्यक्त गरेका छन् । लामो समय ब्रिटिस सैनिक जागिरे जीवन बिताएका रिबुसालले साहित्य यात्रालाई अगाडि बढाउने क्रममा साढे १९ वर्षसम्म सैनिक पेसामा रहँदा विभिन्न तितामिठा भोगाइका अनुभवहरूलाई व्यक्त गरेका छन् ।

हाल ललितपुर सुनाकोठी २ मा स्थायी बसोवास गर्दै आएका रिबुसाल विभिन्न समयमा स्वदेश र विदेशका विभिन्न स्थानहरूमा भ्रमण गर्न सफल बनेका छन् । प्रेमवादलाई आपसी सद्भाव र अनुशासनका रूपमा हेर्ने रिबुसाल विशेषगरी हेभेन्ली/निर्वाणा पाथमा विश्वास राख्छन् भने अन्यलाई पनि सम्मान गर्दछन् ।

खानपिनमा सामान्य दालभात, तरकारी, खाना खान मनपराउने रिबुसाल घरायसी कामकाजले होस् वा अन्य कुनै कामले बाहिर जाँदा सधैँ सफा, सुकिला पोशाक लगाउने गर्दछन् । आफूसँग भेटघाट गर्न आउने बन्धुबान्धवहरूलाई मन, वचन र सुमधुर बोलीले स्वागत गर्ने र यथाशक्य जलपान गराई पठाउनु यिनको विशेषता हो । हाल आफ्ना सम्पूर्ण समयलाई समाजसेवा र घरायसी कार्यमा संलग्न गराएका छन् । पराई भूमिमा रहँदा आफ्ना जन्मथलो प्रतिको प्रगाढ माया ममता साहित्यमार्फत् प्रस्तुत गरेका छन् ।

सन् २००१ मा ब्रिटिस सैन्य सेवाबाट निवृत्त भई आफ्ना कुण्ठित भावनाहरूलाई साहित्यका क्षेत्रमा कविता, कथा, गीत र यात्रासंस्मरणात्मक निबन्धका माध्यमबाट व्यक्त गरेका छन् । यसरी विभिन्न क्षेत्रमा कलम चलाएका एक कुशल कवि, कथाकार, गीतकार र यात्रा संस्मरणात्मक निबन्धकारका रूपमा पनि चिन्न सकिन्छ ।

सन् १९८५ मा हङकङमा प्रकाशित **'पर्वते'** मासिक पत्रिकामा 'जन्मस्थलको नयाँ परदेशी' शीर्षकको कविताबाट नेपाली साहित्यको कवितालेखनमा प्रवेश गरेका रिबुसालले पहिलो कविता सङ्ग्रह **लाहुरेका दौँतरी कविताहरू** (२०५४) उनन्चास वटा र परिमार्जित संस्करण २०६८ मा प्रकाशित गरेका छन् । प्रकाशनका दृष्टिले यो कवितासङ्ग्रह उनको दोस्रो परिमार्जित पुस्तकाकार कृति हो । कविताहरूको अध्ययन गर्दा परदेशी जीवन व्यतीत गर्दा आफ्ना मातृभूमिप्रति सम्झना, मोहलाई यथार्थ भोगाइहरूका क्रममा प्रस्तुत गरेका छन् ।

यसपछि बत्तीसवटा कथाहरूको सङ्ग्रह **याङ्जी र चराहरू** (२०६९) प्रकाशित भइसकेका छन् । प्रेम रिबुसालका हालसम्म प्रकाशित कथाहरूको अध्ययन गर्दा मूलतः सामाजिक, आर्थिक, राजनैतिक आदि क्षेत्रमा व्याप्त विकृति, विसङ्गतिका साथै समाज सुधारोन्मुख कार्यप्रति चेतना फैलाउने यथार्थमूलक सन्देश प्रदान गरेका छन् । यस सङ्ग्रहमा न्यून सहभागी मानवीय पात्रभन्दा मानवेत्तर पात्रको अत्यधिक प्रयोग गरी सहरिया

र गाउँले दुवै परिवेशमा देखिएका यथार्थ पक्षका विविध पाटाहरूको प्रकटीकरण गरिएका छन् ।

यसैगरी प्रेम रिबुसालले **अतृप्त यात्राका अनुभूति** (२०७०) यात्रासंस्मरणात्मक निबन्धसङ्ग्रह प्रकाशित गरिसकेका छन् । स्वदेश र विदेश गरी दुई भागमा विभाजन गरिएका यात्रा संस्मरणात्मक निबन्ध सङ्ग्रहमा स्वदेश यात्राका क्रममा नेपालका पूर्वी पहाडी जिल्लाहरू भोजपुर, उदयपुर, खोटाङ, संखुवासभा, सोलुखुम्बू, झापा, सुनसरी आदि क्षेत्रमा पाइने भौगोलिक विविधता, सम्पूर्ण जैविध विविधता आदिका बारेमा देखिएका प्राकृतिक, सांस्कृतिक, धार्मिक, शैक्षिक, राजनैतिक, आर्थिक पक्षको उल्लेख्य विवरण प्रस्तुत गरेका छन् भने विदेश यात्रा अन्तर्गत बेलायत, सिङ्गापुर, सिक्किम, बेलिज, पेरिस आदिका ऐतिहासिक, शैक्षिक, आर्थिक, सामाजिक, राजनैतिक, पक्षलाई यथार्थ विवरणसहित प्रस्तुत गरेका छन् ।

यस निबन्धसङ्ग्रहमा स्वदेश र विदेशमा देखिएका विकासका पक्षहरूका साथै ऐतिहासिक स्थलहरूको विवरणात्मक प्रस्तुति रहेका छन् । तुलनात्मक विवरण प्रस्तुतिका आधारमा स्वदेश र विदेशका सामाजिक, प्राकृतिक, राजनैतिक, भौगोलिक, आर्थिक, शैक्षिक, धार्मिक, ऐतिहासिक विषयवस्तुलाई वर्णनात्मक, विवरणात्मक, सूचनामूलक, यथार्थवादी ढङ्गले सरल, सुबोध्य भाषाशैलीको प्रयोग गरी नियात्रा लेख्नु रिबुसालको उल्लेख्य विशेषता हो । खासगरी बेलायत, सिङ्गापुर, पेरिस, बेलिज, सिक्किम र नेपालका विविध जिल्लाहरूका बारेमा जान्न खोज्ने र त्यहाँ पुग्न नसकेका पाठकहरूका लागि यस कृतिले महत्वपूर्ण भूमिका खेलेको छ ।

यी रचनाहरूका अतिरिक्त रिबुसालले विभिन्न फुटकर कथा, गीत, निबन्धहरू रचना गरेका छन् । तर यहाँ तिनीहरूको विस्तृत अध्ययन नगरी सामान्य विवरणमात्र दिइएको छ ।

यसरी भोजपुर जिल्लाको पहाडी गाउँमा जन्मिएका प्रेम रिबुसालले विविध अनुभवहरू सङ्गाल्दै साहित्यिक यात्रा अगाडि बढाउँदै गइरहेका छन् । नेपाली साहित्यको क्षेत्रमा सहयोगी भूमिका खेल्दै आएको कुरा स्पष्ट रहेको छ ।

## परिशिष्ट

# प्रेम रिबुसालसँग लिइएको लिखित अन्तर्वार्ता

**प्रेम रिबुसालको जीवन, व्यक्तित्व र कृतित्व शीर्षकको शोधपत्र तयार गर्ने क्रममा २०६९ चैत २२ गते शोधनायक प्रेम रिबुसालसँग लिइएको लिखित अन्तर्वार्ता यस प्रकार रहेको छ :**

**१. तपाईंको जन्म मिति, जन्मस्थान र वंशावलीका बारेमा बताइ दिनुहोस् न ।**

उत्तर : मेरो जन्म २०२० असोज ३ गते भएको हो । म खार्तम्छा गाविस ५, सिक्तेलटार, भोजपुरमा जन्मिएको हुँ । म, साङपाङ किरात राई वंश भित्र पर्छु । वंशावलीको लामो इतिहास त थाहा छैन । थाहा भएनुसार म-

अस्रविरको - जनाति

फौदबिरको - खनाति

दिलबिरको - पनाति

नरबिरको - नाति

जयप्रसादको - छोरा

**२. तपाईंको आमाबाबु हुनुहुन्छ ? उहाँहरूको नाम बताई दिनुहोस् न ।**

उत्तर : हुनुहुन्छ । उहाँहरू ७० वर्ष माथिका हुनुहुन्छ । बुबाको नाम माथि नै पनि भनेको छु । बुबाको नाम जयप्रसाद राई र आमा कृतिमाया राई हुनुहुन्छ ।

**३. तपाईंको दाजुभाइ र दिदीबहिनीहरू के-कति र कहाँ-कहाँ हुनुहुन्छ ?**

उत्तर : हामी चार भाइ दुई बहिनी हौँ । म जेठो हुँ । माइला अस्ट्रेलियामा छ, साइँलो र कान्छो बेलायततिर छन् । ठूली बहिनी बेलायतमै छे र कान्छी काठमाडौँमा छिन् ।

**४. तपाईंको बाल्यकाल कहाँ र कसरी बित्यो ?**

उत्तर : लगभग ११/१२ वर्षको हुँदासम्म गाउँमै बित्यो । आफू नै जेठो भएकोले यस अवधिमा आमाबाबुका लागि खेती, पशुपालान र भाइ बहिनी हेर्न सहयोगी भूमिका अनिवार्य थियो । गाउँघर वरिपरि जस्तै रहेर पढेँ तर घरमा कम उपस्थिति रह्यो । ३७ सालतिर पढ्दा

पढ्दै वर्षे विदामा घरबाट भागेर पश्चिम बंगालतिर घुम्न गइयो । खुब बिरामी परेँ र घर फर्केपछि सेन्टअप परीक्षा दिएँ । त्यसपछि ब्रिटिस सैनिकमा अर्को जीवन सुरु भयो ।

**५. तपाईंको बाल्यकालमा गरेको त्यस्ता केही स्मरणीय घटना भए बताइदिनु हुन्छ कि ?**

उत्तर : सामान्य कार्य पनि घटना नै हुन्छ बाल्यकालमा । तर खास भनिहाल्नु पर्ने कुनै त्यस्तो छैन । बाल्यकाल कुनै न कुनै खेल खेलेर बित्यो घरको काम बाहेक । म त्यो बेलादेखि नै सृजना मनपराउने गर्थे । तर सबैले मलाई चकचके पनि भन्थे । मैले जे देख्यो त्यो कुनै न कुनै रूपमा तुरुन्तै बनाइहाल्न चाहन्थेँ । ढिकी चलाउँथ्यौँ र स-साना काठकै ढिकी बनाएको थिएँ । जाँतो पिँधेर नेभारका दानाहरूको जाँतो बनाउँथ्यौँ । दशैँमा चर्खे पिङ खेलेर बुबाले रोप्नुभएको बिरुवा काटेर पिङ पनि हालेको थिएँ । मेरो आफ्नै छिनो र कर्द जस्ता हातहतियारहरू थिए । डोको, नाम्लो, घुम, दाम्लो, मोला, पेरुङ्गो आदि बुन्ने गर्थँ । र अझै बुन्न सक्छु । बाल्यकालमा अरुले तानेको देखेर मालिंगो काटेर तान्न गएँ । जुन गाउँमा एक दुईले मात्र तान्ने गर्थे । अल्लो काट्न गएँ जुन गाउँमा कमैले गर्ने गर्थे । मलाई सबथोकको अनुभव गर्न मनलाग्थ्यो । मसँग अल्छी कम थियो । त्यो अहिलेको लागि कुनै न कुनै आधार बनेको छ ।

**६. तपाईंको छोरा छोरीहरू कतिजना छन् र हाल के गर्दैछन् ?**

उत्तर : एक छोरा र दुई छोरीहरू हुन् मेरा । छोरा लाजिहाङ बेलायतमा रहेर हेमेन्ली/निर्वाणा पाथमा कार्यरत छन् । उनको जीविकोपार्जनको लागि जागिर र अध्ययन तीनवटा जिम्मेवारी थियो । उनको अध्ययनको विषय विज्ञान थियो तर समय विभाजन गर्दा शिक्षा पनि पार्टटाइम मात्रको भयो । विज्ञान विषयलाई यति समयले पुगेन र उनले विषय परिवर्तन गरेर 'जर्नालिज्म म्यानेजमेन्ट'मा ब्याचलर डिग्रीको अध्ययन सकेका छन् ।

ठूली छोरी मुकुमाले बेलायतमै मिडिया स्टडिजमा ए-लेभल गरिन् र आफू बेलायत नगएकोले नेपाल नै फर्केर सोसियोलोजीमा ब्याचलर डिग्रीको अध्ययनको अन्तिम परीक्षा दिएर बसेकी छिन् । साथीहरूसँग मिलेर सामान्य काममा पनि व्यस्त छिन् उनी । सामान्य रूपमा सामाजिक कार्य पनि सिक्दै छिन् ।

कान्छी छोरी सिकुमाले सेन्ट म्यारिजबाट उच्च माध्यमिक तह पूरा गरिन् आर्ट विषयमा । उनी हाल एक वर्ष पढ्ने कार्यलाई छुट्याएर इसिएस् मिडियामा रिपोर्टर्स गर्दैछिन् । यो उनको आफ्नै इच्छा हो । ७० सालबाट उनले पढाइलाई निरन्तरता दिँदैछिन् ।

दाजु र दिदीबहिनीको सामान्य अनलाइन् व्यापार पनि छ । उनलाई ड्रइङ, सङ्गीत र सृजनात्मक कार्य मनपर्छ र समय दिन्छिन् पनि ।

**७. तपाईंको अध्ययन कसरी सुरु भयो ?**

उत्तर : लगभग ८ वर्षको उमेरदेखि मैले विद्यालय जान सुरु गरेको हुँ । त्यही बेला गाउँमा विद्यालय स्थापना भएको थियो । खरको छानो थियो विद्यालयको । बाँसको खम्बा र टाटीको बार थियो । हामी त्यही खरका टुक्राहरू भाँचेर धुलोमा लेख्थ्यौं । पाटीमा खरीले लेख्ने चलन त्यही बेलाबाट चल्यो । बजारे कलम र कापीको चलन केही समयमा आयो । टेको कलम त्यो बेला हामीले चलाएको पहिलो थियो । रमाइलो नानी पुस्तक हामीले पढ्ने एउटा पुस्तक थियो तीन चार वर्ष पछिको समयमा । केही समयपछि त्यो खरको छानो भएको स्कुल बन्द भयो अनि गाईको ग्वालीतिर पनि पढाइ भयो । म बहिनी बोकेर पढ्न जान्थें । अर्को सालतिर गाउँ सिरानमा स्कुल स्थापना भयो र त्यो स्थायी बन्यो । त्यसैमा मैले तीन कक्षासम्म अध्ययन गरें । यो नै मेरो अध्ययनको प्रारम्भ थियो ।

**८. तपाईंको जागिरे जीवन कसरी सुरु भयो ?**

उत्तर : म अरुण माध्यमिक विद्यालय दिङ्गलामा ९ कक्षामा पढ्दै थिएँ । एक दिन घर आएको थिएँ । हामी सामान्य परिवारका थियौं । पैसाको भने ज्यादै अभाव थियो । बातचितको क्रममा गल्लावालले भर्ती गर्ने क्रम चलेको कुराकानी पनि उठ्यो । त्यो बेला मैले आमाबाबुको इच्छा बुझें कि हाम्रो छोराले पनि जान मन गरे हुने थियो भन्ने । मैले त्यो बुझाइ भित्रबाट बुझें तर बाहिर भनिनँ अनि भोलिपल्ट नै होला, उहाँहरूको इच्छा अनुसार अर्को गाउँमा हुँदै गरेको सेलेक्सनमा सानाबाबुसँग गएँ । ढिला भइसकेको थियो । तैपनि उनीहरूले सोधे- कोही इच्छुक छ भने हामी नापजाँच गर्छौं । म गएँ । मलाई मनपराए तर मेरो घुँडा जोडियो र कुर्कुच्चा जोडिएन अलिकति र यसैले म फालिएँ अनि अर्को साल तालिम गरेर आउनु भने । अर्को साल गएँ र सामान्य प्रयासले म पास भएँ । मलाई नलागिएला भन्ने डर पनि थिएन र लाग्ने तीव्र रहर पनि थिएन । अन्ततोगत्वा म पास भएँ । घोपा क्याम्प धरान छोड्दा गीत गाउँदै गएथ्यौं- नेपाली छोरो आज जिउनको लागि विदेसिँदै छ ..... ।

**९. जागिरे जीवनका विभिन्न क्षेत्रको विवरण उल्लेख गरिदिन सक्नुहुन्छ ?**

उत्तर : घरको जेठो छोरो पनि म । घरमा पैसाको अभाव धेरै । मेरो रहर थियो जीवनमा धेरै देश घुम्ने तर त्यो जागिरे जीवनमा सार्थक हुन सकेन ।

हामी फेब्रुअरी १९८२ मा हङकङ पुग्यौँ । यस वर्षभरि १० महिने तालिमले गर्दा हङकङको कुनै बजार जान र घुम्न दिइएन ।

तालिम सकेर यस वर्षको अन्त्य (डिसेम्बर २९) मा बेलायत पुग्यौँ । त्यहाँ पुग्दा स्वर्ग जस्तै लागेको थियो । हामी हङकङ बसेर गएको भए पनि हामीलाई हङकङको बाहिरी ज्ञान नभएकोले पूर्ण रूपले बेलायत सभ्यताको खास ज्ञान बुझ्न नसकेपछि मात्रै महसुस भयो । पछिल्ला समयहरूमा ७ पटक जति बेलायत गइयो र पूरापूरी ५/वर्ष जति बसियो ।

बेलायतबाट त्यही देशका धेरै कुनाकाप्चा धेरै पल्ट घुमिएको छ । स्कट्ल्यान्ड, वेल्स र त्यहीँ रहँदा सपरिवार फ्रान्ससम्म दुईपटक पुगियो । यी यात्राहरू मैले कमाएको नमासिने सम्पत्ति सरह ठानेको छु ।

सन् १९८३ मे महिनामा हङकङ नै फर्क्यौँ । त्यहाँ आएपछि विभिन्न तालिमहरूमा खुब पसिना बग्न थाल्यो । जागिरे जीवनभर १६ पटक जति हङकङ आउने जाने क्रम चलेको रहेछ रेकर्ड हेर्दा । यही देशमा मेरो अल्लारे जीवन बितेछ र धेरैको बितेको छ तर त्यहाँ हाल नेपालीको पहिचान स्वरूप एउटा सामान्य समाधिस्थलबाहेक अरु केही पनि छाडिएको रहेनछ ।

सन् १९८३ कै अक्टोबरमा पपुवा न्युगिनी गयौँ ६ हप्ताको जङ्गल तालिम गर्न । त्यहाँ चिल्ला देखिने पातहरूले खुबै चिल्थ्यो । जङ्गलभरि खुर्सानी र फलफूलहरू पाइन्थ्यो । यस अवधिमा म निकै सारो बिरामी परेको थिएँ ।

सन् १९८५ को जनवरीतिर फेरि जङ्गल तालिम गर्न ब्रुनई गयौँ र पुगेर जङ्गल पसेपछि ६ हप्ता जङ्गलभित्रै बितायौँ र निस्केर दुई दिन जति वरिपरि घुमेर हङकङ नै फर्क्यौं । यसबेला हङकङ चाहिँ ब्रिगेड अफ गोर्खाजको आधार शिविर/देश थियो । त्यसपछि ९ पल्ट जति ब्रुनई आउने जाने क्रम चल्यो ।

पल्टन ब्रुनई बस्दाताका एक हप्ताको सिङ्गापुरको पारिवारिक यात्रा गरिएको थियो । यही देशबाट आफ्नै व्यवस्थापनमा मलेसियाको मिरी र लाब्वान घुमियो । फिलिपियन

दुईपटक जति गइयो । पहिले आफै र पछि सिमेन तालिम गर्न । त्यसैले राजधानी र सुविक वे क्षेत्रको सामान्य ज्ञान भयो । यसका साथै इन्डोनेसियाको जकार्ता पनि यहीँबाट घुमियो ।

अक्टोबर १९९१ मा बेलिज गयौँ । त्यहाँ ६ महिना बितायौँ । अत्यन्तै गर्मी र शरीरमा कीरा पसेर घातक रोगहरू उब्जने देश । मैले त्यसको प्रकोप सहनु पऱ्यो ।

यही समयमा मिलाएर साथीहरूसँग मेक्सिको सहर पुग्यौँ । जीवमा घुमेका ठूला र राम्रा देशहरूमध्येको सबभन्दा राम्रो लागेको यात्रा यही थियो मेरो । यस यात्राबाट ममा कुनै एउटा सानो चेतनाको जागरण भएको थियो । यहाँको नियात्रा लेख्न मनलागेको छ र यो अझ बाँकी नै छ ।

सन् १९९१ को जनवरीमा हामी मलेसियाको सावामा थियौँ । त्यसबेला कुवेतमाथि इराकी कब्जा भएकोले इराकले अमेरिकी लगायत युरोपेली आक्रमणको सामना गरिरहेको थियो । यही समयमा हामीले दक्षिण एसियन क्षेत्रकै अग्लो मानिने हिमाल किनाबालु आरोहण गरेका थियौँ । जुन चार हजारभन्दा केही बढी फिट अग्लो छ । यसका विवरणहरू म छुट्टै उपलब्ध गराउनेछु ।

**१०. तपाईं अवकाशप्राप्त लाहुरे हुनुहुन्छ, लाहुरे परम्परालाई कसरी हेर्नुहुन्छ र यस पेसाले तपाईंको जीवनमा कस्तो प्रभाव पारेको छ ?**

उत्तर : यदि लाहुरे नहुँदो हुँ त म निश्चय नै अहिलेको अवस्थामा आइपुग्न सक्ने थिइनँ । आउनलाई धेरै समय लाग्न सक्थ्यो । लाहुरे हुनुले मलाई र मेरा परिवारलाई आर्थिक रूपले सहयोग पुग्यो भने मैले यात्रा गरेर जे देखेँ र भोगेँ ती अनुभवहरू मेरा खास शिक्षा बन्यो । ज्ञान दुःखमा हुने गर्दछ । मस्तीमा त विनाश मात्रै देखेँ । मैले यस अवधिभर मस्ती नभएर नैतिक र शारीरिक धेरै दुःख खेपेँ जुन दुःखहरूबाट मैले कुनै पनि औपचारिक शिक्षाभन्दा कम शिक्षा आर्जन गरेको छुइनँ भन्ने लाग्छ । विदेश गएर नै मैले आफ्नो देशको आवरण मात्रै भए पनि स्पष्ट रूपमा देखेँ र बुझेँ ।

लाहुरेहरूको रोयल्टी पहिले दरबारमा आउने गरेको सुनेको हो । त्यसको यथार्थ विवरण गोप्य नै रहेको भएपनि लाहुरेहरूको आय आर्जनले उसको वर्ग र समाजको ठूलो उद्धार गरेको छ भने राष्ट्रलाई राम्रो टेवा पुऱ्याएको छ । यस वर्गको विकासको प्रारम्भिक आधार बनेका छन् लाहुरेहरू । प्रत्यक्ष वा अप्रत्यक्ष जुन रूपमा भए पनि लाहुरेहरूले आर्थिक पक्षमा मात्रै नभएर शिक्षातर्फ ठूलै लगानी र उन्नति गरेका छन् । झण्डै हरेक लाहुरेको

घरमा एकजना र कसैको घरमा दुईजना वा सो भन्दा बढी चिकित्सक बनेका छन् । इन्जिनियर, अडिटर, पाइलट, प्राविधिक लगायत अन्य क्षेत्रमा राम्रो नतिजा हत्याएका छन् । लाहुरेहरूले व्यवस्थित बसोबासको विकासमा उदाहरणीय कार्य गरेका छन् । ललितपुरको नखिपोट, पोखरा, धरान, दमक आदि जस्ता सहर बजारहरू यसका उदाहरण हुन् । यी सहर र बजारहरूमा हालको सङ्ख्यामा बसाइँ सर्न गाउँ घरको कुनै जेथाले सम्भव थिएन ।

अहिले उनीहरूको बसोबास नेपाली सहर र बजारमा मात्रै सीमित नभएर हङकङ र बेलायतसम्म पुगेको छ । यसले लाहुरे समाजले नेपाली समाज र राष्ट्रलाई अन्तर्राष्ट्रिय सम्पर्कमा पनि जोडेको छ । गाउँघरको जीवनबाट यो चरणसम्मको विकास धेरै ठूलो हो । यसबाहेक अन्य धेरै कार्यहरू लाहुरेबाट भएका छन् । यदि लाहुरे नहुँदो हो त यी कार्यहरू हुने थिएनन् जस्तो लाग्छ ।

यो उन्नति र विकासको बावजुद पनि यो परम्परा दुःखद छ । अन्य देशको सैनिकमा भर्ती हुने यस प्रकारको परम्पराको विकास हुनु हुने थिएन । हुँदा सही र समान सन्धि सम्झौता अनुरूप हुनुपर्ने थियो, त्यो पनि छैन । त्रिपक्षीय सन्धिलाई चलाखीपूर्ण तरिकाले ब्रिटिसले भारतीय पेकोङ अट्याच गरेर लागु भएको छ । नेपाल सरकारलाई यसको वास्ता भएन । निवृत्त लाहुरेहरूको निवृत्तिभरण बेलायतले उसको निवृत्त सैनिक कोषबाट नभई शरणार्थी कोषमा छुट्याउने र भारतीय बैंक भएर नेपाल पठाउँछ । च्यारिटी पेनसन पाउनेहरूले गोर्खा वेल्फेयर ट्रष्ट जुन विश्वका मानिसहरूले गरेका दानको रकम हो, त्यहीँबाट दिएको छ । त्यो हामीले धेरै हदमा दुःख जबरजस्ती देखाएर सङ्कलन गरेका छौं । काम ठिकै गरिँदै होला तर बेलायत सरकारले गरिनु पर्ने जस्तो भने होइन । भारतीय लाहुरेहरू चुप रहे पनि ब्रिटिस तर्फकाहरूलाई पेन्सन र सुविधाहरूको समानतामा चुप बनाउन सकेका छैनन् र चुप बनाउने अवस्था पनि देखिँदैन । विगत २०० वर्षको अवधिमा लाहुरेहरूलाई आफ्नो होइन भाडाको जस्तो गरेर प्रयोग गरेका छन् ।

यी विषयहरू नेपाली जनताको मनोबल (Morale) मा आघात पर्ने विषय हो भने राष्ट्रियतामाथि आँच पुगेको विषय छ । यसले गर्दा समग्र नेपाली र नेपालले शिर उठाएर गर्व गर्ने अवस्था छैन । विनासम्मानका उपलब्धिहरू नैतिकता, स्वाभिमान र राष्ट्रियतासँग घोल्न नसकिने हुँदा यसलाई यत्तिकै थाँती राख्नु हुँदैन ।

**११. तपाईंले भोगि रहनुभएको जीवनको अनुभूति बताइ दिनुहोस् न ।**

उत्तर : जीवनको ५० वर्ष धेरै लामो हो जस्तो लाग्दैन यद्यपि यति नै लामो जीवनले पनि धेरै अनुभूतिहरू बटुली सकेका छन् । त्यो सबै लेख्दा लामै लहर हुन्छ । छोटकरीमा भन्नु पर्दा आएको सबै भोग्नु नै सार्थक जीवन हो रहेछ । अनन्त यात्रामा एउटा वरदान पनि हो रहेछ यो जीवन जुन क्षणिक छ । जीवनमा दुःख र सुख दुवै हुने रहेछ । दुःखमा ज्ञान छ र मस्तीमा विनाश देखें मैले । त्यसैले दुःखहरूसँग हार नखानु नै सही हो लागेको छ । दुःख नै जीवनको साथी हो, जसको साथ सधैं लिइरहनु पर्छ । यसमा कोही हतास हुनुहुँदैन । बरु यसलाई लौरो बनाएर हिँडिरहनुपर्छ टेक्दै । यो भनाइ मात्रै नभएर दर्शन हो जस्तो लाग्छ मलाई । को सँग दुःख छैन र ! दुःख गरिबसँग मात्रै होइन धनीसँग पनि छ । दुःख दरबार र घरबार सबैतिर पाइने रहेछ । शिक्षित र अशिक्षित सबैसँग बाँडिने रहेछ । दुःखमा हिम्मत हार्नुहुन्न । सङ्घर्ष गर्नुपर्छ । आशा जगाइ राख्नुपर्छ । यसो गरे सानो जुइनाले पनि ओरालो झरेको जीवनमा गतिलो मोड ल्याउन सक्छ । सफल जीवनको आधार सत्य हो, झुठ होइन । यही आधारमा सृजनशील भएर बढाइरहनुपर्छ, जीवन निरन्तर ।

**१२. तपाईं पेसाले लाहुरे हुनुहुन्छ, यदि लाहुरे नहुनुभएको भए के बन्नुहुन्थ्यो ?**

उत्तर : घरमा पैसा त थिएन । तर जसोतसो पढ्थें हुँला । सानै उमेरबाट समाजमा केही गर्न रहर लाग्थ्यो । खराबहरू देखे सच्च्याउने उत्साह हुन्थ्यो । त्यो आधारमा सायद म समाजसेवी बन्थें होला ।

**१३. तपाईं अवकाशप्राप्त ब्रिटिस सैनिक भएकाले सायद युद्ध पनि लड्नुभयो होला ! युद्ध लड्दाका क्षणहरू बताइ दिनुहोस् न । एउटा लाहुरको रूपमा पेन्सन पकाउनु भयो, अबको बाँकी जीवनको पेन्सन कुन क्षेत्रमा पकाउने विचार छ ?**

उत्तर : मैले मान्छेलाई दुस्मन बनाएर खास युद्ध लड्ने अवसर पाइनँ । त्यसलाई म दुर्भाग्य होइन सौभाग्य नै ठान्छु । हामीले हङकङमा तालिम गर्दैगर्दा हाम्रो पल्टन फोक्ल्यान्डमा युद्ध लड्दै थियो । त्यसबेला मलाई खास डर लागेको थिएन । मैले त्यही पल्टन रोजेको थिएँ । युद्ध लड्ने रहरले नै पल्टन रोजेको पनि होइन । पछिल्ला समयमा विभिन्न देशहरूमा युद्ध भए । जस्तै : बोज्निया, इराक, सियरालियोन, इन्डोनेसियाको इस्ट टिमोरमा । ती देशहरूमा कुनै न कुनै रूपमा गोर्खाली फौज सहभागी भयो तर हाम्रो पल्टनका कम्पनीहरू केही युद्धमा शान्ति सेनाको रूपमा समेटिएको थियो तर मेरो पालो आएन । फोक्ल्यान्ड बाहेक

अन्य देशमा भएको युद्धमा प्रायः शान्ति सेनाको रूपमा सहभागी थिए गोर्खालीहरू । जसमा खतरा उस्तै भए पनि लडाकु नै चाहिँ कोही पनि हुनु परेन । ज्यान भने गुमाए केहीले । आफ्नो सहभागितामा कहिले खल्लो पनि लाग्थ्यो तर अहिले आएर कुनै पश्चाताप छैन यसमा । युद्ध नगरे पनि युद्ध जतिकै अनुभवहरू सँगालिएकै छन् । त्यति नै रूपमा गोली पड्काइयो । खाई-नखाई रातभर के खपिएको छैन । कुनै दिन लेखिएला त्यो पनि ।

लाहुरे जीवनको पेन्सन बाँकी जीवनको आर्थिक आधार हो नै । हाल यही आधारमा टेकेर अडिएको छु । यही आधारमा उभिएर जागिर छोडेँ । बेलायतको आवासीय भिजा प्रयोग गरिएको छैन । यसका बावजुद अबको जीवनको लगानी समाजको लागि गर्ने भन्ने हो । हाल यो समाजलाई, देशलाई र यो यथासम्भव विश्वलाई नै केही योगदान गर्न सकिने दार्शनिक आधारहरू देखिएकोले प्रेमवादको माध्यमबाट भावी पिँढीहरूका लागि बाँकी जीवनको योगदान पुऱ्याउने क्रममा रहेको छु ।

**१४. साहित्य प्रवेशको प्रथम सृजना कुन हो र कहिले, कुन पत्रिकामा प्रकाशित भएको थियो ? फुटकर प्रकाशित सृजनाहरू कति छन् ?**

उत्तर : पाँच कक्षामा पढ्दा घर, आकाश, झण्डा, आमा आदिको विषयमा तुकबन्दी तरिकाले खुब कविता खुल्थ्यो । तर ती कविताहरू मेरो सङ्कलन बाहिर परे । लाहुरे भएपछि पहिलो छुट्टि आएर हङकङ फर्केपछि मलाई जन्मथलो परदेश जस्तो लाग्यो यही बेला एउटा कविता लेखेर ब्रिगेड अफ गोर्खाको मुखपत्रको रूपमा प्रकाशित हुने **पर्वते** मासिकमा तीन पल्टसम्म पठाउँदा पनि प्रकाशित भएन । प्रकाशित नभएपछि सम्झेँ, यो पनि **पर्वते**लाई क्रान्तिकारी लाग्यो । अनि आफै सम्झेँ र साथीहरूलाई भनेँ- अब **पर्वते**ले मलाई कवि बनाउने भयो । यो सामान्य भावना पनि क्रान्तिकारी ठान्ने कति सानो सोच होला अनि त्यहीबेला मैले कविताको सङ्ग्रह नै निकाल्छु भन्ने सामान्य अठोट लिएथेँ । नभन्दै २०४३ (ई. १९८५) सालतिरको कुरा थियो त्यो र २०५४ सालमा **लाहुरेका दौँतरी कविताहरू** प्रकाशित गरेँ । कविताका आधारभूत शास्त्रीय ज्ञान हुनुभन्दा अगाडिका मेरा यी कविताहरूले एकहदले मलाई साहित्यिक फाँटमा डोऱ्याएकै हो । मेरो प्रकाशित पहिलो कविता यस्तो छ :

**जन्मस्थलको नयाँ परदेशी**

पुर्खाको रगतले लेखिएको इतिहास पनि
पौराणिक दन्त्यकथा भएछ,

त्यही पाइला पछ्याउँदै लम्किएको म
आफ्नै परिचय पाउन बाँकी रहेछ,
दिन, रात, साँझ-बिहान गर्दै
धेरै वर्ष उतै बितिसकेछ,
भोको पेटको सङघर्षै सङ्घर्षमा
जन्मस्थलको नयाँ परदेशी भइ सकिएछ ।

मप्रतिको आमा-बाबुको माया
नाति-नातिनाप्रति ढल्किसकेछ,
उनको र मेरो लज्जालु मुहार पनि
मखमली झैँ .... बनिसकेछ,
काका र बडाबाका कपालले
हिउँको आभास गराउन थालेछ,
परदेशमा पसिना बगाउँदा बगाउँदै
जन्मस्थलको नयाँ परदेशी भइ सकिएछ ।

गाउँ-घरका धेरै पुर्खाहरू
युग जिम्मा लगाउँदै
स्वर्गवास भइ सकेछन्,
बारीका कति बुट्टा-पोथ्राहरू
दाउरामा परिणत भइ सकेछन्
परम्पराले पनि कैयन काँचुली फेरिसकेछ,
गाउँ-घरको माया सम्हाल्दा सम्हाल्दै
जन्मस्थलको नयाँ परदेशी भइ सकिएछ ।

यस्तै रहेछ संसार
कहिले परदेशी र स्वदेशी
यसै गरी बित्यो जीवन पुर्खाहरूको
बिन्ते नै छ, अब उसै गरी
युगलाई जिम्मा लगाउँदै
जन्मस्थलको नयाँ परदेशी भइ सकिएछ ।

सन् १९८५, हङकङ ।

फुटकर प्रकाशित लेख-रचनाहरू सबै गरी अन्दाजी तीन दर्जन जति छन् ।

**१५. तपाईंको व्यक्तिगत स्वभाव तथा रुचि कस्तो छ ?**

उत्तर : म अन्तर्मुखी स्वभावको मानिस हुँ । शान्ति, न्यायप्रेमी मानिस हुँ । निःस्वार्थ सेवा र सृजना मेरो इच्छा हो । यसलाई सधैँ वातावरणले प्रभाव पार्दैन भन्न त सकिँदैन तर मेरो इच्छाको कुरा हो यो । अरुको उन्नतिमा रमाउन सक्ने र युवाहरूमाथि आशा र भरोसा राख्ने गर्छु । प्रेमको दर्शनमा समान र सत्य उन्मुख जीवनमा रमाउने, नयाँ र सुन्दर सृजना मन पराउने मानिस हुँ म ।

**१६. साहित्यप्रति प्रेरणा र प्रभाव कसरी पाउनुभयो ? मनपर्ने साहित्यकारहरू को को हुन् र किन ?**

उत्तर : साहित्यप्रतिको प्रेरणा विशेषतः परदेशको एकाङ्गी जीवनको भावनात्मक लहरहरू साथै सैनिक जीवनको असन्तुलित व्यवहार र आफ्नो नजरमा देखापरेका खराब र अनौठो विश्वको वातावरणीय विषयहरूले नै ल्याएको हो । ती विषयहरू जसको पोल खोल्न मैले कवितालाई माध्यम बनाएँ । त्यो नै प्रेरणाको रूप हुन गयो ।

कुनै हदमा प्रमोसनलाई भन्दा बढी महŒव दिएर कविताको बाटो बनाएँ । ती विषयहरूलाई हेर्नसक्ने र लेखेका कुराहरूलाई सुझाउ र सल्लाह दिएर प्रेरक बन्नुहुने काका पदम राई हुनुहुन्छ । पहिलो पटक कविता सङ्ग्रह प्रकाशन गर्दासम्म उहाँको ठूलो हात छ । प्रकाशनको विषयमा सहयोग गर्नुहुने प्रेरक साडुभाइ पर्शु राई रहनुभएको छ । पछिल्ला दिनहरूमा स्वर्गिक सन्देशका सम्पादक किरण राई पनि अर्को प्रेरक हुनुभयो । कुनै समयमा पढेका कविताहरूको भाव बुझिएन, शब्दको अर्थ बुझिएन र यसले पनि मनमा पढ्नु र लेख्नुपर्छ भन्नेतर्फ उर्जा थप्यो । कुनै समयमा साथीभाइहरूले दिएका सल्लाह र सुझाउ, गाली, खिसी पनि प्रेरणा नै हुने रहेछ ।

भावना सबैको बराबर नै लाग्छ यद्यपि भूपि शेरचनका कविताहरू अत्यन्तै सुन्दर र सरल लाग्छन् र कविको रूपमा म उहाँलाई असाध्यै मनपराउँछु । उहाँको शैली मलाई मेरो दिल छुने लाग्छ । उहाँको त्यो शैलीले पनि कविता लेख्न मनपऱ्यो । त्यसैगरी पवन चाम्लिङ 'किरण' का कविताहरू पनि मनपराएको छु । लामालामा कविताहरूमा कवि 'शयली' (मेरा प्रधानाध्यापक गुरूप्रसाद राई) को राम्रो लाग्छ । नयाँ कविहरूमा श्रवण मुकारुङ, रक्ष राई आदिका कविताहरू शैली र संयोजनको आधारमा मनपर्छ । निबन्धमा युवराज नयाँघरे र डा. तारानाथ शर्माको मनपर्छ । प्रकाश कोविदका उपन्यासहरू धेरै पढियो । पढेको बेला

खुबै रमाइलो लाग्थ्यो । कृष्ण धरावासी, नारायण वाग्ले, मुलीवीर राई लगायतका उपन्यासहरू मनपर्छ । डा. इन्द्रबहादुर राईका कथाहरू राम्रा लागेका छन् भने भूपाल राई, वीरेन्द्र राईका गीतहरू सुन्दर लाग्छन् आदि ।

**१७. साहित्यलाई कसरी बुझ्नुहुन्छ ? समाज र राजनीति रूपान्तरणमा साहित्यको भूमिका हुन्छ ?**

उत्तर : साहित्य समाजको ऐना हो । समाजमा भएका असल र खराब दुवै विषयलाई साहित्यले छर्लङ्ग्याइ दिन्छ । उठाइएका विषयहरू स्पष्ट बुझाएर मानिसको भित्रैबाट सुधार, विकास वा ग्रहण गर्ने भावहरू जगाइदिन्छ । समाजमा भएका घटना परिघटनाहरूको इतिहास साहित्यको रूपमा रेकर्ड भएर रहन सक्छ ।

साहित्य मनोरञ्जनात्मक पाटो हो । मनोरञ्जनात्मक ढङ्गबाट लेखिएका विषयहरू मानिसले सहज रूपमा ग्रहण गर्दछन् । तर, सबै ग्राह्य हुन्छन् भन्ने होइन । भाषाको विकास साहित्यबाट नै हुन्छ । नयाँ र असल सृजना हुनु भाषाको प्रचार हुनु हो । एउटा ठाउँ वा समाजको दर्शन अर्को ठाउँ वा समाजमा स्थानान्तरण गर्न पनि साहित्यको ठूलो भूमिका रहन्छ ।

साहित्य जति गहन हुनु आवश्यक छ त्यति नै सरल पनि हुनुपर्छ जसले गर्दा सबैले सहज रूपमा बुझ्न सक्छन् । साहित्यको महŒव यसको शैली, संयोजनका साथै रूप र भावमा भएको गहनताले राख्दछ जस्तो लाग्छ । साहित्यमा दर्शनको आधार हुन्छ नै । सर्वोत्तम दर्शनको आधारबाट नै साहित्य विश्वप्रख्यात हुन्छ भन्ने मेरो ठम्याइ छ ।

साहित्यबिनाको समाज पक्कै पनि नुनबिनाको तरकारी वा चिनीबिनाको चिया जस्तो हुन्छ । साहित्य राष्ट्रको गौरव हो तर राष्ट्रले गौरव गर्न त्यस प्रकारको लगानी, संरक्षण र संवर्द्धन पनि उत्तिकै रूपमा गनुपर्ने हुन्छ तर त्यसको कमी देखिएको छ ।

समाज र राजनीति रूपान्तरणमा साहित्यको ठूलो भूमिका छ । गाउँघरमा विशेष गीति साहित्यले यो स्थान ओगटेको देखिन्छ । प्रचार वा प्रसारणका माध्यमको कारण पनि यसो हुन गएको हो । गाउँघरको लागि रेडियो नै एउटा सरल माध्यम भएको र त्यसबाट कविताभन्दा धेरै गीत नै बज्ने हुँदा सबैले सहज र सरल रूपमा सुन्न सक्दछन् । यसरी सुनिने नयाँ गीतहरू गोठाला, खेतालाहरूले गाउनुका साथै मेलापात र गोठहरूमा छलफल र अन्तर्क्रियाहरू गर्ने गर्दछन् । साहित्यिक कार्यक्रमहरू पनि रेडियोबाटै सुनिने गरिन्थ्यो

पहिले । यस प्रकारका कार्यक्रमहरूले मानिसमा नदेखिने र नमेटिने छाप छोड्दछन् । यसले सुन्ने मानिसहरूलाई केही न केही सोच्न बाध्य बनाएको हुन्छ । सोचले मानिसलाई विकासको गतितिर धकेल्दछ । साहित्यले मानिसलाई आनन्दित बनाउँछ, ज्ञान दिन्छ, उत्साह जगाउँदछ, पोल खोल्छ, उर्दी लगाउँछ, सचेत गराउँछ, खबरदारी गर्छ, दिमाग मन्थन गरिदिन्छ । समाज एक व्यक्तिबाट निर्माण हुन्छ र हरेक व्यक्तिमा आएको रूपान्तरणले समाज रूपान्तरणमा महŒवपूर्ण भूमिका खेल्दछ ।

**१८. साहित्य सृजनामा प्रचलित मिथक, बिम्ब, प्रतीक, उखान र टुक्काको प्रयोग पाइनुका साथै सैन्य आप्रवासी र जनजातीय जीवनका बिम्ब, प्रतीक र मिथकहरू पनि पाइन्छन्, यसलाई तपाईंको गुण र विशेषता भने हुन्छ ?**

pQ/ M dflg;sf] u'0f / ljz]iftf l:y/ 5}g / x'Fb}g . ;do / kl/l:yltsf] axfj;Fu} Tof] klg kl/jlt{t x'g;S5 . cj:yfn] kl/jt{g Nofpg ;S5 . dflg;sf] z/L/ kftnf] eP klg p;n] tflnd lnof] eg] pm ;'ul7t aGg ;S5 . ca p;sf] u'0f jf ljz]iftf kftnf] ls ;'ul7t eGg] < g]kfndf bf}/f ;'?jfn nufOG5, g]kfnL af]lnG5 eg] cd]l/sf k'luof] eg] kf]zfs / efiff k]ml/G5 . o;/L g} dw];sf] d}bfgdf dw];L ldys / laDax¿ k|of]u x'G5g\ eg] lxdfnL e]udf /x]sf] cj:yfdf To; 7fpFs} pvfg6'Ssfx¿sf] k|of]u x'G5 . d hghftLo / lxhf] ;}lgs ePsf]n] To; k|sf/sf] k|of]u ePsf] xf] . dleq hghftLo k|efj a9L ePsf]n] k|of]ux¿ hghftLo klfsf] a9L x'g ;S5g\ . t/ Tof] g} u'0f / ljz]iftf xf] eGg ldNb}g h:tf] nfU5 . k|f/lDes r/0fdf n]Vbf ePsf] k|of]u dleq h] lyof] ToxL g} xf] . t/, tof] :yfoL u'0f jf ljz]iftf eg] xf]Og .

**!(= tkfO{+n] k|fKt u/]sf ;Ddfg, k'/:sf/, k|sflzt s[lt / ;Dkflbt kqklqsfx¿sf] gfdfjnL k|:t't ul/ lbg'xf];\ g .**

pQ/ M d}n] s'g} ;Ddfg k|fKt u/]sf] 5}g . clxn];Dd d ;Ddfgof]Uo ePsf] 5}g . ;Ddflgt x'g d}n] w]/} ug'{kg]{ x'G5 .

n]v]/ ;Ddfg kfpg' ;xh nfUb}g dnfO{ . n]v]/ ;Ddfg kfpg'k5{ g} eGg] dfGotf klg d /flVbgF . t/ d]/f] oxL cj:yfdf olt 7"nf] ;Ddfg u|x0f ub}{5' . lq'ejg ljZjljBfnoaf6 l;kmfl/; ul/P/ n]lvg] JolQmTj / s[ltTj d]/f nflu 7"nf] ;Ddfg xf] . o;sf] nflu tkfO{+ / 8f= vu]Gb| n'O6]nnfO{ wGojfb lbG5' .

k'/:sf/sf] xsdf la|l6; kmf];]{; a|f]8sfl:6ª skf]{/];g -laPkmlaP;_ /]l8of]dfk{mt ;~rflnt …OGb|]0fLÚ k|ltof]lutfdf k|yd k'/:sf/ -l6–;6{_ k|fKt u/]sf] lyPF . Tof] sljtf o:tf] 5 M

**k|Lt glbP x'G5**

Ct' ablnFbf g?g] Gofx'nLn]
;fFemdf g/dfpg] nf6f]sf];]/f]n]
/, /ftdf grDsg] tf/fx¿n]
nfx'/]nfO{ k|Lt glbP x'G5 .

en–klx/f] gyfDg] afFwx¿n]
l/ª\u6f 3'Dg] lsgf/x¿n]
/, ufx|f gyfDg] r/x¿n],
nfx'/];Fu k|Lt gufF;] x'G5 .
t/ ===
;ª\3if{sf] ulx/fOdfly
Hjf/ef6f;Fu} kf}8g] sf]xL eP
p;}sf] nfx'/]sf] cfTdlaGb' 5'g;S5
pm g} Pp6f Oltxf;sL cfdf x'G5] .

BFBS ब्रुनईको ‘इन्द्रेणी प्रतियोगिता
सन् १९९५ मा प्रथम पुरस्कार प्राप्त ।

प्रकाशित कृतिहरू **लाहुरेका दौँतरी कविताहरू** (२०५४) र **लाहुरेका दौँतरी कविताहरू** (परिमार्जित संस्करण, २०६८) हो । अन्य सङ्ग्रहहरू चाहेर पनि प्रकाशित गर्न सकिएको छैन । धेरै तयारी भएको कथा सङ्ग्रह **याङ्जी र चराहरू** हो । कविता र गीत छुट्टाछुट्टै ५०/५० जति तयार छन् । नियात्रा २० जति छन् ।

मैले कुनै पनि पत्रिका सम्पादन गरेको छैन । 'स्वर्गिक सन्देश' मासिक ( हेभेन्ली/निर्वाणा पाथ नेपालको मुखपत्र) को संयोजन, व्यवस्थापन र सञ्चालन गरेको छु ।

**२०. तपाईं विभिन्न सङघसंस्थामा आबद्ध हुनुहुन्छ, यसको विवरण मितिसहित उल्लेख गरिदिनहुन्छ ?**

उत्तर :

| | |
|---|---|
| क) ब्रिटिस गोर्खा एकेडेमीको संस्थापक सदस्य | - २०४८ देखि वर्तमानसम्म |
| ख) ब्रिटिस गोर्खा अध्ययन अनुसन्धान केन्द्रको सह-सचिव | - २०५९ देखि २०६१ सम्म |
| ग) हेभेन्ली/निर्वाणा पाथ नेपालको संस्थापक महासचिव | - २०६१ देखि हालसम्म |
| (घ) निर्वाणिक कला केन्द्रको संस्थापक | - २०६८ देखि वर्तमानसम्म |
| ङ) निर्वाणिक मिडिया सेन्टरको व्यवस्थापक | - २०६८ देखि वर्तमानसम्म |
| च) लभिजम सोसाइटी नेपालको उपाध्यक्ष | - २०६९ देखि वर्तमानसम्म |

**२१. तपाईंको व्यक्तिगत जीवन दर्शन कस्तो रहेको छ ?**

उत्तर : सृजनात्मक परिश्रम गर्ने । समान एवम् न्यायिक रूपमा रहने । खुसी र आनन्दित रहने । सबैखाले अन्धविश्वासबाट मुक्त जीवन, विभेदरहित व्यवहार, निस्वार्थ, एवम् सामान्य रहनसहन र असल विचार सहितको जीवन मेरो चाहना हो । सत्यमा आधारित सबैसँग प्रेममयी सुमधुर सम्बन्ध र यथासम्भव विचार, वचन र कार्यको सन्तुलित जीवन नै मेरो जीवन दर्शन हो ।

**२२. तपाईंको जीवन कसरी बिताउनुभएको छ ?**

- जागिर छाडेँ । बेलायत स्थानान्तरणको प्रक्रिया रोकेँ । हेभेन्ली/निर्वाणा पाथमा प्रेमवादी यात्रीको रूपमा रहेर प्राणप्रिय सन्तानहरूका लागि उनीहरूको लागि भरपर्दो समाज निर्माणमा सानो सहयोगीको भूमिकामा पूरा समय दिइरहेको छु । यसमध्ये सृजना एउटा मुख्य पक्ष रहेको छ ।

**२३. तपाईंको साहित्य र धर्मसम्बन्धी निकट सम्बन्ध रहेको बुझिन्छ, यसबारे केही प्रष्ट बताइ दिनुहोस् न ।**

उत्तर : निकटता साहित्य र धर्मको होइन, साहित्य र दर्शनको, साहित्य र अध्यात्मको हो । हेभेन्ली/निर्वाणा पाथ अङ्ग्रेजी भाषामा प्रयोग हो, स्वर्गिक मार्ग नेपाली भाषाको प्रयोग र

निर्वाणा पाथ पाली भाषाको प्रयोग हो । तर यो तीनै वटाको अर्थ एकै हो । यो पाथ धर्म होइन अध्यात्म र दर्शन हो । अध्यात्म आकाश जस्तै हो भने धर्महरू जूनतारा जस्तै हुन् । एउटा आकाशमा अनगिन्ती जून र ताराहरू छन् । अध्यात्म फराकिलो हुने रहेछ र धर्महरू त्यसका विपरीत सावित भएका छन् । हामी स-साना ताराको पछि नरहेर सिंगो आकाशको फैलावटमा खेलिरहेका छौँ । प्रेमवाद यही फैलावटको एउटा प्रमुख दर्शन हो । दर्शनलाई समाजमा स्थापित गर्न साहित्यको ठूलो भूमिका रहने भएकोले अहिले यो दर्शनलाई समाजमा स्थापित गर्न साहित्य सृजना गरिरहेका छौँ । त्यसैले मेरो साहित्यमा प्रेमवादी दर्शन पाइन्छ । यसमा प्रेमवादी दर्शनको शृङ्खला नै तयार गर्नु पर्छ कि भन्ने सोचमा पनि चिन्तनशील रहेका छौँ ।

**२३. प्रेमवादी दर्शनबारे केही बताइदिनुहोस् न ।**

उत्तर : आफूले आफैलाई प्रेमले प्रेम गर्नु र आफूले आफूलाई प्रेम गरेजस्तै अरूलाई पनि प्रेमले प्रेम गर्नु नै प्रेमवादी दर्शन हो । आफूले आफैलाई प्रेम गर्नु भनेको आफूलाई हानि हुने विचार, वचन र कार्य नगर्नु हो । त्यसै गरी मानव लगायत सृष्टिका सम्पूर्ण प्राणी, वनस्पति र ईश्वरलाई पनि सोही अनुरूप व्यवहार गर्नु प्रेमवादी दर्शनअन्तर्गत पर्दछ ।

**२४. स्वर्गिक मार्ग सम्बन्धि स्पष्ट केही बताइ दिनुहोस् न, सम्पूर्ण जीवन भोगाइ यही राख्ने जमर्को गर्दै हुनुहुन्छ ?**

उत्तर : हजुर ! अबको जीवन हेभेन्ली/निर्वाणा पाथ वा स्वर्गिक मार्गकै हो । कुनै पनि जीवन बिना हेभेन्ली/निर्वाणा पाथ रहन सक्छ तर कुनै पनि जीवन हेभेन्ली/निर्वाणा पाथ बिना रहन र पूर्ण हुन सक्दैन भन्ने लागेको छ । जीवनहरूको विकल्प हेभेन्ली/निर्वाणा पाथ नै हो । अनन्त यात्राबाट घर फर्कने मूलबाटो हेभेन्ली/निर्वाणा पाथ नै हो । यात्रामा क्षणिक बास बस्ने स्थान सुधार्ने विकल्प पनि यही मात्र देख्छु । यो मात्र एउटा निर्विकल्प विकल्प हो । अर्थात् यो धर्तीलाई स्वर्गतुल्य बनाउने र त्यही कार्यको बार समातेर स्वर्ग पुग्नु हेभेन्ली/निर्वाणा पाथले देखाएको बाटो सर्वोत्तम छ । प्रत्यक्ष रूपमा प्रेम नै त्यो भरलाग्दो बार हो, बाटो वा दर्शन हो जसलाई समातेपछि कतै लडिँदैन । दर्शनहरूका पनि निचोड दर्शन हो प्रेमवाद । अहिले नै सबैले यो कुरा वा दर्शन नबुझे पनि बुझिसकेपछि मानिसले कहिल्यै त्याग्ने छैन । यही नै मेरो स्पष्ट धारणा र मेरो समर्पण पनि । धन्यवाद ।

...........................

प्रेम रिबुसाल

सुनाकोठी-२, ललितपुर

## सन्दर्भसामग्री सूची


तेम्बे, मिजास र काङमाङ, नरेश (सम्पा.), **सीमाहीन बिम्बहरू,** बेलायत : नेपाली प्रतिभा प्रकाशन, २०६३ ।

पौडेल, दुर्गा, **हरिभक्त बुढाथोकीको जीवनी, व्यक्तित्व र कृतित्व,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०६५ ।

राई, पुरण, **नेपाली साहित्यमा ब्रिटिस गोरखा सैनिक साहित्यकारहरूको योगदान,** अप्रकाशित शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०६८ ।

......., डायास्पोरा : **डायास्पोरा : लाहुरे स्रष्टा र कविता,** काठमाडौँ : डायास्पोरा अध्ययन प्रतिष्ठान, २०६९ ।

......., *लाहुरे साहित्य : एक सर्वेक्षण,* **साब्लाबुङ,** (वर्ष २, अङ्क ४, सन् २०११), पृ. ४३ ।

........, *लाहुरे कविता यात्रामा आप्रवासी जीवनको बिम्ब,* **राबासावा अनुसन्धानमूलक** (जर्नल-१, २०६८), पृ. ७५ ।

राई, भिम 'विरही' र अन्य, (सम्पा.), **परदेशी बिम्बहरू,** साहित्यिक वार्षिक, (वर्ष ४, अङ्क ३,४, २०६८/०६९), पृ. ३१७ ।

रिबुसाल, प्रेम, **लाहुरेका दौँतरी कविताहरू,** काठमाडौँ : स्वयम्, २०५४ ।

........., **लाहुरेका दौँतरी कविताहरू,** काठमाडौँ : लाजिहाङ, २०६८ ।

........., **याङ्जी र चराहरू,** काठमाडौँ : मिर्मिरे प्रकाशन सूमह, २०६९ ।

........., **अतृप्त यात्राका अनुभूति,** काठमाडौँ : मिर्मिरे प्रकाशन समूह, २०७० ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद, **शोधविधि,** दोस्रो संस्करण, ललितपुर : साझा प्रकाशन, २०५५ ।

लुइटेल, खगेन्द्रप्रसाद, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास,** काठमाडौँ : ने.रा.प्र.प्र., २०६० ।

........., **कविताको संरचनात्मक विश्लेषण,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६२ ।